**पावल-तिमोथी गोठालाको अध्ययन-व्यवस्थापन, सी. 5 ए.**

# येशू अनि उहाँका प्रेरितहरुले एउटाले अर्कोलाई कसरी प्रेम दर्शाउने प्रकट गर्दछ।

नानीहरुलाई सिकाउनेले अध्ययन सी. 5 बी. पढ्नु पर्छ।

**1. माण्डलीक 'समूह जीवन' को उपभोग गर्नमा मदद गर्नलाई तपाईको मनलाई तयार गर्नु।**

तपाईको मण्डलीलाई "ख्रीष्टको शरीर" भन्दछन, किनभने... ख्रीष्ट शरीरको शिर हुनुहुन्छ, एफिसी 5:23.



**कोहि विश्वासीहरुलाई आत्माहरु छुटयाउने वरदान छन् ती हाम्रा आखाँहरु हुन्, 1 कोरिन्थी 12:10**

**कसैसित शिक्षाको आत्मिक वरदानहरु छन्, त्यो शरीरको मुख हो, एफिसी 4:11-12**

**पवित्र आत्माले सबै विश्वासीहरुलाई ख्रीष्टको विश्वव्यापी शरीरमा राख्दछन्, 1 कोरिन्थी 12:13,27**

**जससित सेवा गर्ने आत्मिक वरदानहरु छन् ती हाम्रा हातहरु हुन्, 1 कोरिन्थी 12:5।**

**प्रचारक अनि प्रेरितहरु झैं ती वरदानहरु खुट्टाहरु हुन्, जसले त्यागीएका मानिसहरुमा सुसमाचार पुरयाउँदछन्, रोमी 10:15, एफिसी 6:15।**

एफिसी 4:11-16 पढौं अनि परिणाम पत्तो लगाऊँ कि परमेश्वरले हामीले वरदानहरु प्राप्त गरेको चाहनुहुन्छ,

- यदि कसैले शिक्षाको वरदानलाई सदूपयोग गर्छन् भने, तब परिणाम के हुदँछन्? (पदहरु 11 र 12)।
- यदि एउटा शिक्षकले जानकारी मात्र दिंदछन् भने, तब विश्वासीहरुले सेवकाइहरु गर्नलाई मदद दिनमा तिनी चुक्दछ जो परमेश्वरले शरीरलाई सुधार गर्न चाहनुहुन्छ। हर-एकले गरेका सेवकाइको अन्तिम उद्देश्य परमेश्वरको के हो? (पद 13)।
- यदि कोहि ख्रीष्टको पूर्णताको कदको पाको हुँदैनन्, जसरी परमेश्वरले हाम्रा सेवकाइहरुको परिणाम चिताउनु हुन्छ, तब हाम्रो शरीरलाई के हुन सक्छ? (पद 14)
- दुधेबालकहरु झैं रहनु भन्दा जसले सँधै नयाँ झकहरुको अनुसरण गर्दछ, विश्वासीहरु एकसाथ काम गर्नुपर्छ, जसरी हाम्रा शरीरका विभिन्न अंगहरुले एक-दुस्राको निम्ति काम गर्दछ। कसले शरीर भित्र यस्ता पारस्परिक क्रियामा उचित सम्बन्ध बनाउँछ? (पदहरु 15 र 16)

विश्वासीहरुले ख्रीष्टको समन्वित अधीन भित्र एक-दुस्रोका सेवा गर्न आफैलाई साधन गर्नैपर्छ। रोमी 12 अध्याय पढ्नोस् अनि नयाँ नियममा वर्णन गरे अनुसार सेवका गर्नलाई तिनीहरु आफैलाई कसरी साधन गर्न सक्दछन् पत्तो लगाउनु होस्।

- त्यो के हो जसलाई विश्वासीहरुले तिनीहरुको वरदानहरु उचित आत्मामा प्रयोग गर्न परमेश्वरलाई परिवर्तन गर्न दिनैपर्छ? (पद 2)
- एका-दुस्रा' भन्ने आज्ञाहरुलाई एका-दुस्रामा परस्पर सेवा गर्नलाई अभ्यास गरौं।
- परमेश्वरले विश्वासीहरुलाई विधि तरिकाले एका-दुस्राको सेवा गर्नलाई नयाँ नियममा पचास पल्ट भन्दा ज्यादा

आज्ञा गर्नु हुन्छ, शिक्षा दिंदै, एक-दुस्रालाई वलियोपार्दै र सान्त्वना दिंदै, एउटाले, अर्कोको बोझ उठाँउदै, सच्च्याउँदै अनि एका-दुस्रालाई क्षमा गर्दै एक-दुस्रासित हाम्रा मूलहरु मानीलिंदै अनि अरु यस्तै।



- देब्रेतर्फ दिएका उदाहरणहरु पढ्नुहोस् अनि त्यायँ तर्फ 'एक-दुस्रा' को आज्ञा सित मिल्नेको छेऊमा देब्रेपट्टिको वर्ण लेख्नुहोस्।

| | |
|---|---|
| **(क) उत्पत्ति 33:1-10 एसावले आफ्नो भाई याकूबलाई, जसले तिनीहरुका पिताको आशिष चोरेका थिए, उत्पत्ती 27 अध्याय, भार्न चाहेको धेरै वर्ष पश्चात!** | **एउटाले अर्कोलाई सिकाउ, रोमी 14:14, कलस्सी 3:16** |
| **(ख) नहेम्याह 4:16-21। यहूदीहरु जो बेबिलोनबाट फर्केर आएका थिए यरुशलेमको पर्खालहरु मरम्मत गर्नलागेका थिए।** | **एका-दुस्रा सित काम गर्नु, 1 कोरिन्थी 3:9 2 कोरिन्थी 6:1** <br> **एउटाले अर्कोकके निम्ति प्रार्थना गर, याकूब 5:16** |
| **(ग) प्रेरित 18:24-28** | **एउटाले अर्कोलाई क्षमागर, एफिसी 3:13, 4:32, कलस्सी 3:13,** |
| **(घ) कलस्सी 1:1-4 र 4:2-4** | |

(उत्तरहरु : क=क्षमा। ख=सित काम। ग=शिक्षा। घ=प्रार्थना)।

- पी.टी.एल.टी. दस्तावेज सी. 4 इ. परमेश्वरको परिवारमा एका-दुस्राको सेवा गर शीर्षकमा 'एका-दुस्रा' आज्ञाहरु पचास पटक भन्दा कड़ीमा देखा पर्दछ।

**2. विश्वासीहरुले साता भरी एका-दुस्रालाई कसरी सेवागर्ने योजना बनाउने।**

**स्थानीय रिवाज अनि खाँचोहरुमा मिल्ने गरी गतिविधिहरु चुन्नहोस्। उदाहरणको निम्ति :**

- एउटाले अर्कोको घर भ्रमण गर्नुहोस्, प्रार्थना गर्न, परामर्श दिन अनि एक-दुस्राको सेवा गर्नलाई।
- रोगी वा शोकित भएकालाई भेट गर्नुहोस् अनि तिनीहरुसित प्रार्थना गर्नुहोस्।
- तपाईको घरमा अरुलाई अतिथि-सत्कार जनाउनुहोस्। कसै कसैले थाहै नपाएर स्वर्गदूतहरुको स्तकार गरेका छन्। (हिब्रू 13:2)
- सम्बन्धहरु बड़ाउनलाई मानिसहरुको निम्ति भोजन अनि भेटघाटको आयोजन गर्नुहोस्।

- योजनाहरुमा एकसाथ मिलेर काम गर्नु जसले समुदायलाई फायदा गर्दछ।
- आउँदो उपासनाको समयमा वचनको छलफल अनि स्तुति गान गर्नलाई जवानहरुको निम्ति समय मिलाउनुहोस्।
- जनहरुलाई पदयात्रा वा थोरै दिनको यात्रामा लानुहोस्।
- खेलकुद वा घरभित्रको खेलहरु विशेष गरेर जवानहरुको निम्ति प्रबन्ध गर्नुहोस्।
- जन-साधारणहरुको घर मरम्मत गर्न वा तिनीहरुका आवश्यक्ताहरु पुरा र्गनमा भदद गर्नुहोस्।

**3. उपासनाको समयभरी एका-दुस्राको सेवा गर्न विश्वासीरुलाई भदद गर्ने।**

हामीले जन-साधारणलाई घेरै प्रकारले उपासनाको समयमा एका-दुस्रा प्रति सेवा पुरयाउनमा मदद गर्नसकछौं। ती तरिकाहरुलाई मात्र प्रयोग गर्नुहोस् जसले जनसाधरणको पृष्ठभूमि अनि तपाईको झूण्डलाई उपयुक्त ठहरिन्छ। यी उदाहरणहरुलाई लिनुहोस्।

- कुनै कुनै मण्डलीहरुका स-साना झूण्डहरु साता मरी भिन्दा-भिन्दै समयहरुमा भेट्दछन्, जसले गर्दा सवैले भाग लिनलाई समय पाउन सक्छन्। अरुहको हप्तामा एकै पल्टमा लाभो सभा हुन्छन्। यस्ता परिस्थितीमा गर्नुपर्छ। मुख्य उपासनाको समयमा विश्वासीहरुले तिनीहरुको साक्षीहरु दिनु पर्छ कि तिनीहरुले ख्रीष्टलाई कसरी चिने, चंगाइ पाए, अनि मण्डलीलाई चाखलाग्ने अरु विषयहरुलाई प्रकाशमा ल्याउन पर्छ।

**4. आउने उपासनाको समयको योजना तपाईको सहकर्मीहरुसित बनाउनुहोस्।**

श्रेणी-1 गर्दै-गर्दा बाइबलबाट तपाईले के सिक्न भयो बुझाउनु होस्।

- हामीलाई किन ''ख्रीष्टको शरीर'' भन्दछन्।
- एफिसी 4:11-16 ले सबै सेवकाइहरुबाट परमेश्वरले आशा गरेका परिणाम बारे के प्रगट गर्दछ।
- सुन्दर सेवाको निम्ति त्यार पार्नलाई आवश्यक विषय हाम्रो हृदयहरुलाई परमेश्वरलाई परिणत गर्नदिनु (रोमी 12:1-2)।
- जसै हामी एका-दुस्राको सेवा गर्दछौं परमेश्वरले 'एका-दुस्रा' पारस्पारीक क्रिया चाहनु हुन्छ।

नानीहरुले तयार पारेका नाटक मण्डलीका प्रौढ़हरुको निम्ति प्रस्तुत गर्न लगाउनु होस् अनि त्यसैबाट प्रश्नहरु पनि प्रौढ़हरुलाई गरुन्।

यूहन्ना 13:34 कण्ठस्थ गर्नुहोस्।

तपाईको योजना अनुसार साता भरी गरिने गतिविधि तयार पार्नुहोस् अनि त्यस बारे सुचित गर्नुहोस्।

प्रभुभोज परिचय दिनलाई, येशूको अत्ति महत्वपूर्ण संगती उहाँका चेलाहरुसित उहाँको मृत्यु अघिको अन्तिम रात थियो। तिनीहरुले यहूदीवासीका निस्तार खाँदेथिए, पुरानो नियमको एक अत्ति पवित्र भोज। हामी अब यस भोजलाई प्रभुभोज भनी मनाउछौं-बुझाउनुहोस्।

दुइ वा तीनको झूण्डमा एका-दुस्रालाई मदद गरुन्, तिनीहरुलाई प्रार्थना गर्नदिनु होस्, तिनीहरुका योजनाहरुलाई पक्का गरुन् अनि एउटाले अर्कोलाई उत्साहित पारुन्।

# परमेश्वरले हामीलाई गोठालाहरु दिनुहुन्छ

हाम्रा गोठालाहरुले हामीलाई एका-दुस्राको सेवा गर्न अनि प्रेम गर्न अनि प्रेम गर्नमा मदद गर्दछन्।

**प्रार्थना :** ''हाम्रा बुवा, हाम्रा मित्रहरुको निम्ति तपाईलाई धन्यवाद टक्रयाउछौं जसले येशूलाई पनि प्रेम गर्दछ। हामीले अरुको सेवा गरेर तपाईको सेवा गर्नमा हामीलाई मदद गर्नुहोस्। येशूको नाममा, आमेन।''

ईश्वरीय गोठालाहरुले कमजोड़ अनि हराएका लोकहरुको कसरी हेर-विचार गर्दछन्, लूका 15:1-7 मा पाउँदछौं।

जाती गोठालाको कथा सुनाउनुहोस्। शिक्षक वा ठूला नानीले जाती गोठालाको कथा लूका 15:177 बाट सुनाउन लाउनुहोस्।

**प्रश्नहरु**। नानीहरुलाई यी तलका प्रश्नहरु सोध्नुहोस्, अनि तपाईले उत्तर दिन भन्दा अघि तिनीहरुलाई उत्तर दिनलाउनुहोस्।



- येशूका कुराहरु सुन्न इच्छा गर्ने मानिसहरु को थिए? (बुझाउनु होस् कि येशू यस पृथ्वीमा छँदा, कर उठाउनेहरु अत्यन्त दुष्ट मानिसहरु थिए)।
- येशूको डाह गर्ने मानिसहरुको थिए? (बुझाउनुहोस् कि फरिसीहरु बाहिरी तौरले धार्मिक थिए, किनभने मानिसहरुले तिनीहरुको प्रशंसा गरुन भन्ने इच्छा गर्दथे, तर भित्री रूपमा, तिनीहरुको हृदयभित्र, धेरै जना दुष्टहरु थिए)।
- जब गोठालाले भेड़ाहरु गत्ती गर्नलागे तब कत्तिबाट भेड़ा हराएका थिए?
- हराएको एउटा भेड़ाको निम्ति गोठालाले के गरे?
- हराएको भेड़ा केला पारेपछि गोठालाले तिनका मित्रहरु र छिमेकीहरूसित के गरे?

हराएको भेड़ाको कथालाई नाटकीय रूप दिनुहोस्। त्यसको अभ्यास गर्नुहोस् अनि उपासनाको समयमा प्रौढ़हरुलाई प्रस्तुत गरी दिऊन।

- एक जना ठूलो नानी वा प्रौड़ले गोठालाको पाठ गरीदिऊन।
- रहल नानीहरुले छिमेकी (दुइ जना), भेड़ाहरु अनि हराएको भेड़ाको पाठहरु खेलुन्। भेड़ाहरुले बाँ...बाँ! को आवाज गरुन् अनि हात र घुँड़ाको भरमा घस्रेर हिंडनु।

गोठाला, भेड़ाहरु अनि हराएको भेड़ा : कोठाको एक छेउ देखि अर्को छेउ विस्तारै गरी जाने।

**हराएको भेड़ा :** विस्तारी पछि सर्नु, अनि फनक्क फर्केर घखन्दै दुष्टबाट ओझल हुनु।

**गोठाला :**भेड़ाहरुलाई हेनुहोस्, प्रत्येक भेड़ालाई औंलीले देखाउँदै चुपचापसंग गत्ती गर्नोस। कराएर, अरे! एउटा त हराए छ।''

(यताउता हेर्नोस्, दर्शकहरु कहाँ जानोस, तिनीहरुका कुर्सीको वरीपरी घुम्दै, भेड़ालाई बोलाउँदै खोज्नुहोस्)।

**छिमेकीहरु :**(कराएर) ''तपाईले के खोज्दै हुनुहुन्छ?''

**गोठाला :**'' भैले एउटा पाठो गुमाइ पठाएँ। मैंले त्यसको पतालाउनै पर्छ!'' अन्तमा हराएको भेड़ा गएको बाटो जाने

अनि केहि क्षण पछि त्यसलाई लिएर आउने (हुन सक्छ भने बोकेर नै)। खुशिहुँदै छिमेकीहरुलाई भन, ''मैंले गुमाएको भेड़ा पाएँ! आउनुहोस् मसित आनन्द गरौं!''

**छिमेकीहरु :**जोड़-जोड़ले खुशि मनाऊ अनि गोठाला संगसंगै हिड़ेर जाने।

- यो कथाको विषयमा नानीहरुले तयार पारेका प्रश्नहरु प्रौड़हरुलाई सोध्न लाउनुहोस्। माथि दिएका प्रश्नहरु नै तिनीहरुले सोध्न सक्छन्।



एउटा भेड़ाको चित्र बनाउनुहोस्। नानीहरुले तिनीहरुका चित्रहरु प्रौड़हरुलाई देखाऊन अनि पुष्टि गरीदिऊन कि हामी परमेश्वरका भेड़ाहरु हो अनि येशू जाती गोठाला। हुनुहुन्छ जसले हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो।

कविता। चार जना नानीहरुले भजन संग्रह 78 को 2,4,52 र 72 पदहरुलाई प्रौढ़हरुको निम्ति उपासनाको समयमा पाठ गरुन् वा गाऊन्।

उखानमा म मेरो मुख खोल्नेछु,

तादिका अड़कोहरु म भन्नेछु,

ती कुराहरु तिमीहरुका सन्तानबाट, प्रभुको प्रशंसा, र उहाँको शक्ति, उहाँले गर्नुभएका आश्चर्यकामहरु आउँदो पुस्तकलाई सुनाउन हामी लुकाउनेछैनौं।

उहाँले आफ्ना मानिसहरु चाँहि भेड़ाहरुलाई झैं डोरयाउनुभयो। र उहाँले तिनीहरुलाई उजाड़स्थानमा भेड़ा-बाख्राहरुका बयान झैं अगुवाई गर्नुभयो।


अनि दाऊदले तिनीहरुलाई आफ्नो हृदयको इमान्दारीअनुसार चराउनु र आफ्नो हातको निपुणतानुसार तिनीहरुलाई डोरयाउनुभयो।

हराएको सिक्काको उखानलाई प्रदर्शन गर्नुहोस्।



- ठूलो नानीलाई लूका 15:8-10 पढ्न लाउनहोस्। त्यही समयमा एउटी ठिटीलाई तिनले केहि हराएर कोठाको वरीपरी खोज्दै गरेको अभिनय गरुन्।
- पठन सिधिए पछि, ठिटीले एउटा झाडू लिएर कोठा बढ़ाल्छ।
- अचानक तिनले सिक्का फैला पार्दछिन्, झाडू भूँइमा झार्दछ अनि आनन्दले उफ्रन्दछिन्।

यूहन्ना 10:27 कण्ठस्थ गर्नुहोस्। ठूला नानीहरुलाई यूहन्ना 10:27 र 28 कण्ठस्थ गर्नलाउनुहोस्।



**प्रार्थना :** ''बुवा, हामीलाई एक-दुस्राको निम्ति याद गर्न अनि एउटाले अर्कोको निम्ति फिक्री गर्नमा मदद गर्नुहोस् जसरी एउटा गोठालाले आफ्नो भेड़ाहरुको निम्ति फिक्रि गर्दछ।''

# परमेश्वरको परिवार भित्र विश्वासीहरुले एउटाले अर्कोको सेवा गर्दछ

पवित्र आत्माको आत्मिक वरदानहरुले विश्वासीहरुलाई नयाँ नियमको 'एउटाले-अर्को' आज्ञाहरु पुरा गर्न योग्यको तुल्याउछ।



विश्वासीहरु अनि गोठालाहरुले झूण्डहरु निर्माण गर्नैपर्छ जो सक्दोभर सानो होऊन, जसमा प्रत्येकले सेवकाइको भाग लिन सकून अनि एउटाले अर्कोको सुधार गर्न सकूँन्।

विश्वासीहरुले एक अर्कोको सेवा गर्नु छ भनी गलाती 5:13 ले प्रकट गर्दछ। ''तिमीहरु ता स्वतंत्रताको निम्ति बोलाइएका हौ, सो स्वतंत्रता शरीरको निम्तिको मौकामा मात्र प्रयोग नगर, तर प्रेमबाट एक आर्कोको दास बन।'' अरु यस्ता 'एक अर्को' पदहरु बाइबलमा द्येरै नै छन्।

सत्य नयाँ नियमका माण्डलीक शारीरिक जीवनमा विश्वासीहरु स-साना झूण्डहरुमा भेटघाट गर्न आवश्यक छ, त्यसले गर्दा तिनीहरुले परस्पर सम्बन्ध बनाइ राख्न सक्छन् अनि सबैले भाग लिन सकने छन्।

- परमेश्वरको आज्ञानुसार विश्वासीहरुले आत्मिक अनुसाशनभित्र एक-दुस्राको सुन्न पर्छ अनि एक-अर्कोलाई मददगर्नै पर्छ। विश्वासीहरुले एक अर्कोलाई प्रोत्साहन दिनुछ, प्रार्थना गर्नुछ, एउटाले अर्कोलाई दोषहरु मानीलिनुछ, अनि अरु यस्तैहरु।
- अरुहरुलाई वृद्धि गराउन अनि सेवा गर्नमा विश्वासीहरुलाई दिनु भएको वरदानहरुद्वारा मदद गर्नलाई पवित्र आत्माले योग्यको बनाउनुहुन्छ।
- सानो झूण्डमा प्रत्येक विश्वासीहरुलाई बोल्नलाई उत्साह दिनु पर्ने भएता पनि लजालु नयाँ विश्वासीहरु सो गर्नलाई तयार नभइञ्जेल जबरजस्ती गर्नुहुँदैन।
- झूण्ड भित्र अनि झूण्डहरुमाझ नयाँ नियमको गतिशील 'एका-अर्को' आज्ञालाई विश्वासीहरुले अभ्यास गर्नुछ। माण्डली शारीरिक जीवन आफ्नै झूण्डमा मात्र सिमित रहनुहुँदैन्। शारीरिक जीवनलाई विश्वासीहरुले झूण्डहरु माझ पनि अभ्यास गर्नुछ, किनभने सानो झूण्डमा सबै बाइबलका आत्मिक वरदानहरु हुन नसकला। परमेश्वरले प्रत्येक झूण्डका सदस्यहरुलाई प्राय: भिन्दाभिन्दै आत्मिक वरदानहरु प्रदान गर्नुहुन्छ। उदाहरणको निम्ति, यदि तपाईको झूण्ड सुसमाचार पुरयाउनमा कमजोड़ छन् भने, अरु सुसमाचारका विधिहरुको खोजी मात्र नगर्नुहोस्। बरु अर्को मण्डली वा झूण्डबाट एउटा प्रचारकको खोजी गर्नुहोस् जो तपाईलाई मदद गर्न इच्छुक छन्। यसरीनै तपाईको मण्डली र झूण्डले पनि अरुलाई मदद गर्नसक्नुहुन्छ।
- सानो झूण्डमा विश्वासीहरुको पारस्पारिक सम्बन्ध र कार्य असल हुँदछ, यसैले घरहरुमा अनि जहीकहीं विश्वासीहरु भेला हुन सक्छन् त्यहाँ साना मण्डलीहरुको व्यवस्था गर्नुहोस्। सेवा संगतीहरुको समयमा दुइ वा तीन व्यक्तिहरुको झूण्ड बनाएर एक-अर्को सित बातचित गर्नलाई, योजना बनाउनलाई अनि प्रार्थना गर्नलाई समयको मौका दिनुहोस्।

सायद हुन सक्छ विश्वासीहरुको सेवकाइहरुलाई बलियो बनाउनलाई यस प्रकारको स्वेच्छिक,, मण्डलीहरु अनि विश्वासीहरुको माझ प्यारो परस्पर सम्बन्ध भन्दा अरु कुनै घेर शक्तिशाली छैन होला।

## अगुवाहरुका उत्तरदायित्वहरु

- हरएकलाई तयार पार्नु। तपाई एक गोठाला हुन भएकोले तपाईको बगालमा भएका समस्त सदस्यहरुले एउटाले अर्कोको सुधार गर्नलाई तिनीहरुका वरदानहरु सेवाको रूपमा प्रयोग गरेका छ कि छैनन् भनी हेर्न तपाईको उत्तरदायित्व ठहरीन्छ (एफिसी 4:11-16)।
- सन्तुलनप्रति लक्ष्य। एउटा वरदानमा आधारित सेवकाइलाई अरु सबै बाँकीलाई भन्दा बड़ी जोड़ दिनु हुँदैन (1 कोरिन्थी 12:14-30)। एउटा बगालको सबै भन्दा ठूलो कमजोड़ी तौरले त्यसको प्रभावशाली सेवकाइलाई अधिकतामा लैजानु हो।
- सेवकाइको संस्थालााई केन्द्रित गर्ने खोजी। सानो झूण्डमा आवश्यक परेत्तिको समस्त आत्मिक वरदानहरु हुँदैनन्। नयाँ नियमका जीवित झूण्डहरुलाई मण्डलीहरुमाझ परस्पर सम्बन्धको दरकार पर्छ। उदाहरणको लागी, मेसिडोनियामा भएका ईसाइहरुलाई दिने वरदान थिए अनि अन्य ठाउँहरुमा प्रभुको कार्यलाई बलियो पार्नमा प्रयोग गर्थे (2 कोरिन्थी 8:1-5 लाई प्रेरित 18:1-5 सित दजाउनुहोस्)।

## 'एउटाले-अर्कोलाई' नयाँ नियमका आज्ञाहरु

झूण्डहरुभित्र अनि माझमा सुन्दर संगती निर्माण गर्ने। तपाईको बगालले तत्काल अभ्यास गर्न आवश्यक परकोले आज्ञाहरु अध्ययन गर्नोस्। संगतीमा उपस्थित हुनेहरुलाई कुनचाँहि पहिले अध्ययन अनि अभ्यास गर्ने भनी निर्णय गर्नदिनुहोस्।

### 1. प्रेम

- एउटाले अर्कोलाई प्रेम गर : यूहन्ना 13:34-35; 5:12 र 17; रोमी 12:10; 1 थिस्सलोनिकी 4:9; 1 यूहन्ना 3:11, 14 र 23; 4:7, 11 र 12; 2 यूहन्ना 1:5; 1 पत्रुस 1:22।
- व्यवस्थालाई पूरा गर्न एउटाले अर्कोलाई प्रेम गर : रोमी 13:8।
- हाम्रो प्रेम एक अर्कोप्रति बड़दै जाऊन : 2 थिस्सलोनिकी 1:3।
- अर्कोसँग प्रेममा प्रशस्त बन्दै जाऊ : 1 थिस्सलोनिकी 3:12।
- असंख्य पापहरु ढाकनलाई प्रगाढ़ प्रेम राख : 1 पत्रुस 4:8।

### 2. संगती अनि मेलमिलाप

- एउटा सँग अर्कोको सङ्गति गर्नु : 1 यूहन्ना 1:7।
- एकले अर्कोलाई क्षमा गर : एफिसी 3:13, 4:32, कलस्सी 3:13।
- एउटाले अर्कोलाई पवित्र चुम्मनले अभिवादन गर (कुनै संस्कृतीमा अँगालो हाल्दछन्) : रोमी 16:16, 1 कोरिन्थी 16:20, 2 कुरन्थी 13:12, 1 पत्रुस 5:14।
- रोटी भाँच्नलाई एक दोस्रोलाई पर्ख : 1 कोरिन्थी 11:33।
- एउटाले अर्कोको दु:ख भोग : 1 कोरिन्थी 12:26।

**3. सेवा गर्नु**

- हरएकले वरदान पाएअनुसार एउटाले अर्कोको सेवा गर: 1 पत्रुस 4:10।
- प्रेमबाट एउटाले अर्कोको सेवा गर : गलाती 5:13।
- एका–दुस्रा प्रति दयालू बन : 1 थिस्सलोनिकी 12:25।
- एउटाले अर्कोको भारत उठाऊ : गलती 6:2।
- एउटाले अर्कोको वास्ता राखून : 1 कुरन्थी 12:25।
- नम्रतापूर्वक सेवाको एक चिन्हको रूपमा एउटाले अर्कोको खुट्टा द्युनु : यूहन्ना 13:14।
- एउटाले अर्को सित काम गर : 1 कोरिन्थी 3:9, 2 कोरिन्थी 6:1।

**4. शिक्षा दिनु**

- एउटाले अर्कोलाई सिकाऊ : कलस्सी 3:16।
- एउटाले अर्कोलाई अर्तीदेऊ : हिब्रू 3:13।
- एउटाले अर्कोसित सत्य बोल : इफिसी 4:25।
- एउटाले अर्कोको निम्ति प्राण अर्पण गर : 1 यूहन्ना 3:16।
- प्रेम र सुकर्ममा एउटाले अर्कोको विचार राख : हिब्रू 10:24।

**6. प्रार्थना, स्वीकार अनि सुधार**

- एउटाले अर्कोको निम्ति प्रार्थना गर : याकूब 5:16।
- एउटाले अर्कोसँग आफ्नो पापहरु स्वीकार गर : याकूब 5:16।
- एउटाले अर्कोलाई सुधार गर (बलियो पार्न, उन्नति गर्न) 1 थिस्सलोनिकी 4:18 र 5:1 र 11।
- एउटाले अर्कोको सुधार गर, हरेकसँग भजन, शिक्षा, प्रकाश, बोली वा अर्थ खोल्ने शक्ति हुन्छ : 1 कोरिन्थी 14:26।
- एकसाथ परमेश्वरको महिमा गर : रोमी 15:6।

**7. नम्रतापूर्वक एकताको निर्माण**

- एउटाले अर्कोलाई आदर गर : रोमी 12:10।
- एउटा अर्कोसित एकै मनका होओ : 2 कोरिन्थी 13:11, रोमी 12:16, 15:5।
- एउटाले अर्कोलाई दोष नलगाऊ : रोमी 14:13।
- एउटाले अर्कोको विरुद्धमा खराबी नबोल : याकूब 4:11, 5:9।
- एउटा अर्कोको अधीनमा बस : इफिसी 5:21।
- एउटाले अर्कोप्रति नम्रताको व्यवहार गर : 1 पत्रुस 5:5।

## 8 मेलमिलापसित रह

- एउटाले अर्कोप्रति धीरज धारण गर : एफिसी 4:2।
- एउटा अर्कोसित मेलमिलापमा बस : मत्ती 5:9।
- एउटाले अर्कोलाई सत्कार गर : रोमी 15:7, 1 पत्रुस 4:9।

**एउटाले अर्कोको सेवा गर्नलाई हरेकको वरदानहरु चिन्न र प्रयोग गर्नलाई मदद गर्ने।**

सूचित गरीएका प्राय: वरदानहरुलाई व्यक्तिको उदाहरण सहित तपाईलाई व्याख्या गर्नमा मदद पुरयाउन भनी उल्लेख गरिएका छन्।

**रोमी 12:6-8 मा सुचित गरीएका आत्मिक वरदानहरुको अभ्यास :**

तल दिएका सुचीमा झूण्डभित्र वरदानहरुको उन्नती गर्न पर्ने बाहेक कोष्ठक [ ] मा चिन्ह् (Ö) लगाउनुहोस्। तपाईलाई अरु झूण्डहरुको मददको लागी व्यवस्थाको दरकार पर्छ होला, अनि जुन क्षेत्रमा तपाईको झूण्ड बलिया छन् तिनीहरुले अरु झूण्डलाई मदद गरुन।

[ ] सेवा गर्नु। डीकनहरु, प्रेरित 6:1-7।

[ ] भविष्यवाणी गर्नु। शक्ति सन्त्वना अनि प्रोत्साहनको निम्ति परमेश्वरबाट संदेश, 1 कोरिन्थी 14:3।

[ ] दिनु। अबीगेल, 1 शमूएल 24, मार्गदर्शनहरु : 2 कोरिन्थी 9।

[ ] शिक्षा दिनु। एज्रा : नहेम्याह 8, उद्देश्य, एफिसी 4:11-16।

[ ] उत्साह। सदुपदेश दिनु : पावल एफिसीका धर्मगुरुहरुसित, प्रेरित 20:17-38।

[ ] नेतृत्व गर्नु। दास-अगुवा बन्नु जसले अरुलाई सेवा गर्नुमा मदद गर्दछ: मोशा, प्रस्थान 18:13-26।

[ ] दया देखाउने। दाऊदले शावललाई, 1 शामूएल 24।

**1 कोरिन्थी 12:7-11 अनि 27-30 मा सूचित वरदानहरुलाई पनि अभ्यास गर्ने।**

[ ] बुद्धिमान सित परामर्श दिने, सुलेमान, 1 राजा 3:5-28।

[ ] निर्णयहरु ज्ञानमाथि स्थापित (तथ्यहरु)। बिरियाकाहरुले वचन (धर्मशास्त्र) खोजीगर्थे, प्रेरित 17:10-12।

[ ] प्रेरितहरु झैं जानु, (एकजनालाई पठाउने)। रोमी 5:20-21, पावल, प्रेरित 13-14 अध्यायहरु।

[ ] छुटयाउने। नातान, 2 शमूएल 11 र 12 अध्याय।

[ ] चंगाई। पत्रुस अनि यूहन्नाले लङ्गड़ो मानिसलाई चंगाइ गरे, प्रेरित 3-4 अध्याय।

[ ] शासन। नहेम्याह : नहेम्याह 2-3 अध्यायहरु।

[ ] आश्चर्यकामहरु गर : एलिया : 1 राजा 18:16-46, एलीशा : 2 राजा 2-5 अध्याय।

[ ] अन्यभाषामा बोल्नु। कर्निलियसका परिवार, प्रेरित 10:44-48। यो वरदानलाई अर्को सित प्रयोग गर्नोस्।

[ ] अन्य भाषाहरुको अर्थ खोल्न। 1 कोरिन्थी 14 मा हेर्नुहोस्।

[ ] विश्वासको प्रयोग (सबैलाई खाँचो छ तर कसै कसैले यसलाई अरुमा चलाउँछन्)। कोरी अनि कप्तान, मत्ती 8:1–13, पूरानी नियमको विश्वसनीय, हिब्रू 11।

### एफिसी 4:11 मा सुचीत अन्य वरदानहरुको पनि अभ्यास।

[ ] सुसमाचार सुनाउने (प्रचारक)। फिलीप प्रेरित 8:26–40।

[ ] पास्टर (गोठाला)। एफिसीका धर्मगुरुहरु (एल्डर), प्रेरित 20:28–34, 1 पत्रुस 5:1–4।

# परमेश्वरका लोकहरुले यित्रोले झैं सेवा गरुन भनी व्यवस्था मिलाउने।

अन्य पाको गोठालाहरुसित जिम्मेवारीहरु बाँड्ने।

नानीहरुलाई सिकाउने अध्ययन एल. 1 बी. पढ्नु पर्छ।

**प्रार्थना।** ''प्रिय प्रभु, यित्रोले मोशालाई सल्लाह दिएको तरिकाले व्यवस्था मिलाउनमा मदत गर्नुहोस्।''

स्थानीय संस्कृति अनि चलती आवश्यक्ताहरुलाई मिल्ने गतिविधिहरु चुन्नुहोस्।


**1. परमेश्वरले वचनले तपाईको हृदय अनि मनलाई तयार पार्नुहोस्।**

मोशाको सल्लाहकार, यित्रोलाई, इस्राएलीहरु माझ झूण्डहरु प्रारम्भ गर्नलाई परमेश्वरले कसरी प्रयोग गर्नुभयो प्रस्थान 18 अध्यायमा पाउँदछौं।

- यदि तपाईले प्रस्थान 1-3 अध्यायमा मोशाले यित्रोलाई कसरी भेटे भन्ने बारेमा पढ्नु भएको छैन् भने, पढ्नुहोस्।
- मोशाले कसरी निश्चय गरे कि प्रत्येक इस्राएली परिवारले एउटा आत्मिकी गोठालाबाट सेवा पाइरहेछन्।
- कति जना व्यक्तिहरुले यित्रोलाई तिनीहरुको सानो गोठाले झूण्डहरुमा ग्रहण गर्नलाई सिफारिश गरे।
- परमेश्वरले ती नयाँ धर्मगुरुलाई मौलिक नियमहरु उहाँका जनहरुलाई शासन गर्नलाई दिनुभयो (प्रस्थान 19 र 20 अध्याय)।
- ती व्यवस्थाहरु दश आज्ञामा आधारीत परमेश्वर अनि इस्राएलबीचको करार थियो।
- ती नियमहरु इस्राएलीहरुका निम्ति परमेश्वरको पौराणिक व्यवस्थाको मुटु थियो, जसलाई यहूदीहरुले 'टोरह' भन्दछ।
- गोठालोपन दशको सान्ते झूण्डहरुमा शुरुभएका थिए।
- एउटा गोठालाले मुशिकलले दश परिवारहरु भन्दा बड़िमा सुन्न सक्छन्, सबैको उचित रीतिले देखभाल गर्नसक्छन्।
- बृहत झूण्डहरुका अगुवाहरुले न्याय प्रशासन अनि प्रशासनसित उचित सम्बन्ध बनाएका हुन्छन्।

सन्तुलित अगुवापन चार कर्तव्यहरुले जोड़िएका छन्, जो यी चार बाइबलका अगुवाहरुले नमुना बनाएकाछन्।

(1) मोशा, भविष्यदर्शीले
भविष्यलाई देखे अनि परमेश्वरले के गर्नु
हुन्छ भन्ने उसको दर्शनसित तिनको पछि
लाग्ने मानिसहरुलाई उत्तेजित पारे।



कुनै अगुवाहरुलाई नयाँ
इलाकाहरुमा बगालहरु गुरुगर्ने
क्षमता परमेश्वरले दिनुहुन्छ।


(2) यहोशू, एक योद्धाले
मोशाको दर्शनलाई
व्यवहारीक रूपमा




मानिसहरुले विरोध गरेता पनि
परमेश्वरले कतिपथ व्यवस्थापकहरुलाई
उहाँको सेवा गरी रहुन

अघि बड़ाए। कहिले कहीं
तिनले सैनीक बल प्रयोग गरे।

(3) हारुन, एक प्रबन्धक, मूल
पुजाहारी थिए, अनि
अन्य पुजाहारीहरुले
प्रतिदिनको पुरेत
कर्तव्यहरु पुरागर्न
निश्चय गर्थे।



(4) बर्णाबास, एक
प्रोत्साहक, दयावान
थिए। तिनले
मानिसहरुलाई
मेलमिलापसित
एकसाथ काम गर्नमा
मदद गरे।



मनी साहस दिनुहुन्छ।

अन्य कार्यकर्त्ताहरुको कामलाई
सजिलो पार्नलाई कुनै
व्यवस्थापकहरुलाई परमेश्वरले
सेवकाइलाई यथार्थपूर्वक
प्रबन्ध मिलाउने क्षमताले
भर्नुहुन्छ।

कुनै व्यवस्थापकहरुलाई
परमेश्वरले उहाँको कामलाई
सामाजिक तौरमा राम्रो बनाउनलाई
मदद गर्नुहुन्छ। तिनीहरुले
विश्वास दिलाउँछन् अनि सन्त्वना
दिन्छन् अनि जनसाधरणहरुको
आवश्यक्ताहरु सित व्यवहार गर्दा
आनन्द लिन्छन्।

**असल व्यवस्थापकहरुले यी चार शक्तिहरुलाई प्रायः एउटै दलमा मिलाएर बराबर गरी राख्छन्।**

- व्यवस्थापनको निम्ति यी चार शक्तिहरु कुन चाँहिलाई तपाईले राम्ररी गर्नुहुन्छ? कुन चाँहिको तपाईलाई आवश्यकता छ?
- एउटा असल व्यवस्थापकले ती सहकर्मीहरुसित गुप्तरूपले काम गर्दछ जससित आत्मिक वरदानहरु छन् जो उसले कमी महसुस गर्दछ।
- थोरै व्यवस्थापकहरुले मात्र यी सबै चार रूपहरुलाई येशू, दाऊद, पावलले झैं पाउन सक्छन्।

असल व्यवस्थापकले नेतृत्वको जिम्मेवारीहरु बाँड़दछ, येशू, दाऊद, अनि पावलले एकलै काम गरेनन्। आरम्भ गर्नेले नयाँ मण्डलीहरु अनि नयाँ योजनाहरु शुरू गर्दछ, वा तिनीहरुले नयाँ क्षेत्रहरुमा परमेश्वरको काम प्रारम्भ गर्दछन्।

- एक दार्शनिक अगुवाले परमेश्वरले के गर्नुहुनेछ भनी तिनको ह्रदयभित्र देख्दछ, अनि तिनको दर्शनलाई अरुहरुसित बाँड़दछ।
- तिनीहरुले अरु अगुवाहरुलाई चुपचाप सल्लाह दिने गर्दछ, मोशाले झैं जसले हारुनलाई जनसाधरणमा बोल्न लगाए।
- प्रेरितको पुस्तक पत्रुस अनि अरुहरु जसले नयाँ मण्डलीहरु स्थापना गरे आरम्भकारीहरु थिए।

- एक दार्शनिक अगुवा, मोशा जस्तै, ले परमेश्वरले उहाँका बगाललाई के गर्नचाहनु हुन्छ स्पष्टरूपले जाँन्दछ। यदि कसैसित यसप्रकारका दूरदर्शिता छैनन् मने, तब गोठालाहरुले नेतृत्व गर्न सकनेछैन्, किनभने तिनीहरुलाई थाहा नै हुँदैन कहाँ जाने हो। आफ्नो शिक्षा नता व्यवस्थित हुन् वात अगुवाइ गर्ने हुन्। साधरण तौरले नियमहरुमा करलाउँदा कहीं पनि नेतृत्वगर्न सकिन्दैन।

  आरम्भकारीहरुले शुरूगरेका कामलाई प्रबन्धकहरुले संस्थाहरुमा अघाड़ी बड़ाएर लैजान्छन्।

- नयाँ बगालहरुको निम्ति गोठालाहरुलाई प्रशिक्षण दिन तितस क्रेटमा बासेका थिए जो पावलले प्रारम्भ गरेका थिए (तितस 1:5)।

- एउटा बगालको परमेश्वरले के चाहनुहुन्छ त्यसै गर्नलाई असल प्रबन्धकले व्यवस्था गर्दछ। हामीले येशू, प्रार्थना, दिने, परामर्श, शिक्षा, खाँचोमा परेकालाई गोहार गर्नु, संगतीलाई बृद्धिगर्नु, परिवारहरुलाई बलियो बनाउनु, सेवाको व्यवस्था मिलाउनु, सदगुण बड़ाउनु, उपासना, नयाँ बगालहरु शुरू गर्नु, अगुवाहरुलाई प्रशिक्षण दिनु अनि मिशनरीहरु पठाउने बारे बताउनु छ।

तपाई के हुनुहुन्छ, एउटा आरम्भकारी वा एक प्रबन्धक? (अत्ति थोरै प्रबन्धकहरुले द्येरै समयसम्म दुवैलाई असल तौरले गर्दछन्)।

जसले गोठालो गर्न ती विश्वासीहरु कहाँ भ्रमण गर्नुहोस् अनि आरम्भ गर्नमा तिनीहरुलाई मदद गर्नुहोस्। यदि कुनै अगुवाहरुलाई ठीकसंग व्यवस्था मिलाउने बारे अरु घेर सिक्न आवश्यक छ भने। या अध्ययनलाई तिनीहरु सित फेरि दोहोरयाउनु होस्।

## 2. हप्ता भरको गतिविधिहरु तपाईको सहकर्मीहरुसित मिलाउनु होस्।

यित्रोले मोशालाई जस्तो गर्न भनें त्यस्तै प्रकारले व्यवस्था मिलाउनलाई तपाईको सहकर्मीहरुलाई मदद गर्न भेट गर्नुहोस्।

खराब व्यवस्थपन सित असल व्यवस्थानको दाँजो गर्नलाई "ब्वाँसोहरु" को एउटा खेल खेल्नुहोस् (उपासनोका समयमा यो नगर्नु होस्)।

- दश वा त्यस भन्दा अधिक मानिसहरुलाई भेड़ाहरु खेल्नलाई भन्नुहोस्। तिनीहरुलाई नचलीकन खड़ा हुनलाउनुहोस्।

  —तीन ब्वाँसाहरु र एउटा गोठालाको नाम बोलाउनुहोस्। तिनीहरु यता-उता चलुन्।

—जब तपाईले भन्नु हुन्छ, "जाऊ" ब्याँसाहरुले भेड़ाहरुलाई छुने प्रयास गर्नेछन्। यदि एउटा ब्वाँसाले एउटा भेड़ालाई छोए भने, त्यो भेड़ा थच्चक बस्न पर्छ।

—यदि गोठालाले एउटा ब्वाँसालाई छोए भने, त्यो भूँइमा लड़नपर्छ। जब द्येरै भेड़ाहरु 'मर्दछ' खेललाई बन्द गर्नुहोस्।

- गोठालाले तिनका भेड़ाहरुलाई स-साना झूण्डहरुमा एउटा नयाँ गोठालासित प्रत्येक झूण्डलाई रक्षा गर्न व्यवस्था मिलाउन।
- भन "जाउ!" फेरि जब ब्वाँसाहरु मर्दछन् तब रोक।
- विश्वासीहरुलाई सोध्नुहोस्, "कुनचाँहि अधिक मुल्यका छन्, एउटा भेंड़ा वा एउटा मानिसको आत्मा?"
- साना झूण्डहरुको निम्ति गोठालाहरुको नामकरण गर्नलाई यित्रोले मोशालाई किन सल्लाह दिए सोध्नुहोस्।

- सोध्नुहोस् : ''कुन चाँहि असल हो, घेरै गोठालाहरुले घेरै स–साना विश्वासीहरुका झूण्डलाई अगुवाइ गुर्न वा एउटै गोठालाले एउटै वृहत बगाललाई? परमेश्वरले किन ससाना झूण्डहरु गठन गरेको चाहनुहुन्छ छलफल गर्नुहोस्।

**3. आउने उपासनाका समयहरुबारे तपाईको सहकर्मीहरुसित योजना गर्नुहोस्।**

मोशाले तिनका लोगहरुलाई व्यवस्थित गर्न थित्रोले कसरी भने बताउनुहोस् वा अभिनय गर्नोस्। भाग–1 बाट प्रश्नहरु सोध्नुहोस्। भाग–1 बाट अगुवाहरुको चार वटा कर्तव्यहरु बुझाउनु होस् (दर्शन, स्थिरता, सम्पूर्णता अनि दया)। एउटा सानो झूण्डले तिनीहरुका खाँचोहरु सित व्यवहार गर्नलाई पाएका मददबारे विश्वासीहरुलाई प्रतिवेदनहरु दिनलाउनु होस्।

नानीहरुले तयार पारेका नाटक अनि अन्य विषयहरु प्रदर्शन गर्न लाउनुहोस्। परमेश्वरको काममा दुवै आरम्भकारीहरु र प्रबन्धकहरुका आवश्यकतालाई बुझाउनुहोस्। गोठालाहरुको निम्ति परमेश्वरका नियम 1 पत्रुस 5:2–3 बाट एकसाथ कण्ठस्थ गर्नुहोस् प्रार्थना गर्नलाई दुइ वा तीनको झूण्डहरुमा बस्नुहोस् अनि योजनाहरु गर्नुहोस् र एउटाले अर्कोलाई उत्साह दिनुहोस्।

प्रभुभोजको अधि येशूले 5,000 मानिसहरुलाई कसरी खुवाउनु भयो बताउनुहोस् (लूका 9:12–17)। तिनीहरु प्राय: पचास–पचासको झूण्डमा बसेका थिए, कि हरेकले खान पाउन भनी पक्का गर्नलाई। हामी पनि स–साना झूण्डहरुमा प्रभुभोज खान सकदछौं, यसैले सबै विश्वासीहरु येशूको शरीर अनि लहूमा सम्भागी हुनसक्छौं (1 कोरिन्थी 10:17–17)।

# परमेश्वरका बगाललाई विश्वास र दीनताको साथ डोरयाउने

## गिदोन, एक नम्र नेता, परमेश्वरको शक्तिमा भरोसा गर्थे

प्रार्थना : ''प्रभु, हाम्रा बालकहरुले पनि गिदोनले झैं,'' तपाईमा भरोसा पर्नलाई मदद गर्नुहोस्। जसको सेनाहरुले गाग्रोहरुमा राँको बालेका थिए,

बालकहरुले सिकने कुनै गतिविधिहरु चुन्नुहोस् जो तिनीहरुका खाँचो अनि उमेर सित भिल्दछ।

ठूलो नानी वा शिक्षकले न्यायकर्ता 7 अध्यायबाट गिदोनको कथा पढ़िदिऊन् वा द्वारा सुनाइदिऊन।

- मिघ्यानीहरुले इस्राएलीहरुमाथि आक्रमण गरेर तिनीहरुका सबै बहुमूल्य थोकहरु लुटेर लगे भनी बुझाउनुहोस्।
- परमेश्वरले उहाँको जातीहरुलाई मिघ्यानीहरुले सजाय दिऊन भनी छोड़ीदिए किनभने तिनीहरुले मुर्तिहरु पुज्दथिए।
- एउटा मानिसले परमेश्वरका जनहरुलाई कसरी विजय तर्फ डोरयाए यो कथाले बताउँदछ किनभने उसले परमेश्वरमा भरोसा गर्थे।

कथाको विवरण पछि न्यायकर्ता 7 अध्याय बारे यी प्रश्नहरु सोध्नुहोस्।

परमेश्वरले डराउनेमानिसहरु जत्तिलाई घरमा पठाउन भनी गिदोनलाई किन भन्नुभयो? (पद 2 हेर्नुहोस्)।



- लड़ाईको निम्ति कुनचाँहि सेनाहरु राख्नुपर्छ भनी परमेश्वरले गिदोनलाई कसरी देखाउनभयो? (पद 7 हेर्नुहोस्। असल सेनाहरुले तिनीहरुको शिरलाई पिउँदा झुकाएनन्। तिनीहरुले पानी चाटेर पिउँदा जागा बसेका थिए)।
- तिनीहरुका शत्रुहरुले कस्तो सपना देखेका थिए जसबाट तिनीहरु युद्धमा हार्नेछन् भनी देखापरेका थिए? (पद 13-15)।
- कुन तीन थोकहरु इस्राएलीहरुले तिनीहरुसित लिएका थिए? (पद 16)
- शत्रुहरुको सेनाहरुलाई हराउन परमेश्वरले 300 सेनाहरुलाई कसरी प्रयोग गर्नुभयो? (पद 20 हेर्नुहोस्। तिनीहरुले राँको लुकाएको गाग्रो फुटाए अनि तुरही फुके। राँको अनि हल्ला अचानक भएको हुँदा शत्रुहरु अल्यलिएर अंध्यारो भित्र एकाअर्काको बिरुद्धमा लड़ाई गरे)।

गिदोनको विजयको कथाको भागहरुलाई नाटकमा ढाल्नुहोस्।

- यस नाटकलाई प्रस्तुत गर्नको निम्ति मुख्य माण्डलीक उपासनाका अगुवाहरुसित मिलेर व्यवस्था मिलाउनुहोस्।
- अध्ययनको समयमा नानीहरुलाई तयार गराउनुहोस्।
- ठूला नानीहरुले साना नानीहरुलाई तयार पार्नमा मदद गरुन।
- ठूला नानीहरु वा प्रौढ़हरुले यी पाठहरु खेलुन :

**कथक**। कथालाई संक्षेपमा बताउने अनि नानीहरुले के बोल्ने अनि गर्नपर्ने विषयहरुलाई सम्झना गराउनमा मदद गर्ने।

**परमेश्वरको स्वर।**

**गिदोन**। एउटा तुरहीलाई प्रतिनिधी गर्ने वस्तुहरु वा चित्रहरु, भाड़ा अनि राँको हुनपर्छ।

**मिध्यानी सेना।**

- साना नानीहरुले यी पाठहरु खेलुन :

**डराएका सेनाहरु।**

**असावधान सेनाहरु।** एउटा कटौरा राख्नुहोस्।

**हाशियार सेनाहरु।**

**शत्रु सेनाहरु।** तखारहरुवा भालाहरु हुनपर्छ।

**कथक :**कथाको पहिलो भाग न्यायकर्ता 7:1-8 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस्, 'सुन्नुहोस् परमेश्वरले गिदोनलाई के भन्नुहुन्छ।''

**परमेश्वरको स्वर :**''तिमीसित ध्रेरै सेनाहरु छन्। इस्राएलीहरुले आफ्नै शक्तिले यो विजय प्राप्त हो भनी तिनीहरुको भन्नेछन्। तिनीहरुलाई घोषणा गर, 'यदि कोहि डराउँदछ भने, तिमीहरु आफ्नो घर गइहाल।' बाँकीले खोलाको पानी पिएको हेर। होशियार बस्ने सेनाहरुलाई मात्र लड़ाईको निम्ति राख।''

**गिदोन :**''यहाँ कोही डरले काटने छ भने, तुरन्तै आफ्नो घर गइहाल। बाँकीले यो खोलाको पानी हेर। होशियार बस्ने सेनाहरुलाई मात्र लड़ाईको निम्ति राख।''

**गिदोन :**''यहाँ कोही डरले कारने छ भने, तुरन्तै आफ्नो घर गइहाल। बाँकीले यो खोलाको पानी पिउँनु।''

**डराउने सेनाहरु :**डरले काँप। भन, ''मलाई डर लाग्छ, म घर फर्कनचाहन्छु।'' (गइहाल)।

**असावधान सेना :** कटौरा भूईंमा राख्ने अनि टाउको निहुराएर पानी चाहरे पिएको बहना गर्ने। त्यसपछि, जोड़संग भन, ''मैले, कुकुरले झैं पानी चाटेर पिउँदा म चनाखो बस्न भुलेछु। (गइहाल, कटौरा त्यही छोड़ीदेऊ)।

**सावधान सेना :** कटौराबाट पानी तिम्रो हतले उठाएर मुखमा लगी पिउँने। जोड़सित भन, मैले पानी पिउँदा सर्तक रहे। 300 सेनाहरु मात्र अब बाँकी रहयो, तर परमेश्वरले नै हामीलाई विजय दिनसकनु हुन्छ।''

**कथक :**कथाको दोस्रो भाग न्यायकर्ता 7:9-19 बाट सुनाउनुहोस्। त्यसपछि भन, ''सुन्नुहोस् परमेश्वरले गिदोनलाई के भन्नुहुन्छ।''

**परमेश्वरको स्वर :** ''शत्रुहरुको छाउनीमा जा अनि तिनीहरुले के भनिरहेका छन् सुन्।''

**गिदोन :** बिस्तारै हिड़ेर मिध्यानी सेनाहरुको पछि पुगेर सुन्नु।

**मिध्यानी सेना :** ''मैंले एउटा सपना देखें। एउटा सानो गोला रोटी मेरो छाउनीमा गुड़दै आयो अनि त्यसलाई भत्काइदियो। यसको अर्थ हामी लड़ाई हार्नेछौं।''

**गिदोन :**सेनाहरु भएको ठाउँमा फर्केर जाउ। भन, ''इस्राएली सेनाहरु हो, परमेश्वरले देखाउन भयो कि यो लड़ाईमा उहाँले हामीलाई मदद गर्नुहुनेछ। यहाँ तुरहीहरु, गाग्रोहरु र त्यसभित्र राँकोहरु छन्। जब हामी छाउनीमा पुग्छौं, तुरही फूक अनि गाँग्रोहरु फुटाऊ।''

**कथक :**कथाको तेस्रो भाग पद 20-22 बाट सुनाउनोस्। भन, सुन्नुहोस् गिदोनले के भन्दछ।''

**गिदोन :**कराएर, ''अब!''

**सावधान सेना :**तुरही फूक, गाग्रो फुटाउ र राँको माथि उचाल। त्यसपछि कराएर ''प्रभुको निम्ति र गिदोनको निम्ति तरवार!''


**शत्रु सेना :**अल्मलिएर यता-उता दौड़ने अनि एक-दुस्रासित लड़ाई गर्ने। त्यसपछि भन, ''अंधकारले गर्दा केहि देखिन्दैन्।'' ''त्यो कस्तो हल्ला हो?'' ''ती राँकोहरु हेरत। हाम्रा वरीपरी छन्।'' ''शत्रुहरु हाम्रा बीचमा छन्।''''भाग-भाग।'' (भागेर जाने)।

**कथक वा ठूला नानी :**नाटक शेष भयो भनी बताउनुहोस् अनि सहयोग गर्ने सबैलाई धन्यवाद दिनोस्।

**प्रश्नहरु सोध्नुहोस्।** यदि नानीहरुले यो नाटक प्रौड़हरुका निम्ति गर्छन् भने, तब माथि दिएका सो प्रश्नहरु नानीहरुले प्रौड़हरुलाई सोधुन्।

**छलफल :**यदि हामी उहाँमा भरोसा गर्छौं भने, हामी दुर्बल छँदा पनि परमेश्वरले हामीलाई कसरी प्रयोग गर्नुहुन्छ, अरु उदाहरणहरु के के छन्, (प्रौड़हरु वा नानीहरुले नै उदाहरणहरु देऊन)।

एउटा गाँग्रीभित्र राँको बलेको चित्र बनाउनुहोस् अनि नानीहरुलाई नकल गर्न लाउनुहोस्।



- नानीहरुले तिनीहरुको चित्र प्रौड़हरु वा तिनीहरुका माता-पितालाई देखाउन लाउनुहोस्।
- नानीहरुले बुझाउन कि यदि हामीले उहाँमा भरोसा राख्छौं भने परमेश्वरले दुर्बल मानिसहरुलाई पनि प्रयोग गर्नुहुन्छ भनी हामीलाई यसले याद दिलाउँछ।
- ठूला नानीहरुले सानाहरुलाई मदद गरुन्।

**कविता**। दुइ वा बड़ी नानीहरुलाई भजन संग्रह 23 पाठ गर्न लाउनुहोस्।

मर्कूस 9:35 **कण्ठस्थ पार्नुहोस्।**

गिदोन झैं विश्वासमा हिड़ने बारेमा ठूला नानीहरुले कविताहरु, गीतहरु वा नाटक लेखुन। यो काम तिनीहरुले हप्ताको समयमा गरुन।

**प्रार्थना :** ''प्रभु, तपाई सामर्थी हुनुहुन्छ। तपाईले निरन्तर शत्रुलाई पराजय गर्नुहुन्छ। हामी दुर्बल छौं, तर हामी तपाईको शक्तिमा भरोसा गर्छौं चाहे जेसुकै किन नहोस्। हामी ख्रीष्टद्वारा विजयी हुनेछौं।''

# यहोशू परमेश्वरका लोकहरुको निम्ति अनुशासनको नमुना बनें।

बालकहरुलाई सिकाउनेले अध्ययन सी. 6 बी. पढ्नु पर्छ।

**प्रार्थना :** ''प्रिय परमेश्वर, येशूले भने झैं हामीलाई दोष लाउने मानिसहरुलाई सच्चयाउन र सुधार गर्नमा हामीलाई मदद गर्नुहोस्।''

अनुशासनलाई जारी राख्नको निम्ति यहोशूलाई परमेश्वरले के भन्नुभयो यहोशू 1:6-11 मा पाउँछौं।

मिश्रको बन्धुवाईदेखि उहाँको जातीलाई मुक्त गराए पछि, परमेश्वरले तिनीहरुलाई उजाड् स्थानमा चालिस वर्ष सम्म घुमाएर राख्नु भयो, किनभने तिनीहरुले उहाँ माथि भरोसा गरेनन्। मोशा तिनीहरुको अगुवाको मृत्युको अघि तिनी यहोशूसंग देखा परे किनकि अब्राहामको वंशलाई त्यो भूमि जित्नलाई परमेश्वरले प्रतिज्ञा गर्नुभएको थिएयो। सेनाको गतिमा यहोशूले अनुशासनलाई जारी राखे। यहोशू 5-8 अध्यायहरुमा उदाहरणहरु पढ्नुहोस्।

तपाईले सामना गर्नुपर्ने सबै भन्दा कठीन कामहरु विश्वासीहरुलाई संशोधन गर्नु हो जो पापमा हठी हुन्छन्। यसलाई हामीले बघे धीरज अनि प्यारको साथमा व्यवहार गर्नुपर्छ। धर्मशास्त्र अनि पवित्र आत्माले तपाईलाई अगुवाइ गरुन। एउटा अफ्रिकाको गाउँमा, भ्रमण गर्ने एकजना धर्मगुरु (एल्डर) एउटा घरमा पसे। उसका आतिथ्य (मेजबान) चिच्चाए, ''रोक्नुहोस्। बिस्तारै पछि हट्नोस्।'' दुइ फूट लामो, विषनिकारने कालो कोबरा, तिनीहरुले ढोका बन्द गरेको, खाटबाट हेरिरहेको थियो। ''म जान्दिन अब यसलाई कसरी निकाल्ने,'' आतिथ्यले भने, ''यसले विष भेरो आँखामा ओकल्नेछ अनि डस्नेछ।'' तिनको आतिथ्य एक बस्तीवाला भएको हुनाले त्यो साँपलाई हटाएर घरलाई फेरि कसरी सुरक्षित बनाउने उसले जान्दथे।



तपाईको बगालमा पाप एउटा विषालु सर्प झैं हो। यदि यसलाई तपाईले छोड़ीदिनुभयो भनें, यसले हरेकलाई विष छर्नेछ। यसलाई हटाउन तपाईले जान्नैपर्छ, नत्र भने यसले तपाईलाई विष छर्नेछ।

पापलाई हाम्रा बगालहरुबाट कसरी हटाउनु अनि अपराधीहरुलाई कसरी सुधार्नु भनी येशूले हामीलाई भन्नुभएको छ, मत्ती 18:15-18 मा पाउँदछौं।

अपराधीलाई सुधार्न सर्वप्रथम हामीले के गर्नपर्छ, मत्ती 18:15 मा पाउदँछौं।

- हामीले कसलाई सुधार्ने पर्छ?

(उत्तर : ''भाइलाई'' हामी भाइहरुलाई ख्रीष्टमा सुधार गरौं। एउटा गोठालालाई ख्रीष्टको शरीरदेखि बाहिर अधिकार छैन्। यदि कोहि एकजना विश्वासी हुन् भनेर तपाई निश्चय हुनुहुन्न मने, तब केहि नगर्नुहोस्)।

- हामीले के सुधार गर्ने पर्छ?

(उत्तर : ''यदि कुनै भाइले तपाईको विरुद्ध पाप गरयो भने।'' के तपाई निश्चित हुनुहुन्छ कि उ पापको दोषि छ? तपाईले यदि कसैलाई असत्य कुरामा दोषि ठहराउनुहुन्छ भने, तपाईले उसलाई चोट पुरयाउनुहुन्छ। तिनले एउटा गोठाला प्रतिको आत्मा विश्वास हराउने छ)।

- अपराधीसित प्रथम को बोल्नुपर्छ?

(उत्तर : भाई ''तपाईको विरुद्ध पापगर्दछ।'' दोषी विश्वासीले प्रथम अर्को विश्वासीसित समस्यालाई सुधोर्न प्रयासगर्न पर्छ। समस्याको छलफल अरु मानिसहरुसित गर्नभन्दा अघि जसले दोष गरेकाछन् त्यस मानिससित बात गर्न विश्वासीहरुलाई सिकाउनुहोस्। जब विश्वासीहरुले खराब सम्बन्धहरुलाई तिनीहरुमाझ आफैले सुधार्न सक्दैनन् भने गोठालाले तबमात्र मदद गर्नुपर्छ)।

- अपराधीसित अपराधको बारेमा कसले बोल्नुपर्छ?

(उत्तर : ''जाउ अनि तिम्रो र उसका बिचमा मात्र तिनको दोष बताईदेऊ।'' यो महत्वपूर्ण छ। असन्तुष्ट विश्वासी मुप्तमा दोषी कहाँ जानै पर्छ। यो मुठभेड़ कठिन छ तर यसो गर्नलाई पवित्र आत्माले सहयोग गर्नुहुन्छ। तपाई, एक गोठालाको नाताले, गुप्तमा मानिसहरुके सुधार गर्नैपर्छ। समस्याबारे कसैलाई नभन्नुहोस्, तपाईकी श्रीमतीलाई पनि होइन।

(बुद्धिमान गोठालाहरुले सुधारको काम प्राय: गुप्तको परामर्श कालमा गर्दछन्। गुप्तमा कति पापहरु भए त्यो कसैले जान्नु खाँचो छैन्।

- यदि विश्वासीहरुले सुधारमा ध्यान दिन्छन् भने त्यसको परिणाम के हुँदछ?

(उत्तर : ''यदि उसले तपाईको सुन्छ भने, तब तपाईले तपाईको भाइलाई प्राप्त गर्नुभयो।'' सावधान सुधारले हाम्रा भाइसितको हाम्रो सम्बन्धलाई बलियो पार्दछ। हामीले हाम्रा बालकहरुलाई पनि अनुशासित राख्छौं जब तिनीहरुलाई सुधारको दरकार पर्दछ किनभने हामी तिनीहरुलाई माया गर्दछौं। हामीले तिनीहरुलाई प्रेम गरेको खातिर त्यसो गर्छौं भनेर विश्वास दिलाउनु पर्छ। त्यसैगरी, हामीले अपराधीहरुलाई सुधार्नै पर्छ, दण्डदिनलाई होइन तर तिनीहरुलाई सुधार्नलाई)। यदि अपराधीले सुधारमा ध्यान दिंदैन भने, मत्ती 18:16 मा अर्को कुरो गर्नलाई पत्तो गर्नुहोस्।

(उत्तर : अन्य गवाहीहरुको सामने अपराधीसित हामीले कुरा गर्नेछौं)।

यदि दोषीले अझै पनि इन्कार गर्छ भने अन्तिम कुरो गर्नलाई मत्ती 18:17 मा पाउँदछौं।

[उत्तर : बगालका गोठालाले समुदायको सामने दोषीलाई सुधार गर्नुपर्छ। यदि उसले समुदाइको बात सुन्न पनि इन्कार गर्छ भने, तब विश्वासीहरुले त्यस सित संगती हुनेछैन्। त्यसले पश्चताप नगरेसम्म त्यससित प्रभुभोज नखाऊ। जब त्यसले पश्चताप गर्दछ, उसलाई ग्रहणलाई चाँड़ो गर्नुहोस्, जसमा उ कष्टले दु:खित नहोऊन (2 कोरिन्थी 2:6-7)]।

विश्वासीहरुमाझ फाटो उत्पन्न गराउने व्यक्तिहरुसित हामीले के गर्ने, तितस 3:10-11 मा पाउँदछौं।

**गलाती 6:1 मा पाउँदछौं :**

- कस्तो किसिको मानिसहरुलाई हामीसित लिन्छौं, यदि एउटा अपराधीले हाम्रो मात्र पहिले सुन्दैनन्।
- जब हामीले कसैको सुधार गर्छौं हाम्रो व्यवहार कस्तो हुनपर्छ।
- हामीले तिनीहरुको सुधार गर्दा के विषयमा हामी होशियार बन्नपर्छ।

पावलले धर्मगुरुहरुलाई (एल्डर) के को निम्ति सर्तक रहने चेतावनी दिए अनि ''ब्वाँसाहरुले'' के गर्दछ प्रेरित 20:28-31 मा पाउँदछौं।

**2. साताभरी गर्ने गतिविधिहरुको योजना सहकर्मीहरुसित बनाउने।**

यदि एउटा विश्वासीहको विरुद्धमा कसैको नालिश छ भने, येशूले चाहनू भएको झैं गर्ने (भाग-1 माथि)।

'ब्वाँसाहरु' सित दृढ़तासाथ व्यवहार गर्ने अनि भ्रमण गर्ने।

गलती गर्ने विश्वासीहरुसित कुरा गर्न अघि परिष्कृत आत्मा र उत्साहको निम्ति प्रार्थना गर्ने जस्तै गलाती 6:1 ले भन्दछ।

कुनै पनि विश्वासी जसलाई सुधारको आवश्यकता छ, त्यसको निम्ति र साथमा रहेर प्रार्थना गर्ने।

### 3. आउँदै गर्ने उपासनाको समय बारे सहकर्मीहरुसित योजना गर्ने

यहोशूले इस्राएलीहरुलाई कसरी अनुशासित गराए त्यस कथालाई छोटकरीमा बताउने वा अभिनय गर्ने।

हठी विश्वासीहरुलाई सुधार र ग्रहण गर्ने पाइलाहरु बारे बुझाउने। अंश 1 अन्तर्गत माथिका प्रश्नहरु सोहने।

**ख्रीष्टको शरीरमा अनुशासनको उदेश्यलाई बुझाउने :**

- अनुशासनले मानिसहरुलाई येशूको आज्ञा पालनमा मदद पुरयाउनु हो, मानिसको नियमहरु पालन गर्न तिनीहरुलाई बाध्य गराउनलाई होइन।
- दोषी विश्वासीहरुलाई ग्रहण गर्नलाई हामीले सुधार गर्नुपर्छ, दण्ड दिनुलाई होइन। यहोशूको समयमा इस्राएलीहरु ''मृत्यु दण्ड व्यवस्था'' को अधीनमा थिए (2 कोरिन्थी 3:6)। तर येशू आउनु भए पछि हामी अनुग्रह भित्र छौं। बालकहरुले तयार गरेका नाटक, कविता अनि प्रश्नहरु प्रस्तुत गर्न दिनुहोस्।

प्रभुभोज परिचय दिनलाई 1 कोरिन्थी 11:23-30 बाट पढ्नुहोस्। अयोग्यसाथ रोटी तोड्नेलाई परमेश्वरले कसरी दण्ड दिनु हुन्छ बुझाउनुहोस्। तिनीहरुले ख्रीष्टको शरीरलाई आदर गर्दैनन्। शरीर भन्नुको तात्पर्य तीन विषयहरु, जसलाई परमेश्वरले मान्यता दिनुहुन्छ जस्तै एक: ख्रीष्टको शरीर जसले एकसाथ रोटी भाँच्दछ, अनि जो येशूले भन्नुभएको रोटी, ''यो मेरो शरीर हो।''

ख्रीष्टको देहभित्र पवित्रता अनि अनुशासनलाई अवलम्बन गर्नलाई अनि हप्ता भरीको विषयहरु छल-फल गर्न परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नलाई दुइ वा तीनको झूण्डमा भेटनुहोस्।


जब पापी विश्वासीहरुलाई येशूका नियमहरु पालन गरेर ग्रहण गरीन्छन् अनि उसको फेरि-ग्रहणको निम्ति जनसाधारणमा परमेश्वरको महिमा गर्न राजी हुन्छन्, तिनीहरुलाई त्यसै गर्नदिनुहोस्।

गलाती 6:1 एकसाथ कण्डस्थ गर्नुहोस्।

# बुरा शहरको पर्खाललाई परमेश्वरले दाले

**प्रार्थना :** ''प्रभु, बालकहरुले तपाईको आज्ञा मान्नलाई मदद गर्नुहोस् किनभने तिनीहरुले तपाईलाई प्रेम गर्दछन्।''

बालकहरुको अभ्यासगर्ने गतिविधिहरु तिनीहरुको आवश्यकता र उमेरलाई मिल्ने गरी चुन्नुहोस्।



यरीहोको पर्खालबारे यहोशू 6:1–20 बाट ठूलो नानी वा शिक्षकले पढ़ीदिऊन वा स्मृतिबाट सुनाउन्।

- यहोशू, एक ईश्वरीय नेताले तिनका मानिसहरुलाई परमेश्वरको आज्ञाकारीतामा अगुवाइ गरे।
- सर्वप्रथम नानीहरुलाई ध्यानसित सुन्नलाई भन्नुहोस् अनि परमेश्वरले युद्धमा विजय हासिल गर्नलाई उहाँको शक्ति र इस्राएलीहरुका आज्ञाकारीता दुवैलाई कसरी प्रयोग गर्नुभयो भेद निकाल्नु होस्।

**कथा सुनाए पश्चात यी प्रश्नहरु सोध्नुहोस्। उत्तरहरु प्रश्नको पछि दिइएकाछन्।**

- यरोहोलाई वशमा पार्नकोनिम्त परमेश्वरले कसलाई आदेश दिनुभयो? (यहोशू 6:2 हेर्नुहोस्)।
- 6 दिनसम्म इस्राएलीहरुले प्रत्येक दिन के गर्नु भनी परमेश्वरले आज्ञा दिनुभयो? (पद 3 हेर्नोस्)।
- सातौं दिनमा मानिसहरुलाई के गर्नु भनी परमेश्वरले आज्ञा गर्नुभयो? (पद 4–5 हेर्नोस्)।
- जब मानिसहरुले परमेश्वरको आज्ञा पालन गरे तब यरीहोको पर्खाल के भयो? (पद 20 हेर्नोस्)।
- यहोशू एक आदर्श नेता थिए भनी केले दर्शाउँछ? (तिनले परमेश्वरको आदेशहरु होशियारी साथ पालन गरे)।

यरीहोको पर्खालको कथाको भागहरुलाई नाटकीय रूप दिनुहोस्। यस नाटकलाई प्रस्तुत गर्न विशेष माण्डलीक उपासनाको अगुवाहरुसित मिलेर व्यवस्था मिलाउनुहोस्।

- नाटक तयार पार्नमा तपाईको समय नानीहरुसित बिताउनुहोस्। ठूला नानीहरुले सानाहरुको मदद गरुन्।
- तपाईले सम्पूर्ण भागहरुलाई प्रयोग नगरे हुन्छ।
- ठूला नानीहरु वा प्रौढ़हरुले यी पाठहरु खेल्नु :

**कथक**। कथालाई छोटकरीमा बताउने अनि नानीहरुले के भन्ने अनि गर्ने भनी सम्झना गराउनमा मदद गर्ने। परमेश्वरको स्वर।

**यहोशू**। परमेश्वरका आदेशहरु पालन गर्दछ।

साना नानीहरुले यी भागहरु खेलुन :

**पूजाहारीहरु।** करारको सन्दुक झैं एउटा बाकस बोक्ने। कागजलाई गोलो भोड़ेर तुरही फूकने।

**इस्राएलीहरु**। पर्खालको वरीपरी घुम्ने।

**यरीहोका मानिसहरु।** इस्राएलीहरु माथि पहिले हाँसो उड़ाउछन्, जब पर्खाल दल्दछ, माग्दछन्।

**पावल-तिमोथी बालकहरुको अध्ययन-व्यवस्थापन, सी. 6 बी.**

**कथक :** कथाको पहिलो भाग यहोशू 6:1-14 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् परमेश्वरले यहोशूलाई के बताउनु हुन्छ।''

**परमेश्वरको स्वर :** ''यहोशू। तिम्रो मानिसहरुलाई प्रत्येक दिन यरीहो शहरको वरिपरि सात दिनसम्म घुम्नलाई भन। तिमीहरुको अघि सन्दुकलाई लिएर जाऊ। सातौं दिनमा तुरही फूक र पर्खाल ढल्नेछ।

**यहोशू :** परमेश्वरका आदेशलाई इस्राएलीहरुलाई दोहोरयाउने (परमेश्वरको स्वरमा बोलेका)।

**पूजाहारीहरु :** सन्दुक बोक अनि तुरही फूक, यरीहोको शहर वरिपरि घुम।

**इस्राएलीहरु :** पूजाहारीहरुको पछि पछि लागेर शहरको पर्खाल वरिपरि घुम।

**यरीहोका मानिसहरु :** ''घुम्दै जाऊ'' ''तिमीहरु कहिले पनि भित्र पस्ने छैनौ जबसम्म गर्दैनौ।''

**कथक :** कथाको दोस्रो भाग यहोशू 6:15-20 बाट बताउने। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् यहोशूले मानिसहरुलाई के भन्दछ।''

**यहोशू :** ''जब तिमीहरुले तुरहीको आवाज सुन्छौ, जोड्ले कराओ। शहरको पर्खाल ढल्नेछ। अनि सिधा शहर तर्फ अगि बढ़।''

**पूजाहारी र इस्राएलीहरु :** थाक पारेका दुंङ्गाहरुको वरिपरि सात पल्ट हिड्। प्रत्येक समय जोड़सित कराएर गन्ती गर्ने। सातौं फेरो लाएपछि तुरही फूक, चिच्चयाउ र पर्खाललाई घच्चच्याउ।

**यरीहोका मानिसहरु :** भाग्दै, कराउ, ''इस्राएलका परमेश्वरले हाम्रो पर्खालहरुलाई धकेली दिए!''

**चित्र :** यरीहोको पर्खाल ढल्दैगरेको चित्र नानीहरुलाई बनाउन लाउनुहोस्, वा दुंङ्गाहरुको एउटा थुप्रो मात्र भएको चित्र कोरुन्।

- उपासनाको समयमा नानीहरुले तिनीहरुका चित्रहरु माता-पिताहरु र प्रौड़हरुलाई देखाउन्।
- शैतानले हाम्रा वरिपरि खड़ा गरेका पर्खालहरुलाई तोड़नलाई परमेश्वरले हाम्रो आज्ञाकारिता अनि उहाँको शक्तिलाई कसरी प्रयोग गर्नुहुन्छ, यो नाटकले व्यक्त गर्दछ भनी बुझाउन लाउनुहोस्।
- ठूला नानीहरुले सानाहरुलाई मदद गरुन।

**प्रश्नहरु।** यदि नानीहरुले यो नाटक प्रौड़हरुको निम्ति प्रस्तुत गर्दछ भने, माथि सुचित गरिएका प्रश्नहरु नै नानीहरुले प्रौड़हरुलाई सोधुन।

**गतिविधि।** साततौं दिनमा यरीहोको पर्खाल ढलेको देखाउने।

- साना ढुङ्गाहरु वा ईटाले एउटा पर्खाल बनाउने।
- एक ठूलो नानीले बाँकीलाई पर्खालको वरिपरि कसरी हिड़ने, देखाऊन।
- सात पल्ट वरिपरि घुमे पछि, तुरही फुकेको बहना गर्न अनि कराउन लाउनुहोस्, त्यसपछि पर्खालमा ढकढकाउनोस्।
- बालकहरुले पत्तो लगाउनलाई ढुंगाहरु मुनि मिठाइ वा कुनै पुरस्कार लुकाएर राख्न सक्नुहुन्छ।

**छलफल :** परमेश्वरले उहाँको शक्तिद्वारा महान कार्य गर्नलाई हाम्रो आज्ञाकारीतालाई कसरी प्रयोग गर्नुहुन्छ त्यसको अरु उदाहरणहरु के के छन्? (नानीहरु वा प्रौड़हरुले नै उदाहरणहरु दिऊन)।

**पावल-तिमोथी बालकहरुको अध्ययन-व्यवस्थापन, सी. 6 बी.**

**कविता :**चार जना नानीहरु प्रत्येकले एक-एक पद गरी हितोपदेश 3:5,6,11 र 12 बाट पाठ गरुन।

यूहन्ना 14:23 कण्ठस्थ गर्नुहोस्।

हप्ताको विषयको निम्ति ठूला नानीहरुले कविताहरु, गीतहरु वा नाटकहरु लेखुन।

**प्रार्थना :** ''प्रभु, हामी तपाईलाई प्रेम गर्छौं। यसैले तपाईले हामीलाई के गरेको चाहनुहुन्छ, हामी सिक्न चाहन्छौं, अनि हामी हाम्रा हृदयबाट नै तपाईको आदेश साँचोसित पालन गर्न चाहन्छौं। हाम्रा अगुवाहरुलाई आशिर्वाद दिनुहोस्, कि हामीलाई तपाईको वचन अरु धेरै पालन गर्नमा तिनीहरुले मदद गर्नसकून।

# छिमेकीको र एउटाले अर्कोको सेवा गर्नलाई बगालको व्यवस्था गर्ने

बुद्धिमानीसित परमेश्वरका जनहरुको निरीक्षण आकूबले यरुशलेममा गरे झैं गर्ने।

बालकहरुलाई सिकाउनेले अध्ययन ओ. 1 बी. पढ्नुपर्छ।

आत्मिक वरदानहरु कसरी प्रयोग गर्ने भनी कोरिन्थी 12 देखि 14 अध्यायमा पाउँदछौं।

- कसको भलाईको निम्ति परमेश्वरले हामीलाई आत्मिक वरदानहरु दिनुहुन्छ (1 कोरिन्थी 12:4-7)।
- एउटा विश्वासीले कुन-कुन वरदानहरु पाउनपर्छ भनी कसले तय गर्दछ (1 कोरिन्थी 12:8-11)।
- वरदानहरु अनि त्यसका प्रयोगहरुलाई के सित तुलना गरिएकाछन् (1 कोरिन्थी 12:12-31)।
- हाम्रा वरदानहरुलाई प्रयोग गर्नलाई उचित मनसाथ (1 कोरिन्थी 12:31, 13:1-13)।
- एउटै वरदानमाथि बढ़ता जोड़ गर्नेलाई कसरी सच्चयाउने (14 अध्याय)।




परमेश्वरले विश्वासीहरुलाई भिन्दा भिन्दै वरदानहरु दिनुहुन्छ, प्राय: एक भन्दा बड़ी, जसमा हामीले हाम्रा छिमेकी अनि एका-दुस्राको सेवा गर्नेछौं।

- पवित्रआत्माले हाम्रा विभिन्न कामलाई प्रेममा वृद्धि गराउँदछ, जसरी एउटा शरीरको अंगहरु एकसाथ काम गर्दछ।
- रोमी 12:4-8, 1 कोरिन्थी 12 अनि एफिसी 4:11-16 मा धेरै आत्मिक वरदानहरुका सुची छन्।

परमेश्वरले हरेक बगालबाट चाहनुभए अनुसार विश्वासीहरुले यी कामहरु गर्नलाई एक ज्ञानी निरीक्षकले व्यवस्था गर्दछ :

- दु:ख भोग्नेहरुको सेवा गर (मत्ती 25:31-46) आने तिनीहरुको निम्ति प्रार्थना गर (यूहन्ना 16:24)। प्रार्थनाको काममा अन्तरविन्ती र दुष्ट आत्माहरुको विरुद्धमा आत्मिक युद्ध समावेश छन्। हृदयको दुइ आधा भागले संयम (रोमी 12:8) अनि विश्वास (1 कोरन्थी 12:9) को वरदानहरुलाई बताउँदछ। जब यी दुइ बरदानहरु विश्वासद्वारा एकसाथ कामगर्दछ, हाम्रो मुक्तिले असल कामहरु उत्पन्न गराउँदछ (एफिसी 2:8-10)। विश्वास हुने जत्ति सबैलाई येशूले निकोपार्नुभयो, कोरी अनि एक कप्तान सहित एउटा (मत्ती 8:1-13)। पुरानो नियमको धेरै विश्वासीहरुले तिनीहरुको कामद्वारा महान विश्वासलाई दर्शाए (हिब्रू 11 अध्याय)।
- ख्रीष्टमा बढ़नलाई अरुलाई अर्ती देऊ अनि मदत गर (कलस्सी 1:28)। मगजका दुइ भागले हामीलाई ज्ञान र बुद्धिको मिल्दो वरदानहरुलाई सम्झना गराउँछ (1 को. 12:8)। सुलेमान एउटा उदाहरण हुन् (1 राजा 3:5:28)।

- मानिसहरुलाई सान्त्वना देओ (2 कोरन्थी 1:3-7)। अनि आत्मिकी समस्याहरुलाई खुट्याउ (1 कोरन्थी 2:14)। दुइ आँखाहरु अगमवाणी (जसले सान्त्वना दिने अनि बलियो पार्ने सेवा गर्दछ, 1 को. 14:2-3)। अनि आत्माहरु खुट्याउने (1 को. 12:10)। वरदानहरुसित मिल्दछन्। दुवैको उदाहरण यशैया हुन् (यशैया 40:1-14)।
- विश्वासीहरुलाई तिनीहरुका बगालको उन्नती गर्न अनि अगुवाहरुलाई प्रशिक्षण दिनलाई तयार पार्ने (एफिसी 4:11-12)। मुखको अर्थ शिक्षाको वरदान ( 1 कोरिन्थी 12:28)। एज्रा एक उदाहरण हुन् (नहेम्याह 8 अध्याय), पावल पनि (2 तिमोथी 2:2)।
- अविश्वासी विदेशी मानिसहरुलाई तिनीहरुका भाशा बोलेर विश्वास दिलाउने (2 को. 14:22)। जिब्रोको अर्थ भाषाको वरदान (1 को. 12:10)। पेन्तिकोसमा प्रेरितहरुले त्यही गरेका थिए (प्रेरित 2:1-18)।
- विश्वासीहरु अनि तिनीहरुका अगुवाहरुलाई परमेश्वरले दिनु भएका कार्यहरु विश्वास साथ गर्नमा स्थिर बनाउने (1 को. 14:26, प्रेरित 14:21-22)। दुइ वटा कानहरुले प्रोत्साहन (मानिसहरुको सेवा गर्न अनि सल्लाह दिनको निम्ति तिनीहरुको सुन्ने, रोमी 12:8) अनि भाषाको अर्थ लाउने (1 को0 12:10)। वरदानहरुलाई व्याख्या गर्दछ। पावलले एफिसीका धर्मगुरुहरुलाई उत्साह दिंदछ (प्रेरित 20:17-38)।
- ख्रीष्टको शरीरको सेवा गर अनि अरुहरुको खाँचोहरुमा ध्यान लगाऊ (गलाती 5:13, 6:10)। दुइवटा हातले सेवा (रोमी 12:7) अनि दिने (रोमी 12:8) अनि मदतको (1 को. 12:28) वरदानहरुलाई मिलाउँदछ। यरुशलेममा पहिलो डीकनहरुले विधवाहरुको सेवा गरे (प्रेरित 6:1-6)।
- रोगीहरु निको पार (लूका 10:9), अनि दिनु (लूका 6:38)। दुइ हातहरुले चंगाइ अनि चमत्कारको वरदानहरुलाई स्त्रमरण गराउँछ (1 को. 12:9-10), अनि दिनेको पनि (रो.12:8)। पावलले पब्लियसका बाबुलाई चंगाइ गरे (प्रेरित 28:7-8) अनि तबीताले उदारचित्तले दिइन (प्रेरित 9:36)।
- अरुहरु पछि लाग्नको निम्ति मार्गनिर्देशन गर्ने (1 को. 11:1)। दुइ खुट्टाहरुले नेतृत्व (रोमी 12:8) अनि शासन (1 को. 12:28) को वरदानहरुलाई प्रदर्शन गर्दछ। दाऊदले यी दुवै गरे (1 शमूएल 23:1-5, 2 शमूएल 5 अध्याय)।
- ख्रीष्टको घोषणा गर्ने (लूका 24:46-48, प्रेरित 1:8)। दुइ खुट्टाहरुले प्रेरितको काम (सेवकहरु) अनि प्रचारकलाई (एफिसी 4:11-12) सुचित गर्दछ। दुवैको उदाहरण पावल थिए (रोमी 15:20-21)।

याकूब अनि विभिन्न मण्डलीका धर्मगुरुहरुले (यहूदी-अ यहूदी) एक सुरमा काम गर्नलाई धार्मिक रिति-रिवाज बारे उठेको गंभीर झगड़ालाई कसरी समाधान गरे हेर्नलाई प्रेरित 15:1-31 पढ़नोस्। जब मण्डलीहरुमा दुइ मुख्य संस्कृतिहरु थिए, याकूब यरुशलेमा एक प्रसिद्ध गोठाला थिए।

**पृष्टभूमि।** शताब्दी देखिनै यहूदीहरुले पुरानो नियमका व्यवस्थाहरुलाई अंगालेका थिए, जसमा पशुको बलिदान चाहिन्थ्यो मरेको दाइको स्वास्नीबाट सन्तान भएको छैन भने विवाह गर्नपर्ने, शनिवार काम गर्ने व्यक्तिलाई मार्ने, यरुशलेममा मात्र उपासना गर्नुपर्ने अनि द्यैरै-द्यैरै निर्धारित नियम-व्यवस्थाहरु।

- ख्रीष्टमा भएका प्राय: अन्यजाती (अ-यहूदी) विश्वासीलाई ती पौराणिक इस्राएलीहरुका व्यवस्थाहरु बाट कहि जाँन्दथे। आजका दिनमा पनि कुनै विश्वासीहरुले नयाँ करारभित्र तिनीहरुले पवित्र आत्माको निर्देशन नलिएर पुरानो व्यवस्थालाई लिएकाछन्।
- येशूले भन्नु भयो कि अब हामी परमेश्वरलाई प्रेम गरेर अनि हाम्रा छिमेकीलाई गर्नु पर्ने प्रेम द्वारा उहाँको व्यवस्थालाई पुरा गर्छौं (मत्ती 22:37-40, रोमी 13:8-10)। प्रेम पवित्र आत्माको एउटा फल हो (गलाती

5:22)। परमेश्वरले पुरानो करारलाई कसरी साटन भयो जान्नको निम्ति कोरिन्थी 3:6–18 अनि हिब्रू :6–13 पढ्नोस्।

**प्रेरित 15 अध्यायमा हेरौं :**

- केहि यहूदी विश्वासीहरुले बाँच्नलाई के गर्नु पर्छ भनी सम्झन्थे (उत्तर : प्रेरित 15:1 हेनुहोस्)।
- फरिसीहरुले कट्टर यहूदी जाती गैर यहूदीहरुलाई कस्तो व्यवस्था पालन गर्नलाई जोड़ दिन चाहन्थे। (प्रेरित 15:2–5 हेर्नुहोस्। पुरानो नियमको व्यवस्था पौराणिक इस्राएलहरुका निम्ति थियो, नयाँ नियमको निम्ति होइन)।
- पत्रुसको अर्ति (प्रेरित 15:7–11 हेर्नुहोस्)।
- कस्तो मानिसहरु माझ पावल अनि बर्णाबासले परमेश्वरले गर्नभएको अद्‌भुत काम देखेका थिए (प्रेरित 15:12 हेर्नोस्)।
- याकूबले के सुझाऊ दिए जसले समस्याको समाधान गरे (प्रेरित 15:13–21 हेर्नोस्)।
- परिणाम (प्रेरित 15:22–31)।

**2. हप्ता भर गरीने गतिविधिहरुको योजना सहकर्मीहरुसित बनाउने।**

ती विश्वासीहरु कहाँ पुग्नेहोस् जसले अझ सम्म अरुको सेवा गरेका छैनन्।तपाईको बगालले गर्न नसकेका कुनै कामहरु जो माथि सुचीमा छन् शुरू गर्नुहोस्।

**3. हालको खाँचोहरु पूरागर्न आउँदै गरेका उपासनाको समयलाई तपाईको सहकर्मीहरु सित मिलेर योजना बनाउनु होस्।**

परमेश्वरले हामीबाट चाहनुभएका कामहरु अनि मिल्दो वरदानहरुलाई वर्णन गर्नुहोस्।

याकूब अनि अरुहरुले विश्वासीहरुमाझ कसरी ताल–मेल बनाइ राखे माथि सुचीत गरएिका प्रश्नहरु सोध्नुहोस्।

**नानीहरुले जे तयार पारेकाछन् प्रस्तुत गर्न लाउनुहोस्।**

प्रभुभोज परिचय गर्नलाई यूहन्ना 17:18–24 पढ्नुहोस्। जब येशूले प्रभुभोजको स्थापना गर्नुभयो उहाँले हाम्रो एकताको निम्ति प्रार्थना गर्नुभयो भनी बुझाउनुहोस्।

आत्मिक वरदानहरुबारे कुराकानी गर्नलाई, योजना अनि एका–दुस्राको निम्ति प्रार्थना गर्नलाई दुइ वा तीनको झूण्डमा भेट गर्नुहोस्।

एफिसी 4:14–17 एकसाथ कण्ठस्थ गर्नुहोस्।

**प्रार्थना :** ''प्रभु, अरु मानिसहरुको वरदानहरुलाई आदर गर्न अनि आफ्नो धाक नजमाउनलाई मदद गर्नुहोस्।''

# परमेश्वरको सेवा गर्नलाई एकसाथ काम गर्ने

**प्रार्थना :** ''प्रिय: परमेश्वर, बालकहरुलाई तिनीहरुका पापदेखि फर्कन तपाईको सेवा गर्नमा मदद गर्नुहोस्।''

नानीहरुले सिक्ने गतिविधिहरु तिनीहरुको उमेर अनि आवश्यकता अनुसार चुन्नुहोस्।



राजा हिजकियाहको बारेमा 2 इतिहास 30 अध्यायबाट ठूलो नानी वा शिक्षकले पढ़िदिऊन वा सुनाउन।

- एउटा राजाले तिनको मानिसहरुमा शिक्षकहरु पठाएर मानिसहरुमा कसरी जागृति ल्याए यरा कथाले देखाउँदछ।

  कथा सुनाए पश्चात प्रश्नहरु सोहध्नुहोस्। (प्रत्येक प्रश्नहरुको पछि उत्तरहरु छन्)।
- यरुशलेमामा निस्तारचाड़ मान्न परमेश्वरको भवनमा मानिसहरुलाई कसले निम्तो दिए? (उत्तर पद 1 मा हेर्नुहोस्)।
- यो निम्तोलाई राजाले कसरी बाहिर अन्य जगहरुमा पठाए? (पद 10)
- केही मानिसहरुले कसरी प्रतिक्रिया जनाए? (उत्तर पद 11)।
- केहि मानिसहरुले तिनीहरुको प्रतिक्रिया जनाउनलाई कसले उस्काए? (उत्तर पद 12 हेर्नुहोस्)।
- परमेश्वरको वचनलाई सुनेर मानिसहरुले कस्तो तरिकाले अभ्यास (पालन) गरे? (उत्तर : पद-14)
- कुन राजाको राज्यकालमा यसप्रकारले अन्तिम विस्तार चाड़ मनाए? (उत्तर : पद 26 हेर्नुहोस्)।

राजा हिजकियाह जसले आफ्नो मानिसहरुमा पुनर्नवीकरण ल्याए त्यस कथाको भागहरु नाटकीय ढंगमा उतार्नुहोस्। यस नाटकलाई प्रस्तुत गर्न मुख्य मण्डलीका अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्। नाटक तयार पार्न नानीहरुसित समय बिताउनुहोस्। ठूला नानीहरुले सानाहरुलाई मदद गरुन्।

- ठूला नानीहरु वा प्रौड़हरुले यी अभिनयहरु गरुन।

  **कथक**। कथालाई छोटकरीमा सुनाउने अनि नानीहरुले के गर्न र बोल्न पर्ने सम्झना गराउनमा मदद दिने।

  **राजा हिजकियाह।** हातमा कागजहरु राख्ने।
- साना नानीहरुले यी अभिनयहरु गरुन्।

  **राजाका समाचारवाहकहरु**

  **गिल्ला गर्नेहरु**

  समाचारमा मनलाउने मानिसहरु

  **पूजाहारी**

**कथक :**कथाको पहिलो भाग 2 इतिहास 30:1-12 देखि बताउनुहोस्। भन्नोस्, ''सुन्नुहोस् राजा हिजकियाहले के हुकुम गर्नुहुन्छ।''

**राजा हिजकियाह :** ''समाचारवाहक हो, इस्राएलको सारा शहरहरूमा जाऊ। तिनीहरुलाई यो समाचार देऊ।

निस्तार चाड़ मनाउन यरुशलेममा आऊ। हामी सबैले पापको पश्चताप गरेर परमेश्वरको आशिष प्राप्त गर्न आवश्यक छ।''

**राजाका समाचारवाहक:**दर्शकहरु भएको जगह जगह मा जान्छन्। भन, ''पश्चताप गर अनि निस्तार चाड़को निम्ति यरुशलेममा आऊ।''

**गिल्लागर्नेहरु :**त्यहाँ जान टाड़ो पर्छ। हामी जानेछैनौं।''

**समाचारमा मनलाउने मानिसहरु :** ''हो। परमेश्वरले हामीलाई पश्चताप गर्नमा मदद गर्नुहुनेछ। हामी जान्छौं।''

**कथक :**कथाको दोस्रो भाग 2 इतिहास 30:13'27 बाट बताउने। त्यसपछि भन्नोस, ''सुन्नुहोस् मानिसहरुले के भन्दछ।''

**समाचारमा मनलाउने मानिसहरु :** ''हामी निस्तारचाड़को निम्ति यरुशलेममा आएका छौं। हामी एउटै सत्य परमेश्वरको सेवा गर्नचाहन्छौं यहाँ वरिपरि भएका सबै मुर्तिहरु र बेदीहरुलाई भत्काइदिऔं।''

**राजा हिजकियाह :** ''यो महान भोजको निम्ति चाहिने सबै थोकहरुको प्रबन्ध मा गर्नुछु। हामी उत्साहीत बनौं। यदि हामीले पश्चात गरयौं भने, तब परमेश्वरले हाम्रा प्रार्थनाहरु सुन्नुहुनेछ।''

**पूजाहारी:**एकसाथ आनन्द गर्नयो असल हो। हामी दोस्रो हप्ता पनि मनाऔं। राजा सुलेमानको समयदेखि उसो यस्तो जागृती भएकै छैन्।''

**कथक वा ठूला नानी :**नाटकक सिधियो भनी जनाउने अनि सहयोग दिने सबैलाई धन्यवाद टक्राउने।

**प्रश्नहरु सोध्नुहोस्।** यदि यो नाटक नानीहरुले प्रौड़हरुका निम्ति प्रस्तुत गर्दछन् भने, तिनीहरुले माथि दिएका प्रश्नहरु प्रौड़हरुलाई सोधुन्।

राजा हिजकियाहले गरे झै जतिले यसरी गरेका छन् ती मानिसहरुको उदाहरणहरु माथि छलफल गनुहोस् :

- परमेश्वरको खाँचो महसुस गरेकाहरुलाई अरु मानिसहरुले पश्चतापको कस्तो संदेश लगे?
- परमेश्वरका लोगहरुले कुन समयमा मेला भएर प्रार्थना गर्ने अनि एकसाथ उत्सव मनाउने, अहिले?

एउटा संदेश भएको पत्रको चित्र नानीहरुले नकल गर्नलाई बनाउनु होस्। तिनीहरुको चित्र अर्को उपासनाको समयमा प्रौड़हरुलाई देखाउन वा तिनीहरुका माता-पितालाई घरमा देखाउन। हामीले पश्चतापको संदेश मानिसहरुमा कसरी लाने जसमा कि हामी सबैले प्रार्थना गर्न सक्दछौं अनि एक साथ परमेश्वरको खोजी गर्छौं भनी यसले व्याख्या गर्दछ भनेर बुझाउन लाउनुहोस्।


फिलीपी 2:2-3 कण्ठस्थ गर्नुहोस्।

**कविता :**तीन जना नानीहरु प्रत्येकले एक पद गरी भजन संग्रह 14:1-3 पाठ गरुन्।

मानिसहरु आत्मिकि पुनर्नवीकरण भएको बारेमा ठूला नानीहरुले कविताहरु, गीतहरु लेखुन्। तिनीहरुले यसलाई एकसाथ बसेर पनि गर्नसकछन्, अनि घरमा गरेपिन हुन्छ।

**प्रार्थना :** ''प्रभु, हामी पनि इस्राएलका मानिसहरु जस्तै हठी अनि अविश्वासी भएकाछौं। जब हामी पश्चताप गर्छौं तपाईले हामी प्रति आफ्नो कान संधै थाप्नु भएको निम्ति हामी तपाईको प्रंशसा गर्छौं। तपाईले हामीलाई अधिक आशिष दिनुहुन्छ जब हामी एकसाथ उत्सव मनाउँछौं।''

**पावल-तिमोथी बालकहरुको अध्ययन-व्यवस्थपन, ओ. 1 बी.**



हिजकियाहका समाचारवाहकहरुले मानिसहरुलाई सिकाए।

# तितस नयाँ मण्डलीको एक क्षेत्रीय निरीक्षक

नयाँ बगालको निम्ति नयाँ अगुवाहरु नियुक्त गर्नलाई क्षेत्रीय निरीक्षकहरुको प्रबन्ध गर्ने।

बालकहरुलाई सिकाउनेले अध्ययन आर. 1 बी. पढ्नु पर्छ।

## 1. परमेश्वरको वचन अनि प्रार्थना सहित तपाईको हृदयलाई तयार गर्नुहोस्।



क्षेत्रिय निरीक्षकले के गर्दछ भनेर सिक्नलाई तितसलाई पावल प्रेरितको पत्र पढ्नुहोस्।

- क्षेत्रिय निरीक्षकको हामीलाई किन आवश्यक पर्छ? (बिसपलाई क्षेत्रिय निरीक्षक पनि भन्दछ वा केही अरु उपयोगी शब्दहरु दिएकाछन्)।

(उत्तर : क्रेटमा तितसले जे गरे नयाँ बगालको निम्ति कसैले त्यसो गर्न आवश्यक छ, जसले नामकरण गर्नु अनि नयाँ गोठालाहरु तयार पार्नेछ। नयाँ मण्डलीहरु आफैले प्राय: यसो गर्नलाई अपरिपक्क हुन्छन्। पावलले गोठालाहरु तयार पार्नेछ। नयाँ मण्डलीहरु आफैले प्राय: यसो गर्नलाई अपरिपक्क हुन्छन्। पावलले गोठालाहरु अनि सह-एकीकारकहरुको कर्तव्य र आचरणबारे तितस अनि तिमोथीलाई लेखेको पत्रहरुमा व्यक्त गरेकाछन्। एन्टिओकका जस्तै अधिक परिपक्क बगालहरु तिनीहरुका अगुवाहरुका नाम दिन सक्छन्।

**तितस 1:1-3 मा पाउँछौं।**

- प्रभु येशूमा पावलको स्थान के थियो।
- परमेश्वरले पावललाई के जिम्मा दिनुभएको थियो।

**तितस 1:4-5 मा पाउँछौं।**

- पावलसित तितसको सम्बन्ध।
- पावलले तितसलाई क्रेटमा किन छोड्।
- तितसलाई क्षेत्रिय एकीकारक भएर क्रेटमा नयाँ मण्डलीहरुको निम्ति के गर्नलाई पावलले भने।

पावलले तितसको, तिनको आत्मिक छोरा, संगतलाई कत्ति सम्म महत्वको ठानेका थिए 2 कोरिन्थी 2:12-13 मा पाउँदछौं

**2 कोरिन्थी 7:5-7 मा पाउँछौं।**

- तितसको बोरमा अरु मानिसहरुले के सम्झे।
- पावलसित तितस साथमा हुँदा पावलले के सहनलाई इच्छा गरेथे?

नयाँ गोठालाहरु (धर्मगुरुहरु) को निम्ति चाहिने कुराहरु तितस 1:6-9 मा पाउँछौं।

- एउटा एल्डरको परिवार कस्तो हुनपर्छ।

- एउटा एल्डरको स्वभाव कस्तो हुनपर्छ।

  धर्मगुरुहरु (एल्डर) समस्याहरुलाई सुल्झाउने योग्यको हुनपर्दछ जो तितस 1:10–16 मा पाउँदछौं।

  केही कामहरु बाँकी छोड़िएका छन् भनी पावलले तितसलाई भनेका थिए (तितस 1:5)।

  ती कुन विषयहरु, थिए जसलाई बलियो गराउनु गर्नेथियो, तितस 2:1–10 मा पाउँछौं।

- वृद्ध मानिसहरुले के के गर्नलाई तितसले सम्झाउनु थियो?
- वृद्धा स्त्रीहरुले?
- जवान मानिसहरुले?
- नोकरहरुले?
- (रोमी कानुन अनुसार नोकरहरुले बाँधाले मात्र तिनीहरुको मालिकको सेवा गर्न सक्थे जसलाई 'स्वतन्त्रमानिस' भन्दर्थिए)।

  एक क्षेत्रिय एर्काकारकले यी विषयहरुमा कति सम्म जोड़दिनु सक्दछ, तितस 2:15 मा पाउँदछौं।

  दुइ एर्काकाका नामहरु जसले फिलिप्पीको क्षेत्रहरुमा सेवागरेका थिए फिलिप्पी 2:19, 25 मा पाउँछौं।

- यी दुइ एकीकारकहरु कस्ता किसिमका मानिसहरु थिए?
- चर्चहरुको निम्ति पावलसित मिलेर यिनीहरुले के गरेका थिए।
- तिनीहरु प्रति पावलको कति भरोसा थियो?

**2. अर्को मण्डलीहरुबाट क्षेत्रिय समन्वितको योजना सहकर्मीहरुसित बनाउने।**

- सही कुरो गर्नलाई सही व्यक्तिको नाम लिनलाई परमेश्वरको ज्ञानको निम्ति एकसाथ प्राथ्रना गर्नुहोस्।
- तपाईको मण्डलीहरुलाई निरीक्षण गर्ने को हुन्। सायद प्रेरित हुनसक्छ जसले तिनीहरुको शुरुवात गरे, वा जसले तिनीहरु प्रति साँचो सरोकार राख्दछ। नयाँ नियममा यस्ता प्रेरितहरु नयाँ मण्डलीहरु आरम्भ गर्नलाई अरु क्षेत्रहरुबाट आएका थिए।
- के एकीकारक नयाँ गोठालाहरुलाई सल्लाह दिन योग्यका छन्? यदि छैनन् पावलले तितस र तिमोथीको नाम लिए जस्तै अरु एर्काकालाई लिनु पर्छ।

  नयाँ एर्काकारकहरुले के गर्नुपर्छ देखाउनुहोस् :

- पावलले गरे झैं भेट गर्ने, उत्साह दिने, अनि नयाँ मण्डलीहरुलाई पत्रचार गर्ने।
- तिनले सिकारुहरु साथमा राखुन् जसले तिनीबाट सिकेका आदेशहरु अरुलाई सुम्पिदेऊन् (2 तिमोथी 2:2)।
- नयाँ नियम अनुसारको गतिविधिहरु मण्डलीले नगरुञ्जेल सम्म नयाँ एल्डरहरुलाई सिकाउन गोठालाहरुको निम्ति व्यवस्था मिलाउनोस्।

जब सम्म गति घिमा रहन्छ, प्रेरित आफै एक क्षेत्रिय एर्काकारक बनेर सेवा चलाउनपर्छ (प्रेरित 14:21–23)। जब 'प्रेरित' अरु अन्य कतै सेवागर्नलाई जान परे तिनले आफ्नो सिकारुहरुलाई त्यस क्षेत्रमा परमेश्वरको काम गर्नलाई अधिकार दिनुपर्छ (फिलिप्पी 2:19–24)।

**पावल-तिमोथी गोठालाको अध्ययन-व्यवस्थापन, आर. 1 ए.**

- सबै गोठालाहरु जसले नयाँ गोठालाहरुलाई सिकाउँछन्, पावल-तिमोथी अध्ययनको किताब वा अरु कुनै उपयुक्त सामग्रीहरु पुन्रिगर्न निश्चित गरुन्।
- मण्डलीको काम उचित प्रकारले चल्नलाई सिनीहरुको मदत गर्नोस्।
- सिकारुहरु जसले विश्वाससित सेवागर्दछ तिनीहरुलाई खुल्लम-खुल्ला निश्चय गर्नलाई योजना गर्नोस्।
- तिनीहरुमाथि हात राखेर खुल्लमखुल्ला अधिकार दिनोस् (2 तिमोथी 1:6, 1 तिमोथी 4:14)।
- तिनीहरुको आदर गर्न चर्चहरुलाई आदेश दिनोस् (1 कोरिन्थी 16:10-11, फिलिप्पी 2:29)।
- कसैले पापगर्दछ भने त्यस मानिसलाई अधिकार दिनलाई टार्नुहोस् (1 तिमोथी 5:22)।

एउटा प्रेरित को व्यवस्था गर्नोस जसले क्षेत्रिय एर्काकारहरुलाई देखाउन कि कसरी...

- तिनीहरुका मण्डलीहरुको खाँचोहरु बुझनलाई नयाँ गोठालाहरुसित कुरा गर्ने।
- तिनीहरुको बगालहरुका सदस्यहरुले के गरिरहेकाछन् अनि शुरू गर्नु पर्छ पत्तोलाउने।
- जसले एल्डरहरुका खाँचोहरु पुर्ती गर्नलाई प्रारम्भ गर्दैगरेका छन् तो मानिसहरुको खाजी गर्ने (तितस 1:6-9)।

**2. आउँदै गरेका उपासनाको समय सहकर्मीहरु सित मिलाउने।**

तितसको बारेमा 2 कोरिन्थी 2:12-13 अनि 7:5-7 बाट बताउनुहोस्।

तिमोथी र इपाफ्रोडाइटसको बारेमा फिलिप्पी 2:19-30 बाट बताउनुहोस्। प्रभु येशूले उहाँका दासहरुलाई नम्र शिकारू एर्काकारकहरुद्वारा, जुनहरु विश्वासी अनि उपयोगी छन्, कसरी आशिष दिनुहुन्छ बुझाउनु होस्।

व्याखा गर्नुहोस्।

- क्षेत्रिय एकीकारकहरुको अवश्यक्ता अनि तिनीहरुले के गर्ने, भाग 1 र 2 देखि।
- 'प्रेरितहरु' ले के गर्दछ, भाग-2 बाट।

**बालकहरुले जे तयार गरेकाछन् प्रौड़हरुलाई प्रस्तुत गरुन।**

विश्वासीहरुलाई आशिषहरु, असल काम अनि तिनीहरुले चिनेका एक एकीकारको चरित्रबारे गवाहीहरु दिनलगाउनु होस्।

प्रभुभोज परिचय दिनलाई गत्ती 9:1-5 पढ़नुहोस्। परमेश्वरका मानिसहरुले यस सम्झनामा उजाड़स्थानमा निस्तार चाड़को थुमा खाए कि परमेश्वरले कसरी परिवारहरुको जेठोलाई थूमाको रगत तिनीहरुका ढोकाहरुमा लगाउँदा बचाउनु भयो अनि मिश्रीको दासत्वदेखि निकाले ल्याउनु भयो, बुझाउनु होस्।

प्रार्थना गर्नलाई अनि योजनाहरु पक्का गर्नलाई र एउटाले अर्कोलाई उत्साहदिनलाई दुइ वा तीनको साना-साना झूण्डहरु बनाउनहोस्।


मर्कूस 10:42-45 पढ़नुहोस् अनि पद 45 एकसाथ कण्ठस्थ गर्नुहोस्।

# विश्वासीहरु एकसाथ कामगर्नलाई परमेश्वरले सहायता गर्नुहुन्छ।

### नेतृत्वको उचित वर्ग बालकहरुलाई सिकाउने

नानीहरुले सिक्ने कुनै पनि गतिविधिहरु चुन्नुहोस्।

**प्रार्थना :**''प्रभु, हामीलाई एक संगठित रूपमा एकसाथ काम गर्नलाई गोहार गर्नु होस्।''



**नहेम्र्‍याहले भने, ''तिमीहरुले जहाँ-कहीं तुरहीको आवाज सुन्छौं हामीसित त्यहाँ मेल होऊ। हाम्रा परमेश्वर हाम्रो निम्ति लड्नुहुन्छ।''**

**एउटा सीड्को चित्र बनाउनुहोस्।**

- इस्राएलीहरुको तुरही एउटा साधरण भेड़ाको सीड्ले बनाएको थियो भनी बुझाउनुहोस्।
- साना नानीहरुलाई ठूलाहरुले मदद गरिदिऊन।
- नानीहरुले तिनीहरुका चित्रहरु अर्को आरधनाको समयमा प्रौड्हरुलाई देखाऊन अनि परमेश्वरले ईश्वरीय गोठालाहरुलाई तिनीहरुका मानिसहरुले एकतामा काम गर्न बोलाउनलाई कसरी प्रयोगगर्नु हुन्छ भनी यसले दृष्टान्त दिदंछ भनेर बुझाउन दिनुहोस्।

नहेम्याहको कथा नहेम्याह 4:1-23 बाट एक ठूलो नानी वा शिक्षकले पढ़ीदिऊन वा सुनाइदिऊन। एक ईश्वरीय अगुवाले तिनका लोगहरुलाई वृहत निर्मित योजना गर्नलाई, जसले परमेश्वरको महिमा हुँदछ, कसरी व्यवस्था गर्दछ, पत्तो लाउनलाई नानीहरुलाई पहिले सन्न लाउनुहोस्।

कथा सुनाएपछि यी प्रश्नहरु गर्नुहोस् (यदि नानीहरुले उत्तर दिन भने उत्तर बताइदिनुहोस्)।

- यरुशलेमको वरिपरि भएको पर्खालको बारेमा इस्राएलका शत्रुहरुले के भने? (उत्तर : पद-2 हेर्नुहोस्)।
- जब शत्रुहरुले धम्की दिए नहेम्याह सहायताको निम्ति कसकहाँ गएकाथिए? (उत्तर : पद-9 हेर्नुहोस्)।
- नहेम्याहले परमेश्वरसित प्रार्थना गरे पछि पर्खालको रक्षाको निम्ति तिनले के गरे? (उत्तर : पद 13 हेर्नुहोस्)।
- इस्राएलीहरुले पर्खालको निम्ति कस्तो कठिन परिश्रम गरे? (पद 6)।
- मानिसहरुले काम गरिरहेको हुँदा नहेम्याहले के गरे (पद 23)।
- मानिसहरुलाई तन-मनले कामगर्नु भनेर नहेम्याहले कसरी उत्साह दिए? (उत्तर :नहेम्याहले मानिसहरुलाई प्रार्थना गर्नलगाए। त्यसपछि तिनले तिनीहरुको कामको व्यवस्था मिलाए, परमेश्वरको शक्तिलाई सम्झना गराए, अनि एक कठिन परिश्रम गर्ने को श्रेष्ठ उदाहरण बनेर काम गरे)।

नहेम्याहको कथाको भागलाई नाटकीय ढंगमा उतार्नुहोस्, (नहेम्याह 4:1-23)।

- यस नाटकलाई नानीहरुले प्रस्तुत गरुन भनी मूल माण्डलीक उपासनाका अगुवाहरुसित प्रबन्ध मिलाउनुहोस्। नाटक तयार पार्नलाई तपाईको समयको भाग नानीहरुसित बिताउनुहोस्। स-सानाहरुलाई तयारी पार्न ठूला नानीहरुले मदद गरुन्।
- ठूला नानीहरु वा प्रौड्हरुले यी भागहरु खेलुन, कथक : कथालाई संक्षिप्तमा सुनाउन अनि नानीहरुले के बोल्न पर्ने सम्झना गराऊन्।

**नहेम्याह :** एक हातमा एउटा भाला लिने अनि अर्को हातमा एउटा मार्तोल वा अरु कुनै उर्जा लिने।

- साना नानीहरुले यो भागहरु खेलुन् :

  **इस्राएलीहरु**। हातहरुमा ढूंङ्गा अनि भालाहरु लिने।

  **शत्रुहरु**। भालाहरु लिने।

**कथक :**कथाको पहिलो भाग पद 1 र 2 बाट सुनाउनुहोस्।

**इस्राएलीहरु :**पर्खाल खड़ा गर्दै गरेको वहना गर्ने।

**कथक :** ''यरुशलेमको शहर वरिपरि नहेम्याह अनि इस्राएलीहरुले पर्खाल खड़ागर्दैछन्। तिनीहरुका शत्रुहरुले ठट्टा गर्दैछन्। सुन्नुहोस् शत्रुहरुले के भन्दछ।''

**शत्रुहरु :**हाँस अनि यसप्रकारले भन, ''ती मूर्ख यहूदीहरुले अव के खड़ा गर्दैछन्?'' ''के त्यो पर्खाल हो?''

''त्यो त ढुंङ्गाको ढेर जस्तो मात्र छ।''

''त्यो त एउटा स्थालले पनि धकेल्न सक्छ।''

**कथक :**कथाको दोस्रो भाग पद 6–14 बार सुनाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् नहेम्याहले के भन्दछ।''

**नहेम्याह :**''पहिले हामी सहायताको निम्ति परमेश्वरलाई प्रार्थना गरौं। 'परमेश्वर, तपाईको निम्ति यो काम सिध्याउनमा हामीलाई सहायता गर्नुहोस्।' अब, सबै जन हो, शत्रुहरुको सुन्दैनौं। हामी यो कामगर्नलाई व्यवस्था मिलाऊँ अनि परमेश्वरको निम्ति काम जारीराखौं।''

**इस्राएलीहरु :**''हामी हाम्रा सम्पूर्ण हृदयले काम गर्छौं।'' (एक–दुस्रासित बोल्दै) ''तिमीले पर्खालको यो भाग गर्छौ भने म त्यतापट्टिको कामगर्नेछु।''

**कथक :**कथाको तेस्रो भाग पद 15–23 बाट सुनाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् नहेम्याहले के भन्दछ।''

**नहेम्याह :**''हरेकले आ–आफ्नो हतियारहरु आफ्नो छेउमा राख। जब तिमीहरुले तुरही बजेको सुन्छौ, आएर पर्खालको रक्षा गर। संध्यै सर्तक बस। हामी सबैले एक हातमा तवार लिनेछौं अनि अर्को हातले पर्खालको काम गर्नेछौं।''

**इस्राएलीहरु :**''हेर, पर्खाल बलियो भएको छ।''

''हामीले प्राय: सिध्याएका छौं।''

''हेरत–नहेम्याहले कति खटेर काम गर्दैछ।''

''तिनी हाम्रो निम्ति एक असल उदाहरण हुन्।''

**कथक वा ठूला नानी :**जतिले सहायता गरे धन्यवाद दिनोस्।

यदि नानीहरुले या नाटक प्रौड़हरुको निम्ति प्रस्तुत गरे भने, तिनीहरुले नै प्रौड़हरुलाई माथि दिएका प्रश्नहरु गरुन्।

**कविता**। चारजना नानीहरु प्रत्येकले एक पदगरी भजन संग्रह 2:1–2 अनि 10–11 बाट पाठ गरुन।

**सोध्नुहोस् :**परमेश्वरको निम्ति एकसाथ महान कामगर्न नहेम्याह जस्तो ईश्वरीय अगुवाहरुको सददको हामीलाई आवश्यक्ता छ, स्थितिहरुका उदाहरणहरू के हुन? (नानीहरुलाई उदाहरण दिनु लाउनुहोस्) यूहन्ना 17:23 कण्ठस्थ गर्नुहोस्।

येशूको निम्ति मिलेर काम गर्ने बारेमा ठूला नानीहरुलाई कविताहरु, गीतहरु वा छोटो नाटकहरु लेख्न दिनुहोस्। तिनीहरुले यो साता भरीमा गरुन्।

**प्रार्थना :**''प्रिय प्रभु, तपाई सबैको राजा हुनुहुन्छ। तपाईलाई कसैले पराजय गर्नसक्दैन। तपाईको सहायताले हामी समस्याहरुको सामना गर्नसक्छौं अनि एउटाले अर्कोलाई कसरी मदद गर्ने त्यो पनि पत्तो लगाउन सक्छौं। पहिले तपाईलाई सहायता माग्न सम्झना गर्नलाई हामीलाई मदत गर्नुहोस्। हाम्रा सम्पूर्ण हृदयले एउटाले अर्कोको सहायता गर्नमा हामीलाई मदत गर्नुहोस्।''



# कोरिन्थीकाहरुलाई झैं तपाईको मण्डलीमा आत्मिक वरदानहरु छन्।

बालकहरुलाई सिकाउनेले अध्ययन एस. 6 बी. पढ्नुपर्छ।

**परमेश्वरबाटको विशेष प्रत्येक वरदानहरुबाट**

**सबै विश्वासीहरुले एउटाले अर्कोको सेवा गरुन**



1 **तपाईको मण्डलीले तिनीहरुका आत्मिकी वरदानहरुद्वारा सेवा गर्न तयार पार्नलाई तपाई आफैलाई परमेश्वरको वचन अनि प्रार्थनासित तयारगर्ने।**

स्थानीय रिवाज अनि हालको खाँचोहरुमा मिल्ने गतिविधिहरु चुन्नुहोस्।

**प्रार्थना :**''प्रभु येशू, हाम्रा मण्डलीहरुका सम्पूर्ण सदस्यहरुले अनि झुण्डहरुले तपाईको अनि अरुहरुको सेवा खुशिसित गर्नलाई तपाईको तिनीहरुभित्र हालीदिनुभएको शक्तिलाई थाहा पाउन दिनुहोस्।

**रोमी 12:4-8 मा पाउँछौं।**

- विश्वासीहरुका आत्मिकी वरदानहरुले कसलाई फायदा गर्दछ (पद 5)।
- प्रत्येक विश्वासीहरुलाई कुन वरदान दिने भनी परमेश्वरले कसरी निर्णय गर्नुहुन्छ (पद 6)।
- दुइ प्रकारका बोल्ने वरदानहरु के के हुन् (पद 6 र 7)।
- तीन प्रकारका सेवाको वरदानहरु के के हुन् (पद 7 र 8)।

एउटाले अर्कोको सेवा गर्नलाई परमेश्वरको पवित्रआत्माले कसरी शक्तिशाली योग्यता प्रदान गर्दछ भनी 1 कोरन्थी को 12 अध्यायमा पाउँदछौं।

- आत्मिकी वरदानहरु, योग्यताहरु, अनि गतिविधिहरु कसले दिन्छन्? (पदहरु 3-6)।
- कुन विश्वासीहरुले आत्मिकी वरदानहरु पाउँछन्? (7 र 11)
- के उद्देश्यको लागी पवित्रआत्माले वरदानहरु दिनुहुन्छ? (7)
- कुन-कुन ईसाइहरुमा परमेश्वरका पवित्रआत्माहरु हुन्छन् (पदहरु 12 र 13)।
- यदि आत्मिकी वरदान तीनवटा छन् भने सबै ईसाइहरुमा हुनैपर्छ? (पद 27-30)।

**1 कोरिन्थी 14:24-26 मा पाउँछौं।**

- हरेक विश्वासीले सभाहरुमा एउटा नमुना भएर अरुहरुको सेवागर्न सक्छन्।

- आत्मिकी वरदानहरु प्रयोग गर्नमा हरेक विश्वासीको उद्देश्य के हुनपर्छ।

**एफिसी 4:10-16 मा पाउँदछौं।**

- मण्डलीहरुमा गुणी व्यक्तिहरु कसले दिनुहुन्छ (10-11)।
- मण्डलीहरुलाई पाँच किसिमका गुणी मानिसहरु दिएकाछन् (11)।
- गुणी व्यक्तिहरुले तिनीहरुका वरदानहरुलाई के गर्नपर्छ (12)।
- जब मण्डलीह3ले तिनीहरुका आत्मिकी वरदानहरु अभ्यास गर्दछन् परिणामहरु मिल्दछन् (13-16)।

**1 पत्रुस 4:7-11 मा पाउँछौं।**

- जसै विश्वासीहरुले तिनीहरुका आत्मिकी वरदानहरु प्रयोग गर्नलाग्दछन् तब तिनीहरुको व्यवहार एका-दुस्राप्रति कस्तो हुनपर्छ (पद 7-9)।
- बिश्वासीहरुले तिनीहरुका आत्मिकी वरदानहरुलाई के गर्नुपर्छ (पद 10)।
- आत्मिकी वरदानहरुका दुइ मुख्य स्वभावहरु (पद 11)।
- गुणी वक्ताहरुल के को बारेमा बोल्नपर्छ (पद 11)।
- गुणी सेवकहरुले तिनीहरुका वरदानहरु प्रयोग गर्नलाई शक्ति कहाँ प्राप्त गर्दछ (पद 11)।
- हाम्रो आत्मिकी वरदानहरुले कसको महिमा गर्नुपर्छ (पद 11)।

वर्णाबासले दिने वरदानलाई-प्रेरित 4:32-37 मा, प्रोत्साहनको वरदान-प्रेरित 9:22-27 मा, विश्वासको-प्रेरित 11:22-66 शिक्षाको 13:1 मा अनि प्रेरित पदको-प्रेरित 13:2-4 मा वरदानहरुलाई कसरी प्रयोग गरे पाउँदछौं।

## 2. आउने साताको निम्ति गतिविधिहरु योजना तपाईको सहकर्मीहरुसित बनाउने।

आत्मिकी वरदानहरुको बयानहरु हेर्नलाई पावल-तिमोथीको सानो किताब एस. 6 ए. मिलेर फेरि विचार गर्नुहोस्। तपाईले सबै साना झूण्डका गोठालाहरुसित अध्ययन गर्दैगर्नु भएको अनि त्या सानो किताब दुबैलाई समालोचना गर्नलाई योजना बनाउनुहोस्।

बगालमा भएका हरेक सदस्यको आत्मिकी वरदानहरुको छलफल एकसाथ मिलेर गर्नुहोस्, यदि तपाईले तिनीहरुलाई चिन्नुहुन्छ भने।

साना झूण्डका गोठालाले हरेकको आत्मिकी वरदानहरु पत्तो लाउनलाई झूण्डका सदस्यहरुबाट सुन्न अनि तिनीहरु प्रति ध्यान दिन व्यवस्था मिलाउनु होस्।

यदि एउटा सानो झूण्डलाई वरदानको खाँचो छ अनि अर्को झूण्ड सित वरदान छ भने, केहि समय सम्म वरदान पाएका व्यक्तिहरु गएर तिनीहरुसित मिलेर वस्ने व्यवस्था गर्नुहोस्।

## 3. आउनेवाला उपासनाको निम्ति तपाईको सहकर्मीहरुसित योजना गर्नुहोस्।

बर्णाबासले तिनका आत्मिकी वरदानहरु कसरी प्रयोग गरे अभिनय गर्नोस् वा बनाउनुहोस् अनि तिनको नाउँ किन बदली गरीदिए (प्रेरित 4:36)। छलफल गर्नोस्।

एउटा विश्वासीले आत्मिकी वरदानहरु पाउँदा कुन मनसायले अनि अरु मार्ग निर्देशनमा त्यसको प्रयोग हुन्छ

परमेश्वरले निश्चित गर्नुहुन्छ भनी बुझाउनुहोस् (भाग-1 हेर्नुहोस्)। आत्मिकी वरदानहरु बारे भाग-1 बाट प्रश्नहरु सोध्नुहोस्। आत्मिकी वरदानहरुलाई बुद्धिमानीको साथ प्रेममा प्रयोग गर्नेहरुबाट विश्वासीहरुले कसरी सहयोग पाए त्यसबारे तिनीहरुलाई साक्षी दिनलाउनुहोस्।

1 कोरिन्थी 14:24-31 एकसाथ पढ्नुहोस्, अनि त्यहाँ बताएका विभिन्न आत्मिकी वरदानहरुको नाम विश्वासीहरुलाई भन्न लाउनुहोस्। ती मध्ये कुनै वरदानहरु मण्डली वा झूण्डहरुमा प्रयोगगरेका तिनीहरुले देखेकाछन् भने त्यसबारे बताउन दिनुहोस्।

नानीहरुले तयार पारेका नाटक अनि प्रश्नहरुलाई प्रस्तुत गरुन्।

प्रभुभोज परिचय गर्नलाई 1 कोरिन्थी 11:23-34 पढ्नुहोस्। कोरिन्थीकाहरुले प्रभुभोजलाई कसरी दूरपयोग गरे अनि परमेश्वरले किन कसै-कसैलाई रोगी बन्न अनि मर्नलाई दिए, बुझाउनुहोस्।

दुइ वा बड़ीमा विश्वासीहरुको स-साना झूण्डहरु बनाउनु होस् ताकि तिनीहरुका आत्मिकी वरदानहरुबारे बातचित गरुन। एका-दुस्रालाई बुझ्‍न, उत्साह दिऊन, अनि एउटाले अर्कोको निम्ति प्रार्थनागरुन्।

रोमी 12:10 र 11 मिलेर कण्ठस्थ गर्नुहोस्।

## आत्मिकी वरदानहरु प्रयोग गर्न मार्गनिर्देशन

1. जसै मानिसहरुले सानो झूण्डहरुमा एउटाले अर्कोको सेवा गर्दछ, तिनीहरुको आत्मिकी वरदानहरु प्रत्यक्ष देखापर्ने छ, अनि अरुले त्यसलाई मान्यता दिनेछन्। नयाँ विश्वासीहरुलाई सेवागर्नबाट प्रतिबंध नलाउनुहोस्।
2. सबै विश्वासीहरुले तिनीहरुका आत्मिकी वरदानहरु प्रयोग गर्ने मौकाहरु तयार पार्नु होस्। यसलाई सानो झूण्डहरुमा गर्न असल ठहरिनेछ। माण्डलीक सभाहरु केवल प्रतिभाशाली मानिसहरुलाई सुन्नेमा मात्र सिमित नराख्नुहोस्।
3. विश्वासीहरुलाई लगातार सम्झना गराउनुहोस् कि जब तिनीहरुले आत्मिकी वरदानहरु प्रयोग गर्दछन् तब मानिसहरु प्रेति प्रेम हुनपर्छ। जब मानिसहरु क्रोधित वा अप्रेमी हुन्छन्, तब तिनीहरुका वरदानहरुले मानिसलाई बिगार गर्नसक्छन्।
4. मानिसहरुले तिनीहरुका वरदानहरु अनुसार मण्डलीहरु अनि कोठे झूण्डहरुमा कार्यालय अनि सेवकाइहरुको जिम्मेवारीहरु लिऊन। मानिसहरुलाई ती कामहरु नसुम्पन्नुहोस् जसमा तिनीहरुलाई वरदान नै छैनन्।
5. धर्मगुरुहरुमा बोल्ने वरदानहुनपर्छ, अनि डीकनहरुमा सेवाको वरदान हुनपर्छ।
6. साना झूण्डहरु अनि सेवकाइको दलहरुमा विभिन्न वरदानहरु भएका सदस्यहरु हुनपर्छ ताकि पवित्र आत्मामा सुर मिलाउन सकिन्छ। एउटै वरदान भएका मानिसहरुको झूण्डलाई टार्नुहोस्।
7. आत्मिकी वरदान छँदैमा अरु विश्वासीहरु माथि अधिकार प्रदान गर्दैन। अझ राम्रो चाँहि, ख्रीष्टको समूहको सेवागरेर अरुहरुको फायदाको निम्ति आत्मिकी वरदानहरु प्रयोग गर्नुपर्छ।
8. सबै विश्वासीहरुमा आत्मिकी वरदान भएको हुनाले त्यसले अरुहरुलाई लाभ हुँदछ, हरेक बिश्वासीहरु अरुहरुको निम्ति महत्वपूर्ण छन्, तिनीहरुको जातीयता, शिक्षा स्थर, समाजिक स्थर अनि जातहरुको विचार गरीन्दैन।

# परमेश्वरका जनहरु एउटै शरीरले मिलेर काम गर्दछ

**प्रार्थना :**''प्रिय प्रभु, एउटा मानिसको शरीरका विभिन्न अंगहरुले एकसाथ मिलेर कामगेर झैं प्रत्येक बालकले के गर्नसक्छन् त्यसरीनै एउटाले अर्कोको सेवागर्नमा मदद गर्नलाई यो अध्ययनलाई प्रयोगगर्नुहोस्।

समयको आवश्यक अनि उमेरहरुसित मिल्ने यिनीहरुमा कुनै नानीहरुले सिक्ने गतिविधिहरु चुन्नुहोस्।

एउटा चित्र पहेली एकसाथ मिलानुहोस्।



- एउटा ठूलो कागजको टुक्रामा जाति ठूलो उति राम्रो एउटा बालकको शरीरको आकार मात्रै कोर्नुहोस्। त्यो नानीहरुलाई देखाउनुहोस्।
- त्यसलाई टुक्रा-टुक्रा काटेर कमसेकम एक-एक बटा नानीहरुलाई दिनुहोस्। नानीहरुले पहेली एकसाथ मिलाएर राख्न ती टुक्राहरु जहाँ जोड़न लगाउनु होस्। ठूला नानीहरुले सानाहरुलाई मदत गरुन्।
- यदि झूण्ड सानो छ भने, समयको अघाड़िनै टुक्रा काटेर कोठाको वरिपरि लुकाउन सक्नुहुन्छ। नानीहरुलाई खोजेर पत्तो लाऊन्।
- यदि झूण्ड ठूलो छ भने, कैथौं चित्रहरुलाई टुक्राहरुमा काटनुहोस् अनि समयको अघाड़िनै अलग गरेर राख्नोस्। नानीहरुलाई अनेक झूण्डहरु बनाउन लाउनुहोस्। प्रत्येक झूण्डलाई एउटा चित्र दिनुहोस्।

- जब तिनीहरुले टुक्राहरुलाई जोड़ेर नकसा बनाऊछन्, प्रत्येक नानीले केहि भनुन् कि परमेश्वरले तिनीहरुलाई गरेको चाहनुहुन्छ। उदाहरणहरु उल्लेख गर्नुहोस् : आमा-बाबुको आज्ञा मान्नु, परमेश्वरमा भरोसा गर्नु, परमेश्वरलाई प्रेम गर्नु, मानिसहरुलाई प्रेमगर्नु, शत्रुलाई क्षमादिनु, एउटाले अर्कोको सेवा गर्नु, दिनु, मित्रहरुलाई येशूको बारे सुनाउनु, उपासना गर्नु, प्रार्थना गर्नु, बाइबल अध्ययन गर्नु, इत्यादि।
- तिनीहरुले गरेको परमेश्वर चाहनुहुन्छ भनी केहि बिचार गर्नमा ठूलाहरुले साना नानीहरुलाई मदत गरिदऊन्।

ठूलो नानी वा शिक्षक: 1 कोरिन्थी 12:4-26 अनुसार शरीरको उदाहरणलाई बुझाउनुहोस्।

- हाम्रो मण्डलीलाई हामी 'शरीर' भन्दछौं, किनभने हामी सबै हाम्रा प्रभु येशू ख्रीष्टका हौं। उहाँ हाम्रो शिर हुनुहुन्छ, अनि हामी उहाँका शरीर हौं।
- परमेश्वरले उहाँका मण्डलीमा भएका मानिसहरुलाई एउटाले अर्कोको सेवा गरुन भनी विशेष कामहरु दिनुहुन्छ।
- यी विशेष कामहरु पाएका मानिसहरु हाम्रा शरीरका अंगहरु झैं हुन् जसले मिलेर काम गर्दछन्।

हामी एउटा शरीर जस्तै कसरी काम गर्छौं प्रश्नहरु सोध्नुहोस् (प्रत्येक प्रश्नको पछि उत्तरहरु दिएकाछन्)।

- ती कामहरु के हुन् जो मानिसहरुले मण्डलीमा पाउन सक्छन्? (पद 8-10 हेर्नुहोस्)।
- हरेकलाई आत्मिकी वरदान कसले दिनुहुन्छ? (पद 11)
- ख्रीष्टमा भएका विश्वासीहरुलाई पवित्रआत्माले के भित्र बप्तिस्मा दिंदछ? (पदहरु 12-14)
- यदि जम्मै शरीर आँखा हुँदो हो ता के को कमि हुन्थ्यो? (पद 17)
- जब एउटाले शरीरमा दु:ख भोग्दछ वा आद पाउँदछ हामी के गर्ने गर्छौं? (पद 26)

जब मानिसहरु एका–अर्कोसित काम गर्दैनन् भने शरीरले कसरी कामगर्दछ नानीहरुले देखाऊन्।

- खुट्टा मानिसहरु हुन् जसले अरु स्थानहरुमा परमेश्वरको सुसमाचार लैजान्छन् भनी बुझाउनुहोस्। त्यसपछि भन्नुहोस्, ''यदि कुनै एउटा खुट्टाले त्यसको काम गरेन भने शरीर कसरी हिड्थ्यो होला हामीलाई देखाऊ।'' (नानीहरुलाई उफ्रिन लाउनुहोस्)
- त्यसै गरी आँखाको पनि गर्नोस् (जुन मानिसहरुले देख्दछन् तिनीहरुले के गरेको परमेश्वर चाहनुहुन्छ)।

1 कोरिन्थीको भागहरुलाई नाटकमा उर्तानुहोस्।

- यो छोटा नाटक नानीहरुले मुख्य आरधनाको समयमा प्रौड़हरुका निम्ति प्रस्तुत गर्नलाई अगुवाहरुसित व्यवस्था मिलाउनुहोस्। यसको एक भाग मात्र चलाए पनि हुन्छ। यसलाई तयार पार्नमा ठूला नानीहरुले मदद गरुन्।

एउटा ठूला नानीले परमेश्वरको स्वरमा बोलुन।

एक शिक्षक वा ठूलो नानी आसल ढंगमा सिकाउन स्क्छ शिक्षकको पाठ खेलुन्।

अरु नानीहरुले खुट्टा, हातहरु, आँखाहरु र कानहरुको पाठ खेलुन।

**शिक्षक :**पद 4–13 बुझाउँछ। त्यपछि भन्नोस्, ''सुन्नुहोस् परमेश्वरको आत्माले के भन्दछ।''

**परमेश्वरको स्वर :** ''आऊ। शरीरका भागहरु भइहाल। जब मैले तिमीहरुलाई बप्तिस्मा दिन्छु म तिमीहरुलाई ख्रीष्टको शरीरभित्र ल्याउँनेछु अनि म तिमीहरु प्रत्येकलाई विभिन्न कामहरु गर्नदिन्छु। यी कामहरु गर्नलाई म तिमीहरुलाई योग्यताले भर्नेछु। एउटाले अर्कोको सेवा गर्नलाई यी आत्मिकी वरदानहरु प्रयोग गर।''

**खुट्टा, हातहरु, आँखाहरु अनि कानहरु :** हात पक्रेर गोलो घेरा बनाएर बस्ने। एक पल्ट वरिपरि गर्ने। यदि झूण्ड ठूला छन्भने, ठूलो घेरा भित्र घेराहरु बनाउनुहोस्।

**शिक्षक :**पदहरु 14–21 बुझाउनुहोस्। त्यसपछि भन्नोस, ''सुन्नुहोस् दुइ अल्छे खुट्टाले के भन्दछ।''

**खुट्टाहरु :** घेरालाई छोड़। कराउ, ''हामी खुट्टाहरुको कसैले वास्ता गर्दैन। हामी झूण्डलाई त्याग्नेछौं।''

''यदि म हात होइन भने म सेवा गर्न सक्दिन्। म हात हुन चाहन्छ।'' (घेरा बनाएर बसेकाहरु सबै लड़ा)।

**कानहरु :**(रिसाएर) ''म कान मात्रै हूँ!''

''म आँखा भइदिए अझबेश हुन्थ्यो।'' (घेरा छोड़)

**हातहरु :** ''म हात हूँ, सबै भन्दा महत्वपूर्ण।''

''मलाई तिमीहरु कसैको दर्कार छैन्।'' (छोड)

**आँखाहरु :**''म आँखा हूँ! नाक, मलाई तेरो दर्कार छैन्।''

''तँ बिनानै म राम्ररी देख्छु।'' (छोड़)।

**शिक्षक :**पद 22–26 बुझाउनुहोस्। त्यसपछि भन्नोस्, ''सुन्नुहोस् पवित्रआत्माले के भन्नुहुन्छ।''


**परमेश्वरको स्वर :**तिमीहरु सबै घेरामा आऊ। परमेश्वरले तिमीहरु प्रत्येकलाई प्रयोग गर्नुहुन्छ।''

**खुट्टाहरु हातहरु, आँखाहरु अनि कानहरु :**घेरामा सामेल हुँदछन् अनि फेरि एकपल्ट वरिपरि परिक्रमा गर्छन्।

**शिक्षक वा ठूलो नानी :**नाटकमा सहयोग दिने सबैलाई धन्यवाद टक्राउने। यदि नानीहरुले यस कथालाई प्रौढ़हरुलाई प्रस्तुत गर्दछभने, तिनीहरुले प्रौढ़हरुलाई माथिको प्रश्नहरु सोधुन।

छलफल। हामीले हाम्रा विभिन्न आत्मिकी वरदानहरुद्वारा एउटाले अर्कोको सेवा गर्ने उपायहरु बारे नानीहरु अनि प्रौढ़हरुले बताऊन।

एउटा साद्यारण हातको चित्र बनाउनुहोस् अनि नानीहरुलाई नकल गर्नलाउनुहोस्। तिनीहरुका चित्रहरु अर्को उपासनाको समयमा प्रौढ़हरुलाई देखाऊन अनि बुझाउन कि हामीले एउटा शरीरको विभिन्न भागहरु झैं एउटाले अर्कोको सेवा गर्न सकौं भनी परमेश्वरले कसरी हामीलाई भिन्दा-भिन्दै योग्यताहरु दिनुहुन्छ भनी यसले व्यक्त गर्दछ।



याद गर्ने। स-साना नानीहरुले गलाती 5:15-16 सिकुन।

**कविता :**पाँच जाना नानीहरु प्रत्येकले एक-एक पद गरी भजनसंग्रह 100 बाट पाठ गरुन्। हामी एउटा शरीर जस्तै कसरी मिलेर काम गर्नसक्छौं त्यसबारे ठूला नानीहरुलाई कविताहरु वा गीतहरु लेख्न लाउनुहोस्। यो तिनीहरुले हप्ताको समयमा गरे हुन्छ।

**प्रार्थना :**''प्रिय प्रभु, हाम्रा झूण्डमा हामीलाई एउटा-एउटा काम गर्न दिनुभएको निम्ति तपाईलाई धन्यवाद। एउटाले अर्कोको सेवा गर्न हामीलाई मदत गर्नुहोस्। हामी अरु भन्दा महत्वका छौं भनी सम्झना गर्नदेखि टाड़ा राख्नुहोस्। प्रत्येक विश्वासी तपाईमा महत्वपूर्ण छ भनी विचार गर्नमा हामीलाई सहायता गर्नुहोस्।''

# परमेश्वरका आत्मिकी वरदानहरु जान्ने

पावल–तिमोथी गोठाला प्रशिक्षणे सानो किताब एस. 6 ए. ''तपाईको मण्डलीमा आत्मिकी वरदानहरु छन्'' मा आत्मिकी वरदानहरु प्रयोग गर्ने बारे प्राथमिक मार्गनिर्देशनहरु व्याख्या गरेका छन्। यदि तपाईले अझ सम्म त्यो अध्ययनलाई पढ़नु भएको छैन् भने, त्यसो भए अहिले पढ़नुहोस्।

**1. आत्मिकी वरदानहरु वर्णन गरिएका बाइबलका पृष्ठहरुको जाँच।**



सबै ईसाइ विश्वासीहरुले एउटाले अर्कोको सेवा गर्नलाई परमेश्वरले विशेष योग्यताहरु प्रदान गर्नुहुन्छ भनी नयाँ नियमको पत्रीहरुले प्रकट गर्दछ। केहि यस्ता व्यक्तिहरुलाई परमेश्वरले उपहार स्वरूप चर्चहरुमा पठाउनुहुन्छ।

दुइ मौलिक किसिमका वरदानहरु परमेश्वरले विश्वासीहरुलाई दिनुहुन्छ, 1 पत्रुस 4:10 र 11 मा पाउँछौं।

''हरेकले वरदान पाएअनुसार परमेश्वरको नाना प्रकारको अनुग्रहको कारिन्दाहरुले जस्तैगरी एउटाले अर्कोको सेवा गर। यदि कोहि बोल्छ भने परमेश्वरको वाणी जस्तैगरी, कसैले सेवा गर्छ भने, परमेश्वरले दिनुभएको बलले, कि सबै कुरामा परमेश्वरको महिमा येशू ख्रीष्टद्वारा गरियोस्, जसको सदा महिमा र पराक्रम छ।'' (उत्तर : दुइ मौलिक गतिविधिहरुको पत्रुसद्वारा उल्लेख भएका छन् :

1. **बोल्ने** (अरुलाई परमेश्वरको सत्यता बताउने)।
2. **सेवागर्ने** (अरुलाई परमेश्वरको प्रेम व्यक्त गर्ने)।

विश्वासीहरुलाई विभिन्न सेवकाइहरुको निम्ति सुसज्जित पार्नलाई परमेश्वरले चर्चहरुमा मानिसहरु दिनुहुन्छ भनी एफिसी 4:10–12 ले प्रकट गर्दछ। पाँच किसिमका गुणी व्यक्तिहरु एफिसी 4:11 मा पाउँछौं।

''उहाँले नै कुनैलाई प्रेरित, कुनैलाई अगमवक्ता, कुनैलाई प्रचारक र कुनैलाई मण्डलीको गोठालो र शिक्षक हुनलाई, सेवाको काममा र ख्रीष्टको शरीरको स्थापन्नमा पवित्र जनहरुको सिद्धता हुनाको निम्ति नियुक्त गर्नुभयो।''

(उत्तरहरु : यी पाँच किसमका मानिसहरु तलदिएका छन्)।

1. **प्रेरितहरु** (जसले मण्डलीहरु रोप्दछन्)।
2. **अगमवक्ताहरु** (जसले परमेश्वरको सत्यतालाई प्रचार गर्दछन्)।
3. **प्रचारकहरु** (जसले ससन्देश सुनाउँदछन्)।
4. **पास्टरहरु** (जसले मण्डलीलाई गोइाला गर्दछन्)।
5. **शिक्षकहरु** (जसले अरुहरुलाई परमेश्वरको आज्ञाहरु पालन गर्नमा मदत गर्दछन्)।

रोमी 12 अध्यायले विश्वासीहरुमा भएका आत्मिकी वरदानहरुले अरुहरुको सेवा ठीक रितिले गर्न सिकाउँछन्। आत्मिकी वरदानहरुको सात उदाहरणहरु रोमी 12:6–8 मा पाउँछौं जो थोरै विश्वासीहरुमा हुन्छन्।

''औ हामीलाई दिइएको अनुग्रहअनुसारका वरदानहरु विभिन्न भएका हुनाले हामी ती प्रयोग गरौं। अगमवाणीको हो भनेता विश्वासको परिमाणअनुसार हामी अगमवाणी बोलौं, अथवा सेवाकार्य हो भने, हाम्रो सेवाको काममा हामी आफैलाई दिहालौं, वा शिक्षा दिलेने, शिक्षामा, वा अर्ती दिनेले अर्ती दिने काममा, दिनेले उदारचित्तले देओस्, शासन

गर्नेले बुद्धिसित गरोस्, कृपा देखाउनेले खुशीसित देखाओस्।''

उत्तरहरु : सात किसिमका वरदानहरु तल दिएका छन्।

(1) अगमवाणी (1 कोरिन्थी 14:3 अनि 24 मा जस्तै एउटाले अर्कोसित परमेश्वरको सत्यतामा बोल्नलाई)।

(2) सेवा गर्ने (1 कोरिन्थी 12:28 मा 'सहायताहरु' भन्दछ)।

(3) शिक्षा (विश्वासीहरुले एउटाले अर्कोको सेवा गर्नलाई सुसिज्जत पार्नलाई)।

(4) अर्त्ति (संसोधन अनि उत्साह दिलाई)।

(5) उदारचित्तले दिने।

(6) उद्धोगी अगुवाइ (शुरुवा बगालको हेर्चा वा सेवकाइहरु गर्नलाई अनि विश्वासीहरुलाई एक सुरमा एकसाथ काम गराइ राख्नलाई)।

(7) खुशीसित कृपा देखाउने।

एउटै शरीरमा झैं विभिन्न वरदानहरुलाई कसरी प्रयोग गर्ने 1 कोरिन्थी 12 अध्यायले देखाउँदछ। माथि नजनाइएका घेरै बरदानहरु 1 कोरिन्थी 12:8-10 अनि 28 पदहरुमा पाउँछौं।

''किनकि एउटालाई आत्माद्वारा ज्ञानको कुरो दिएको छ, औ अर्कोलाई ल्यही आत्मानुसार बुद्धिको कुरो, कसैलाई उही आत्मामा विश्वास, र कसैलाई एउटै आत्मामा निको पार्ने वरदान, कसैलाई आश्चर्यकर्मको काम, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरु छुटयाउने, कसैलाई किसिम किसिमका भाषा बोल्ने, र कसैलाई भाषाको अर्थ लाउने।'' (1 कोरिन्थी 12:8-10)।

''औ परमेश्वरले कतिलाई मण्डलीमा नियुक्त गर्नुभएको छ-पहिला प्रेरितहरु, दोस्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु, तब आश्चर्यकाम गर्नेहरु, अनि निको पार्ने वरदान पाएकाहरु, सहायता गर्नेहरु, शासन गर्नेहरु भिन्न भिन्न भाषा बोल्नेहरु।'' (1 कोरिन्थी 12:28)।

(उत्तरहरु : अन्य आत्मिकी, भविष्यवाणी संबन्धी वरदानहरु 1 कोरिन्थी 12 अध्यायमा भएकाहरु यिनै हुन्:

ज्ञानको कुरा (परमेश्वरको सत्यतालाई काममा लगाउनमा अरुलाई सहायता गर्ने।

बुद्धीको कुरो (परमेश्वरको सत्यता बुझनलाई अरुलाई सहायता गर्ने)।

भाषाहरु (अन्य भाषाहरुमा प्रार्थना गर्ने, गाउने वा अगमवाणी गर्ने)।

भाषाहरुको अर्थ खोल्ने (कसैले बोलेको भाषाको अर्थ हो बुझाउने)।

अन्य आत्मिकी सेवा गर्ने वरदानहरु 1 कोरिन्थी 12 अध्यायमा भएकाहरु चिनै हुन्:

विश्वास (बलियो विश्वास जसमा परमेश्वरले उहाँका प्रतिज्ञाहरु स्थिर राख्न भएकोछ)।

चंगाईहरु (परमेश्वरले रोगी भित्रहरुलाई निको गरिदिऊन भनी प्रार्थना गर्ने)।

आश्चर्यकामहरु (मानिसहरुलाई के को दर्कार छन् परमेश्वरले जुटाईदिऊन भनी प्रार्थनागर्ने)।

आत्माहरु छुटयाउने (दुष्ट आत्माहरु अनि घूते आत्माको चालहरु जसले जन्माउछन् थाहा गर्ने)

शासन योजनाहरु बनाउने अनि विस्तारपूर्वक सम्बन्ध बनाइ राख्ने)।

कुनै–कुनै बोल्ने अनि सेवा गर्ने वरदानहरु साधरण तौरले अनि कहिलेकहिं परमेश्वरको शक्तिको चिन्हहरु झैं मानिसहरुलाई विश्वासमा मदत गर्नलाई काम गर्दछन्। यस्ता चिन्हारी वरदानहरुमा भाषाहरु (1 कोरिन्थी 14:22) भाषाहरुको अर्थको अर्थखोल्ने, चंगाईहरु अनि किसिम किसिमका आश्चर्यकामहरु समावेश छन्।

यद्धपि यीनीहरु नयाँ नियममा आत्मिकी वरदानहरु झैं प्रष्टसंग नचिनेता पनि केहि शिक्षकहरुले यसलाई वरदानरुका रूपमा मानीलिएका छन् :

अविवाहित (सतीत्व अनि विवाह देखि आत्मात्याग, मत्ती 19:10)।

विवाह (1 कोरिन्थी 7:7)।

अतिथिसत्कार (रोमी 12:13)।

धर्मार्थ प्राणत्याग (सुसमाचारको खातीर मर्ने अनुग्रह, प्रकाश 20:4)।

समाप्तिमा, हामीले परमेश्वरका वरदानहरुलाई तीन सामान्य वर्गहरुमा वर्गीकरण गर्ने सक्छौं :

वरदानहरु जसले परमेश्वरको वचन बोल्नमा मदद गर्दछ। वरदानहरु जसले परमेश्वरको शक्तिमा सेवा गर्नलाई मदत गर्दछ। 'चिन्ह' वरदानहरु जसले परमेश्वरको अद्‌भुत शक्ति प्रकट गर्दछ अनि विश्वास गर्नमा मानिसहरुलाई सहायता गर्दछ।

जाँच : माथिका तीन वर्गहरुमा यी कुन चाँहि वरदानहरुसित परस्पर मिल्दछ?

1. शिक्षा

2. कृपा देखाउने

3. सहेयाग

4. अर्ति

5.भाषाहरु

6. अतिथि सत्कार

(उत्तर : 1=बोल्ने। 2=सेवागर्ने। 3=सेवागर्ने। 4=बोल्ने। 5=चिन्ह (1 कोरिन्थी 14:22)। 6=सेवागर्ने)।

परमेश्वरको वचनमा उल्लेख गरिएका आत्मिकी वरदानहरुमा अरु थप वरदानहरु परमेश्वरले दिनसक्नु हुन्छ जो उल्लेख गरिएका छैनन्, जब अद्वितीय परिस्थितीहरुमा विशेष दर्कार पर्दा सृष्टि गर्नु हुन्छ।

**2. आत्मिकी वरदानहरुको बारेमा सामान्य प्रश्नहरुको उत्तर दिनलाई तयार पार्नुहोस्।**

तपाईले अघिबाटै जानी सक्नुभएको बाहेक यी प्रश्नहरुको उत्तरहरु तपाईको बाइबलमा पत्तो लगाउनुहोस्।

| **सामान्य प्रश्नहरु र भ्रान्त धारणाहरु** | **उत्तरहरु यसमा पाउँछौं** |
|---|---|
| के हरेक विश्वासीमा परमेश्वरका आत्मिकी वरदानहरु हुन्छन्? | रोमी 12:6 |
| के एटउटा विश्वासीले एकभन्दा बड़ी आत्मिकी वरदान पाउनसक्छन्? | प्रेरित 6:3, 8 र 10 |
| एउटा विश्वासीहरुलाई कुन वरदानहरु दिने भनी परमेश्वरले कसरी निर्णय लिनुहुन्छ? | 1 कोरिन्थी 12:11 |

प्रेरित पावल, जसले कोरिन्थीहरुलाई लेखे, के तिनले हरेक विश्वासीत
भाषामा बोल्नु पर्छ भनी आशा गर्थे? 1 कोरिन्थी 12:30,
माथि दिएका सुचीहरुमा कुन वरदानहरु वा सदगुणहरु एल्डरहरुलाई खाँचो छ? 1 तिमोथी 3:2
यदि डीकनहरुले बाइबल सम्बन्धी जिम्मेवारीहरु
पुरा गर्दछन् भने कुन वरदान तिनीहरुसित
विशेष हुनपर्दछ? प्रेरित 6:1-9
के हामीले उच्च आत्मिकी वरदानहरुको इच्छा गर्नुपर्छ? 1 कोरिन्थी 12:31
कोरिन्थीका विश्वासीहरुलाई कुन 'उत्तम'
आत्मिकी वरदान प्रयोग गर्न पावलले अनुरोध गरे? 1 कोरिन्थी 14:1-4
नयाँ नियममा अगमवाणी बोल्नुको तीन तह
उद्देश्य के हो? 1 कोरिन्थी 14:3
कुनै पनि आत्मिकी वरदानहरु भन्दा अझ
महत्वपूर्ण के हुन्? 1 कोरिन्थी 23 अध्याय।

(उत्तरहरु :

1=हो। 7=हो।

2=हो। 8=अगमवाणी, सुधार अर्ति र ढाढ़सको निम्ति प्रयोग गरे भने।

3=उहाँको पवित्र आत्माद्वारा। 9=सुधार गर्नु, अर्त्ति र ढाढ़स दिनु।

4=होइन। 10=प्रेम)।

5=अतिथि-सत्कार अनि शिक्षा।

6=सेवा वा सहायता।

**3. द्यैरै किसिमका आत्मिकी वरदानहरुको निश्चित उद्देश्यहरु पूरा गर्ने प्रयत्न गर।**

परमेश्वरले सबै बिश्वासीहरुलाई आत्मिकी वरदानहरु दिनुहुन्छ। विश्वासीहरुको निम्ति तिनीहरुका आत्मिकी वरदानहरु के हुन भनी जान्न संद्यै आवश्यक छैन्, तर सबै विश्वासीहरुले एउटाले अर्कोलाई प्रेमको बन्धनमा सेवा गर्नु अवश्यक छन् (रोमी 12 अध्याय)। मण्डलीमा कोहि विश्वासीहरु प्रशिक्षहरु हुन्छन्। कसैले परमेश्वरका वचनहरु प्रभाव पार्ने गरेर बोल्दछ भने अर्कोले मानिसहरुको व्यवहारिक खाँचोहरुमा सेवा गर्दछ, अनि कतिले आश्चर्य कर्महरु गर्दछ।

क। प्रत्येक किसिमका वरदानको आफ्नै उद्देश्य छ।

**बोल्ने वरदानहरु** (''अगमवाणी'') परमेश्वरको सत्यतालाई मानिसहरुले विश्वास गर्ने अनि पालनगर्नमा सहायता दिनलाई बोल्नको निम्ति हो:

**शिक्षा।** परमेश्वरको वचनलाई कसरी पालन गर्ने भनी शिक्षकहरुले मानिसहरुलाई व्याखा गर्दछ।

**अर्ति।** अर्तिदिनेहरुले उत्साह दिंदछ, मानिसहरुलाई बलियो बनाउदँछ अनि वृद्धि गराउँदछ।

विश्वास। यो वरदानद्वारा मानिसहरुले अरुहरुलाई विश्वास गर्नमा प्रेरणा दिंदछ अनि मानिसहरुलाई अधि बड़ाउनमा मण्डलीले के गर्नु पर्ने भनी परमेश्वरको सहायताको दर्शन हुँदछ।

सेवाको वरदान (सेवकाइ) परमेश्वरको शक्तिमा मानिसहरुलाई दया प्रकटगर्नलाई।

उदारचित्तले दिनु। दिनेले अरुहरुको भौतिक खाँचोहरु पुरा गर्दछ।

मार्गदर्शक अनि शासन। मिलेर काम गर्नलाई अगुवाहरुले मानिसहरुलाई सहायता गर्दछ।

कृपा देखाउने। कृपालु व्यक्तिहरुले अरुहरुको खाँचोहरु व्यवहारिक दंङ्गमा पुरा गर्दछ।

चिन्हको वरदान (चमत्कारहरु) मानिसहरुलाई तिनीहरुको विश्वासमा मदद गर्नलाई परमेश्वरको शक्तिलाई प्रदर्शन गर्नलाई।

आत्माहरु छुटयाउने। विवेचकहरुले सत्य र झूटोको भेद निकाल्दछ।

चंगाइहरु। चंङ्गा पार्नेले मानिसमा शारीरिक वा भवमय स्वास्थ्य लाउँदछ।

भाषाहरु अनि भाषाहरुको व्याखा। कोहि मानिसहरुले तिनीहरुले नजानेका भाषामा बोल्दछ वा प्रार्थना गर्दछन्। अनि, यदि तिनीहरु मानिसहरुका झूण्डमा बोले भने, अरुले बुझने भाषामा तिनीहरुका संदेशलाई व्याखा गरिदिनु पर्छ।

अगमवाणी। अगमवाणी वेलेता पनि विश्वासीहरुलाई एक चिन्ह पनि हुन् (1 कोरिन्थी 12:22)।

ख। प्रत्येक किसिमका गुणी व्यक्तिले काम गर्नुछ।

बोल्ने व्यक्तिहरु

अगमवक्ताहरु। अगमवक्ताहरुले समाचारहरु घोषणा गर्दछन् जसले मानिसहरुलाई विश्वास तर्फ डोरयाउँदछन्।

प्रचारकहरु। प्रचारकहरुले येशूको विषयमा सुसमाचारहरु वर्णन गर्दछन्।

शिक्षकहरु। शिक्षकहरुले येशूका आज्ञाहरु कसरी पालन गर्ने भनी आदेश दिंदछन्।

सेवा गर्ने व्यक्तिहरु

प्रेरितहरु। प्रेरितहरुलाई नयाँ मण्डली खड़ा गर्नलाई अनि अगुवाहरुलाई प्रशिक्षण दिनलाई अन्य जगहहरु पठाइदिए।

गोठालाहरु। गोठालाहरुले मण्डलीहरु अनि झूण्डहरूलाई अगुवाइ गर्दछन् अनि खुवाउँदछन्।

ग। गोठालाहरुले हरेक विश्वासीहरुलाई तिनीहरुका वरदानहरु प्रयोग गर्नमा सहयोग गर्दछन्।

जसै मानिसहरुले सानो झूण्डमा एउटाले अर्कोको सेवा गर्दछ, तिनीहरुका आत्मिकी वरदानहरु स्पष्ट देखापर्नेछ अनि अरुले यो थाहा गर्नेछ। सेवा गर्नबाट नयाँ विश्वासीहरुलाई प्रतिबन्ध नलाउनुहोस्।

सवै विश्वासीहरुले तिनीहरुका आत्मिकी वरदानहरु एका-दुस्राको सेवा गर्नको निम्ति प्रयोग गर्नलाई मौकाहरु मिलाउनु होस्। यसलाई सानो झूण्डमा गरे राम्रो हुन्छ। पवित्र आत्माको कामलाई प्रतिभाशाली मानिसहरुलाई सुन्नेमा मात्र सिमित नराखौं।

**पावल-तिमोथी पूरक अध्ययन-व्यवस्थापन, एस. 6 ई.**

विश्वासीहरुलाई लगातार सम्झना गराउनुहोस् कि जब तिनीहरुले आत्मिकी वरदानहरु प्रयोग गर्दछन् तब मानिसहरु प्रति प्रेम दिनपर्छ। जब मानिस क्रोधित र अप्रेमी हुन्छन् तब तिनीहरुका वरदानहरुले मानिसहरुलाई विगार गर्न सक्छन्।

मानिसहरुले तिनीहरुका वरदान अनुसार मण्डलीहरु अनि कोठे झूण्डहरुमा कार्यालय र सेवकाइहरुको जिम्माहरु लिऊन्। मानिसहरुलाई ती कामहरु नसुम्पनुहोस् जसमा त्यस कामको वरदान नै छैनन्।

धर्मगुरुहरु (एल्डरहरु) सित बोल्ने वरदान हुनुपर्छ, अनि डीकनहरुमा सेवाको वरदान हुनुपर्छ।

साना झुण्डहरु अनि सेवकाइको दलहरुमा विभिन्न वरदान भएका सदस्यहरु हुनपर्छ ताकि पवित्र आत्मामा सुर मिलाउन सकिन्छ। एउटै वरदान भएका मानिसहरुका झुण्डलाई टार्नुहोस्।

विश्वासीहरुलाई परमेश्वरले दिनु भएको वरदानहरु थाहा पाउनलाई मदद गर्न तिनीहरु आफैले आफैलाई बाइबलका चरित्रहरुसित, जो परमेश्वरका वरदानहरुको नमुना बने, तुलना गरुन्। बाइबलमा भएका चरित्रहरु जसको योग्यताहरु वा सद्गुणहरुलाई नकलगर्न तिनीहरुले कटुइच्छा राख्दछ, चिनाउनमा तिनीहरुलाई मदद गर्नुहोस्। बिश्वासीहरुलाई तिनीहरुको विषयमा कथाहरु सुनाउनुहोस् अनि कुन व्यक्तिसित द्येरै राम्ररी-परिचितद्येहुन सके अनि किन भनी प्रश्न सोध्नुहोस्। यहाँ केहि उदाहरणहरु छन् :

**बाइबलका नमुनाहरु**

तिनीहरुले झैं सेवा गर्ने, जोहरु यरुशलेम वरिपरिको पर्खाल मर्मत गर्नलाई जम्मा भएका थिए, नहेम्याह 3 अध्याय अनि 6:15-16 मा पाउँछौं (तपाई तिनीहरु सित एकै हुनुहुन्छ)।

अबीगेलले दाऊदका दरिद्र मानिसहरुलाई गरेझै उदारचित्तले दिने, 1 शमूएल 25 (1 कोरिन्थी 9 अध्यायमा दिने विषयमाथि मार्गनिदेशनहरु पाउँछौं)।

प्रेरित 20:16-38 मा पावलले एफिसीका एल्डरहरुलाई गरेझै, उत्साह (अर्ति) दिने

लूका 10:30-35 मा जाती सामरीले गरे झैं दया देखाउने। मत्ती 25:31-46 अनि प्रेरित 6:1-7 मा यो वरदानलाई चलाउने मार्गदर्शनहरु पाउँछौं।

परमेश्वरका मानिसहरुलाई उहाँमा फर्काउनलाई उत्तेज्जित संदेशहरु यर्मियाले दिएझैं अगमवाणी गर्ने, यर्मिया 1 अध्याय। नयाँ नियममा यस वरदानको उद्देश्य 1 कोरिन्थी 14:3-4 मा पाउँछौं।

नहेम्याह 8 अध्यायमा एज्राले परमेश्वरको व्यवस्था मानिसहरुलाई व्याखा गरेझैं सिकाउने। शिक्षाको साँचो उद्देश्यको निम्ति ऐफिसी 4:11-16 हेर्ने।

मोशाले अरु सेवक अनि यहोशू र तिनको दल सहितलाई सहायता गर्नलाई गरे झैं अगुवाइ गर्ने : प्रस्थान 18:13-26 र यहोशू 4-6।

1 राजा 3 अध्यायमा राजा सुलेमानले झैं बुद्धिमारीसित सल्लाह दिने।

नहेम्याहले पर्खालहरुको परिक्षण पछि गरेझैं वास्तविकता माथि ज्ञानले काम गर्ने वा विरियाकाहरुले वचन सित, नहेम्याह 1:11-20 अनि प्रेतिर 17:10-12।

सहायता, अक्वीला र प्रिस्किलाले पावल अनि अपोल्लसको निम्ति गरे झैं गर्ने (प्रेरित 18:1-5, 24-28)।

जाने, एउटा प्रेरित झैं, (एउटालाई पठाउने सेवक) योना पानी मुनीको प्रशिक्षणमा भए झैं, पावल र बर्णाबास झैं (प्रेरित 13-14 अध्यायहरु)। पावलको मुख्य मिशनेरी सिधान्तहरु रोमी 5:20-21 मा पाउँछौं।

# प्रेरितहरुले एल्डरहरुलाई गर्नु भनझैं परमेश्वरका गोठालाहरुले गर्छन्।

बालकहरुलाई सिकाउनेले अध्ययन पी. 1 बी. पढ्नुपर्छ।



''तिमी धर्मगुरुहरुलाई म पनि एक धर्म गुरु र ख्रीष्टको शासनाको गवाही, र प्रकट हुन लागेको महिमाको सहयोगी पनि हुनेले, उपदेश दिन्छु, तिमीहरुका जिम्मामा रहेको परमेश्वरको बगालको गोठाला होओ। करले होइन, तर परमेश्वरको इच्छाबमोजिम, खुशीसाथ। पैसाको लोभले होइन, तर तयारी मनले, तिमीहरुका जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको उदाहरण होओ। और जब मूल-गोठाला प्रकट हुनुहुन्छ, तब तिमीहरुले कहिल्यै नओइल्याउने महिमाको मुकुट पाउनेछौ।

**प्रार्थना :** ''प्रिय प्रभु, तपाईले हाम्रो जिम्मामा दिनुभएको बगालको गोठाला गर्नलाई हामी धर्मगुरुहरुलाई मदत गर्नुहोस्। प्रभु येशू अनि प्रेरितहरुले नमुना दिए झैं खुशीसाथ, पैसाको लोभले होइन, तिनीहरुमाथि अधिकार जमाएर होइन तर नम्रताको सेवाद्वारा एक उदाहरण बन्नलाई मदत गर्नुहोस्।''

## 1. एक गोठालाको जिम्मेवारी पुरा गर्नलाई परमेश्वरको वचनले तयार पर्ने।

पावलले तिनको वचन अनि उदाहरणहरु द्वारा धर्म गुरुहरुलाई के गर्नु भनी सिकाए, प्रेरित 20:17-38 मा पाउँछौं :



- धर्मगुरुहरुले कहाँ सिकाउने (पद 20)।
- धर्मगुरुहरुले के घोषणा गर्नुपर्छ (पद 27)।
- धर्म-गुरुहरु किन होशियारी हुनपर्छ (पद 28-29)।
- ब्वाँसाहरु कहाँ देखापर्दछ (पद 30-31)।
- एफिसीमा पावलले कसरी जीविका चलाउँथे (पद 33-35)।
- धर्मगुरुहरुले तिनीहरुको शिक्षकलाई कस्तो प्रेम दर्शाए (पद 37-38)।

धर्म-गुरुहरुलाई गर्ने अनि तिनीहरुले योग्यताको आधारहरु तितस 1:5-9 मा पाउदँछौं:

- तितसले क्रेटको हरेक शहरमा के गर्नुपर्ने थियो (पदहरु 4-5)।
- धर्मगुरुहरुका योग्यताहरु (पदहरु 6-9)।

गोठालाहरुमा हुन पर्ने सद्‌गुणहरुलाई पावलले दिएका सुचीमा प्रार्थना सहित पुनर्विचार गर्नलाई केहि समय दिनुहोस्, अनि त्यसबाट दुइ वा तीनलाई चुन्नुहोस् जसको अझ पूर्णरूपले विकास गर्न तपाईलाई खाँचोछ।

मेरो गोठाला! म सित भएको समस्याको लागी मलाई तपाईको बुद्धिमानी सल्लाहको खाँचो छ। मेरो घरमा आउनुहोस्।

भोली, मेरी श्रीमतीको साथमा म तपाईकहाँ भ्रमण गर्नेछु।



**''एक कारिन्दा निन्दाबाट अलग...आत्मासंयम हुनै पर्दछ...(तितस. 1:7-8)।**

**एफिसी 4:11-12 मा धर्म**-गुरुहरुको निम्ति यीचाहिने कुराहरु पाउँछौ (दिएका पदहरुमा उत्तरहरु पाउनुहुन्छ)।

- तपाईको शिक्षाले विश्वासीहरुले के गर्न सक्ने हुनपर्छ (पदहरु 11-12)।
- तपाईको अगुवाइ प्रति परमेश्वरको उद्देश्य (पद 13)।
- सिद्धान्तको विषयमा तपाईको अुवाइको परिणाम (पद 14)।
- विश्वासीहरुले बोल्ने तरिका विषय प्ररिणाम (पद 15)।
- विश्वासीहरुले एउटाले अर्कोलाई कसरी व्यवहार गर्ने विषयको प्ररिणाम (पद 16)।

बुरो आचरण भएकाहरुसित धर्म-गुरुहरुले कसरी व्यवहार गर्ने भनी मत्ती 18:15-17 मा पाउँछौं।

कुनै पनि दोबारोपनलाई व्यवहार गर्नभन्दा पहिले त्यसबारे के गर्नपर्छ?

मेरिले मलाई फेरि असन्तुष्ट गरायो। त्यसलाई केहि गर्नुहोस्।



तपाईले यसबारे उसित कुरा गर्नुभयो? येशूले मन्नुभएको छ, कि पहिले, तिमी एकलै गएर त्यस सित कुरा गर।

**2. हप्ता भरी गर्नपर्ने गतिविधिहरुबारे सहकर्मीहरुसित योजना गर्ने।**

गोठालाको कर्तव्य पूरा गर्नलाई परमेश्वरको सहायताको निम्ति तपाईले प्रार्थना गर्नुहोस्।

तपाईको बगालभित्र कुन सेवकाइहरुलाई ध्यान दिन आवश्यक छन् खटयाउने अनि तिनीहरुको वृद्धि गर्नलाई योजना बनाउने :

अभियोग नलगाइ सुधारगर्ने, परामर्श दिने अनि कष्टमा परेका र बरालिएका भेड़ाहरुलाई फिती ल्याउने, 1 कोरिन्थी 5 अध्याय। गलाती 6:1-2।

वैवाहित जीवन अनि पारिवारीक जीवनलाई दरिलो पार्ने, एफिसी 5:21 देखि 6:4 सम्म।

विश्वासीहरुलाई प्रार्थना अनि दैनिक व्यक्तिगत र पारिवारीक भन्नमा सहयोग दिने, 1 थिस्सलोनिकी 5:17।

रोगी, खाँचोमा परेका अनि अन्यायको शिकार बनेकाहरुको निम्ति प्रार्थना गर्ने, उत्पत्ति 18:20-33, याकूब 5:14-15।

चर्चको समूह भित्र अनि बृहत समुदायमा दरिद्रहरुको सेवा गर्ने, प्रेरित 6:1-6, गलाती 6:10।

परमेश्वरले हामीलाई जो दिनभएको छ त्यसैको भण्डारे बनेर दिने, लूका 6:38, मत्ती 25:14-30।

एउटै शरीरमा तिनीहरुका वरदानहरु अनुसार सबैले एकसुरमा सेवा गरुन भनी व्यवस्था गर्ने, 1 कोरिन्थी 12 अध्याय।

बगाल भित्र अनि अरु बगालहरुसित एका-दुस्राको सेवा गर्ने, 1 कोरिन्थी 12, एफिसी 4:11-16, रोमी 12:4-16।

बगालका सदस्यहरु माझ प्रेमको संगतीलाई वृद्धि गर्ने, रोमी 12:26-28, हिब्रू 10:25, प्रेरित 2:46, 20:7।

येशूको विषयमा मानिसहरुलाई सुनाउने, लूका 24-46-48, प्रेरित 1:8 2 तिमोथी 4:5।

येशूका आज्ञाहरु पालन गनेहरुलाई चेला बनाउने, मत्ती 28:18-20 (उदाहरण : प्रेरित 2:37-47)।

सेवाकाईहरुको निम्ति विश्वासीहरुलाई सुसज्जित पार्नलाई वचन प्रयोग गर्ने, 1 तिमोथी 3:16-17, याकूब 1:22-26, एफिसी 4:11-12।

जहाँ मानिसहरु त्यागीएका छन् त्यहाँ नयाँ खड़ा गर्ने, प्रेरित 13 र 14 अध्याय।

त्यागीएका अनि ग्रहण योग्य व्यक्तिहरु कहाँ 'प्रेरितहरु' तयार पारेर पठाउने, मत्ती 28:18-20, प्रेरित 1:8, 13:1-3।

कमजोड़ गोठालाहरु र शिकारू प्रेरितहरु जत्तिलाई सल्लाह दिने, मर्कूस, 3:14, तितस 1:5, 2 तिमोथी 2:2

**3. आउँगदो उपासनाको समयको निम्ति गतिविधिहरु सहकर्मीहरुसित बनाउने।**

एफिसीका धर्म-गुरुहरुसित पावलको भेटघाटबारे प्रेरित 20:17-38 बाट बताउनुहोस्, भाग-1 मा तपाईले के प्राप्त गर्नु भयो त्यसबारे प्रश्नहरु गर्ने।

गोठाला गर्ने धर्म-गुरुहरुको कर्तव्यहरु अनि गुणाहरु व्याख्या गर्ने।

भाग-2 अनुसार सेवकाइहरुको निम्ति खाँचोलाई पुरागर्ने योजनाहरुलाई घोषणा गर्न।

प्रभुभोज परिचय दिनलाई यूहन्ना 10 अध्यायको 11-15 पदहरु पढ्नोस्। येशू असल गोठाला हुनुहुन्छ जसले आफ्ना भेड़ाहरुको निम्ति आफ्नो रगत बहाउनु भयो, जो हामीहरु नै हौं।

नानीहरुले जे तयार पारेका छन् प्रस्तुत गरुन् (नयाँ गोठालाको अध्ययन झैं एउटै विषय र अंकको पावल-तिमोथी बालकहरुको अध्ययन-बाल-शिक्षकहरुले निरन्तर प्रयोग गरेको हुनपर्छ)।

प्रार्थना गर्न, एउटाले अर्कोलाई उत्साह दिन अनि योजनाहरु बनाउनलाई दुइ वा तीन व्यक्तिहरुको झूण्डमा भेट गर्नुहोस्।

यर्मिया 3:15 एकसाथ कण्डस्थ गर्नुहोस्।

# एउटा ठिटोको उपहारबाट येशूले 5000 मानिसहरुलाई खुवाए

**प्रार्थना :** ''प्रिय प्रभु, एक असल गोठालाले के गर्दछ भनी नानीहरुलाई देखाउन यो अध्ययनलाई प्रयोग गर्नुहोस्, जसमा कि तिनीहरुले एका-अर्कालाई स्नेहपूर्वक सेवा गरुन्।''

नानीहरुको उमेर र आवश्यकताहरुलाई मिल्ने कुनै पनि गतिविधिहरु चुन्नुहोस्।

एउटा ठिटोले येशूलाई कसरी पाँचवटा रोटी र दुइवटा माछा दिए जसबाट उहाँले भीड़हरुलाई उदभुत प्रकारले खुवाउनु भयो व्याख्या गर्नुहोस् (यूहन्ना 6:9)।

हाम्रा असल गोठाला येशूले 5000 मोको मानिसहरुलाई पाँचवटा रोटी र दुइवटा माछाले कसरी खुवाउनु भयो त्यस कथालाई मर्कूस 6:30 बाट ठूला नानी वा शिक्षकले पढ़ी दिऊन वा मुखस्त सुनाउन।

**यी प्रश्नहरु सोध्नुहोस्** (मर्कूस छ अध्यायको पदहरुमा उत्तर पाउनुहुन्छ)।

- येशूले मानिसहरु भोकाएका छन् भनी कसरी गनुभयो? (पद 34)।
- भोकाएका मानिसहरुको निम्ति के गर्नु भनी येशूले आफ्ना चेलाहरुलाई बताए? (पद 37)।
- चेलाहरुले मानिसहरुलाई बसाउन कसरी व्यवस्था मिलाए? (पद 40)
- भीड़लाई ख्वाउनलाई येशूले के प्रयोग गरे? (41)
- तिनीहरुले उबारेका खाना कति थिए? (पद 43 हेर्नुहोस्)।



येशूले 5000 मानिसहरुलाई खुवाउनु भएको कथालाई मर्कूस 6:30:44 बाट नाटकमा उतार्नुहोस्।

नाटकलाई प्रस्तुत गर्न मण्डलीका अगुवाहरु सित व्यवस्था मिलाउनुहोस्। नाटक तयार पार्नलाई तपाईको समयलाई नानीहरुसित बिताउनुहोस्। ठूला नानीहरुले सानाहरुलाई मदद गरुन्।

- ठूला नानीहरु वा प्रौड़हरुले येशूको पाठ अनि कथक जसले नानीहरुलाई तिनीहरुले के बोल्ने र गर्ने सम्झना गराउनमा मदद गर्ने अनि कथालाई संक्षिप्तमा बताउने।
- साना नानीहरुले भोकाएका मानिसहरु र चेलाहरुको, जससित योजनालाई प्रतिनिधि गर्ने केहि थोकहरु छन्, भागहरु गरुन्।

**कथक :**मर्कूस 6:30-44 बाट कथा सुनाउनुहोस्। त्यसपछि भन्नोस, ''सुन्नुहोस् मानिसहरुले के भन्दछन्।''

**मानिसहरु :**''हामी येशूको पछि लागौं।''

''मलाई त-उहाँको शिक्षा सुन्न मनपर्छ।''

''उनी हाम्रा असल गोठाला हुनुहुन्छ।''

**चेलाहरु :**''येशू, तिनीहरुलाई विदा दिनुहोस्।''

''तिनीहरु भोकाएकाछन्, अनि यस ठाउँमा खानलाई केहि पाइन्दैन।''

**येशू :**''तिमीहरुले नै तिनीहरुलाई खान देओ।''

**चेलाहरु :**''तिनीहरुलाई हामीले कसरी खान दिने?''

''हामीसित प्रशस्त पैसा छैन्।''

''हामीसित पैसा भए पनि भोजन पाउने ठाँउ नै छैन्।''

**येशू :**यो ठिटोले उसको खाना मलाई भेट गर्दैछ! मानिसहरुलाई दल दल गरी बस्न लगाऊ।''

**मानिसहरु :**साना साना दलमा बस।

**येशू :**माथि हेर अनि भन, ''हे पिता, यस भोजनको निम्ति हामी तपाईलाई धन्यवाद टक्राउँछौं।''

**चेलाहरु :**मानिसहरुलाई 'खाना' बाँड़िदिन्छन्।

**मानिसहरु :**खाएको जस्तो गर। भन, ''हेर त! हरेको

निम्ति भोजन प्रशस्त भयो।''

''कति मिठो भोजन।''

''कति द्येर उब्रेछ पनि।''

''बाह्र टोकरी भरी उब्रेछन्।''

''कति उदेकको।''

**कथक वा ठूला नानी :**सहयोग दिने हरेकलाई धन्यवाद दिने।

**प्रश्नहरु।** यदि नानीहरुले नाटक प्रौड़हरुलाई प्रस्तुत गरेभने तिनीहरुले नै प्रौढ़हरुलाई माथि दिएका प्रश्नहरु सोधुन।

- परमेश्वरले मानिसहरुको वास्ता अरु कस्तो किसिमले राख्नुहुन्छै? (नानीहरु अनि प्रौढ़हरुलाई उदाहरणहरु दिन लाउनुहोस्)।
- हाम्रा गोठालाहरुले आजको दिनहरुमा परमेश्वरका जनहरुलाई कुन किसिमले खुवाउने गर्दछन्?


[उत्तर : परमेश्वरका वचनले। येशूले भन्नुभयो, ''मानिस भोजनले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्तछ।'' (मत्ती 4:4)। जब शैतानले येशूको परिक्षा गर्दा, येशूले शैतानलाई उत्तर दिनलाई परमेश्वरको वचनलाई सद्यै प्रयोग गर्नुभयो भनी बुझाउनुहोस्]।



एउटा माछाको चित्र बनाउनुहोस्। नानीहरुलाई नकल गर्न लाउनुहोस्। ठूला नानीहरुले पाँच वटा रोटी र दुइ वटा माछाको चित्र बनाउन सक्छन्।

- नानीहरुले तिनीहरुका चित्रहरु अर्को उपासनाको समयमा प्रौढ़हरुलाई देखाउन् वा घरमा आफ्ना माता–पितालाई देखाउन्।
- येशूले मानिसहरुको खाँचोहरुको कसरी वास्ता राख्नुहुन्छ यो चित्रले बुझाउँदछ भनी नानीहरुले प्रौढ़हरु र माता–पिताहरुलाई सम्झाउन्।
- या पनि बुझाउन दिनुहोस् कि हामी कोहि पनि स्वर्गमा कहिल्ये भोकाउने छैनौं।

यूहन्ना 6:51 कण्ठस्थ पार्नुहोस्।



**कविता**। तीन जना नानीहरु प्रत्येकले दुइ–दुइ पद गरी भजनसंग्रह 146 को 2 र 6, 7 र 8 अनि 9 र 10 पाठ गरुन्।

परमेश्वरको वचनलाई मानिसहरुले कसरी भोज गर्छन भन्ने बारेमा ठूला नानीहरुले कविता वा गीतहरु लेखुन्।

**प्रार्थना :** मत्ति 6:9–13 बाट प्रभुको प्रार्थना भन्नुहोस्।

# परमेश्वरले ईसाइ मण्डलीहरुलाई कारिन्दाहरु दिंदछन्।



**विषयसूचीहरु**

परिचय

विषयसूचीहरु

परिचय

कथा

कारिन्दहरुको बारेमा बाइबलले के भन्दछ

1. प्राचिन इस्राएलमा

2. सुसमाचारहरुमा

3. यरुशलेमका मण्डलीहरुमा

4. अन्यजाती मण्डलीहरुमा

5. मण्डलीहरुलाई लेखेको पत्रीहरुमा

6. पास्टरहरुलाई लेखेको पत्रीहरुमा

7. ईसाइहरुलाई लेखेको पत्रीहरुमा

व्यवहारिक सुझाउ

निरीक्षकहरुलाई खतरा

कथा जारी राख्ने

व्यवहारिक काम

समाप्ति

## परिचय

तपाईको मण्डली वा झूण्डमा येशूका अनुयायीहरुलाई निरीक्षण गर्न तपाईलाई पवित्र आत्माले सिकाउन भनी विन्ती गर्नुहोस्।

श्रीमान प्रशिक्षकले श्री विश्वासीलाई  सोध्छ, ''के कसैले नयाँ जन्मेको बालकलाई त्यो आफै बढ़ोस् भनेर बाहिर मैदानमा छाड़ीदिन्छ?''

श्री विश्वासी हाँस्छन् अनि उत्तर दिंदछ, ''अहँ, माता-पिताले नयाँ जन्मेको बालकलाई तिनीहरुका घरभित्र ल्याउँछन् अनि त्यसको हेर-विचार गर्छन्।''

श्रीमान प्रशिक्षकले श्री विश्वासीलाई सोध्छ, ''एउटा गोठालाले तिनका भेड़ाहरुलाई यता-उता जाओस् भनेर छोड़ी दिन्छ?''

श्री विश्वासी फेरि हाँस्छन् अनि जवाब दिंदछ, ''अँह, एउटा असल गोठालाले उसको भेड़ाहरुलाई डोराउदँछ अनि ब्वाँसाहरुदेखि तिनीहरुलाई रक्षा गर्दछन्। जसै बगाल बड़दै जान्छ, गोठालाले नयाँ गोठालालहरुलाई भेड़ाहरुको हेरचाह गर्न र तिनलाई सहयोग पुरयाउन भनी तालिम दिंदछ।''

श्रीमान पशिक्षकले व्याख्यगर्दछ, ''यस्तै प्रकारले नयाँ विश्वासीहरुलाई पनि तिनीहरुको देख-रेख गर्नलाई कसैको आवश्यता पर्दछ। त्यस्ता फिक्री गर्नेहरुलाई हामी 'निरीक्षकहरु' भन्दछौं। निरीक्षकहरुलाई पास्टरहरु, गोठालाहरु, धर्मगुरुहरु, अनि सेवकहरु पनि भन्दछन्।

श्रीमान प्रशिक्षकले थप्पछ, ''तिम्रो शहरका विभिन्न मानिसहरुले येशूलाई पछयाउन लागेकाछन्। यदि मैंले तिमीलाई प्रशिक्षण दिएँ भने, तिनीहरुका निरीक्षक भएर तिनीहरुलाई सिकाउने अनि तिनीहरुको रक्षा गर्ने हुन चाहन्छौं?''

श्री विश्वासीले उत्तर दिंदछ, म नयाँ अनुयायीहरुलाई मदत गर्न चाहन्छु, तर कसरी निरीक्षक बन्ने मलाई थाहा छैन्। एउटा कारिन्दाले के गर्नुपर्छ?''

श्रीमान प्रशिक्षकले सुझाउ दिंदछ, ''निरीक्षकको बारेमा हामी बाइबलबाट पढ़ौं।''

## निरीक्षकको विषयमा बाइबलले के भन्दछ

### 1. प्राचिन इस्राएलमा

द्येरै समय अघि अनन्तको परमेश्वरले इस्राएली जातीलाई मिश्रबाट उम्कनलाई सहायता गर्नुभयो, मोशा तिनीहरुको एकमात्र अगुवा थिए। दिनहुँ, बिहान देखि बेलुकीसम्म, तिनले मानिसहरुको प्रश्नहरुको उत्तर दिने गर्थे अनि तिनीहरुका झगड़ाहरु निश्चित गर्दथे। तिनी घेरै कमजोड़ भए अनि तिनले मानिसलहरुलाई मदत पुरयाउन नसक्ने अवस्थामा पुग्दा तिनीहरुले असंतोष प्रकट गरे।

जब मोशाको ससुरा तिनलाई भेटन आए, तिनले मोशालाई व्यस्त रहेको भेटाए अनि तिनलाई यो सल्लाह दिए :

''मेरो कुरा सुन, म तिमीाई एउटा सल्लाह दिनेछु। परमेश्वर तिमीसित रहून्। तिमी चाहिं मानिसहरुका प्रतिनिधि मएर परमेश्वरका अगि तिनीहरुका मुद्दा उहाँको सामु लैजानू। तिमीले तिनीहरुलाई विधि र व्यवस्था सिकाउने गर्नू, र तिनीहरुले हिड़ने मार्ग र व्यवस्था सिकाउने गर्नु, र तिनीहरुले हिड़ने मार्ग र गर्नुपर्ने काम तिनीहरुलाई सिकाइदिनू। यसबाहेक सबै मानिसहरुमध्येबाट परमेश्वरको भय मान्ने औ योग्य मानिसहरु चुन, तिनीहरु इमान्दारी र चरित्रवान होऊन्। तिनीहरुलाई हजार हजार, सय सय, पचास पचास र दश दशमाथि नायक नियुक्त गर। तिनीहरुले हर समय मानिसहरुको इन्साफ गरुन्। सबै ठूला ठूला विषयहरु चाँहि तिनीहरुले तिम्रो सामु ल्याऊन्, तर साना साना विषयहरु चाहिं तिनीहरुलेनै इन्साफ गरुन्। यसरी तिमीलाई सजिलो पर्नेछ, र तिनीहरुले पनि तिम्रो भार बाँड़ने छन्। तिमीले यो उपाय गरयौ भने, र परमेश्वरले पनि यही आज्ञा तिमीलाई दिनुभयो भने तिमी

टिक्नसक्ने छौ, र यी सबै मानिसहरु पनि आफ्ना आफ्ना ठाउँमा चित्त बुझेर जानेछन्। त्यसैकारण मोशाले आफ्नो ससुराले भनेको कुरा माने, र तिनले भने बमोजिमनै सबै गरे। (प्रस्थान 18:19-24)।

यी प्रश्नहरुको उत्तर दिनुहोस् :

- कारिन्दाहरु हुन किन महत्वपूर्ण छन्?
- कस्तो किसिमका व्यक्तिहरु कारिन्दा बन्न सक्दछन्?
- एउटा कारिन्दालाई कति प्रकारका झूण्डहरुको आकारको खाँचो पर्छ?

**2. सुसमाचारहरुमा**

येशूले जान्नुहुन्थ्यो कि उहाँका अनुयायीहरुलाई यस्तो मानिसको आवश्यकता छ जसले तिनीहरुलाई प्रेम गर्दछ, तिनीहरुलाई शिक्षा दिंदछ, अनि तिनीहरुलाई डोरयाउदछ। उहाँ आफैबगालको एक असल गोठाला हुनहुन्छ भनी सिकाउनु भयो। उहाँले भन्नुभयो:

म असल गोठालो हूँ, यसर्थ म आफ्ना जतिलाई चिन्छु, औ आफ्ना जतिले मलाई चिन्छन्। जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, औ म भेड़ाहरुका लागि आफ्नो प्राण अर्पण गर्छु। मेरा अरु भेड़ा छन्, जो यस गोठका होइनन्, तिनीहरुलाई पनि मैले ल्याउनु परेको छ, र तिनीहरुले मेरो सोर सुन्नेछन्, औ तिनीहरु एकै बगाल र एकै गोठालाका हुनेछन्। यसैकारण पिताले मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण त्यो म फेरि लिने हेतुले, अर्पण गर्छु।

येशूको मृत्यु र पुनरूथान भए पछि, उहाँ कतिपथ चेलाहरु कहाँ देखा पर्नु भयो।

येशूले शिमोन पत्रुसलाई भन्नुभयो, ''ए योआनेसको छोरो शिमोन, के तिमी मलाई यिनीहरुभन्दा बढ़ी प्रेम गर्दछौ? तिनले उहाँलाई भने, ''ज्यू प्रभु, तपाई जान्नुहुन्छ, तपाईलाई प्रेम गर्छु।'' उहाँले तिनलाई भन्नुभयो, 'मेरा पाठाहरु चराऊ।' उहाँले फेरि दोस्रोपल्ट तिनलाई भन्नु भयो, 'ए योआनेसको छोरो शिमोन, के तिमी मलाई प्रेम गर्दछौ?' तिनले उहाँलाई भने, ज्यू प्रभु, तपाई जान्नुहुन्छ, म तपाईलाई प्रेम गर्छु।' उहाँले तिनलाई भन्नुभयो, 'मेरा भेड़ाहरुको हेरचाह गर।' उहाँले तिनलाई तेस्रोपल्ट भन्नुभयो, 'ए योआनेसको छोरा शिमोन, के तिमी मलाई प्रेम गर्छौ?' पत्रुस दु:खित भए, किनकि उहाँले तेस्रोपल्ट तिनलाई 'के तिमी मलाई प्रेम गर्छौ?' भन्नुभयो, तिनले उहाँलाई भने, 'प्रभु, तपाई सब कुरा जान्नुहुन्छ, म तपाईलाई प्रेम गर्दछ भनी तपाईलाई थाहै छ।' येशूले तिनलाई भन्नु, 'मेरा भेड़ाहरुलाई चराऊ।' (यूहन्ना 21:15-17)।

त्यसपश्चात् पत्रुसले चेलाहरुलाई एउटा पत्र लेखे अनि भने :

तिमी धर्म-गुरुहरुलाई म पनि एक धर्म-गुरु र ख्रीष्टको शासनाको गवाही र प्रकट हुन लागेको महिमाको सहयोगी पनि हुनेले, उपदेश दिन्छु, तिमीहरुका जिम्मामा रहेको परमेश्वरको बगालको गोठालो होओ। करले होइन, तर परमेश्वरको इच्छा बमोजिम, खुशीसाथ। पैसाको लोभले होइन, तर तयारी मनले, तिमीहरुका जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको उदाहरण होओ। औ जब गलत गोठाला प्रकट हुनुहुन्छ, तब तिमीहरुले कहिल्यै नओइलाउने महिमाको मुकुट पाउने छौ। (1 पत्रुस 5:1-4)।

यी प्रश्नहरुको उत्तर दिनुहोस्।

- एक निरीक्षकको काम एउटा गोठालाको झैं। के हुन्?
- निरीक्षकहरुको प्राय: पद्धतिहरु के के हुन?

- जसले निरीक्षक झैं सेवा गर्दछ त्यसलाई परमेश्वरबाट कस्तो इनाम प्रदान गरिन्छ?

**3. यरुशलेमका मण्डलीमा**

यरुशलेमका मण्डलीमा प्रेरितहरु आफैले निरीक्षकको काम गरे। प्रेरित 4 र 5 अध्याय।

बड़ो शक्तिसित ती प्रेरितहरुले प्रभु येशूको पुनरुत्थानको गवाही दिन्थे र तिनीहरु सबैमाथि ठूला अनुग्रह रहेको थियो। किनभने तिनीहरुमध्ये कसैलाई केही कुराको खाँचो पर्दैन थियो, किनकि जत्ति जना जग्गा-जमीन कि घरका मालिक थिए, तिनीहरुले ती बेचेर बिक्रीको मोल ल्याउँथे, र प्रेरितहरुका चरणमा राखिदिन्थे, र जस जसलाई जे जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँड़िदिन्थे (प्रेरित 4:33-35।

तब उहाँका नाउँमा अपमान सहनु सौभाग्यको कुरो हो भनी सम्झी तिनीहरु रमाउँदै महासभाबाट गए। औ दिने दिनै तिनीहरुले मन्दिरमा र घरमा र घरमा गएर शिक्षा दिन र येशूनै ख्रीष्ट हुन भन्ने सुसमाचार सुनाउन वन्द गरेन् (प्रेरित 5:41-42)।

बाह्र प्रेरितहरुले पछिबाट सहयोगीहरु नियुक्त गरे जसलाई तिनीहरुले विशेष कार्यभार सुम्पिदिए।

तब बाह्रैले चेलाहरुका समुहलाई तिनीहरुकहाँ बालाएर भने, 'परमेश्वरको वचन छोड़ेर मेच-टेबलको सेवा गर्न हामीलाई ठीक हुँदैन। यसकारण हे मेरा भाई हो, तिमीहरुमध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका, र नाउँ चलेका सात जना मानिस छन्, जसलाई हामी यी काममा नियुक्त गरौं। तर हामी भने प्रार्थना र प्रचारको काममा सम्पूर्ण समय दिनेछौं, यो बात समूहन्नध्येका सबैलाई भम परयो, र तिनीहरुले आत्मा र विश्वासले भरिपूर भएका स्तिफनस भन्ने, र फिलिप, प्रखुरस, निकनोर, तीमोन पर्मिनास र एन्टिओकको यहूदी मत मान्ने निकालाउसलाई छाने। (प्रेरित 6:2-5)।

यरुशलेममा भएका प्रेरितहरु र धर्मगुरुहरुले जटिल प्रश्नहरु सुने अनि निर्णय लिए।

पावल र बर्णाबास, र तिनीहरु मध्येबाट पनि कुनैलाई यस प्रश्नको विषयमा यरुशलेममा प्रेरितहरु र धर्मगुरुहरुकहाँ जानालाई नियुक्त गरे। अब मण्डलीले केहि परसम्म पुरयाएपछि...जब तिनीहरु यरुशलेममा आइपुगे, तब तिनीहरुले मण्डली, प्रेरित र धर्मगुरुहरुबाट स्वागत पाए, र परमेश्वरले तिनीहरुसंग गर्नुभएको सब कुराको बोलिबिस्तार तिनीहरुले लगाए। (प्रेरित 15:2-4)।

यो प्रश्नको उत्तर दिनुहोस् :

- निरीक्षकहरुले गर्नपर्ने प्राय: कामहरु के के हुन्?

**4. अन्यजाती मण्डलीहरुमा**

एन्टिओकमा भएको मण्डलीमा सेवा गर्ने अगमवक्ताहरु र षिक्षकहरुले प्रेरितहरुलाई नयाँ मण्डलीहरु शुरू गर्नलाई बाहिर पठाए।

एन्टिओकमा भएका मण्डलीमा कोहि अगमवक्ताहरु र शिक्षकहरु थिए...तिनीहरुले प्रभुको सेवा गरी उपवास बसेपछि पवित्र आत्माले भन्नुभयो, ''मेरो निम्ति बर्णाबास र सावललाई त्यस कामको लागि छुटयाओ, जुन कामको निम्ति मैले तिनीहरुलाई बोलाएको छु।' तब उपवास र प्रार्थना गरेर तिनीहरुले उनीहरुमाथि आफ्ना आफ्ना हात राखेर उनीहरुलाई बिदा दिए (प्रेरित 13:1-3)। जहाँ जहाँ तिनीहरुले नयाँ चेलाहरु बनाए त्यहाँ पावलले हरेक मण्डलीमा धर्मगुरुहरु नियुक्त गरे।

तिनीहरुले सुसमाचार प्रचार गरेर...घेरै चेलाहरु बनाएर...तिनीहरुलाई विश्वासमा रहिरहेर अनेक कष्ट सही

परमेश्वरको राज्यमा पस्नैपर्छ भन्ने तिनीहरुलाई उत्साह दिने गरे। अनि तिनीहरुले उनीहरुका निम्ति हरेक मण्डलीमा धर्मगुरुहरु नियुक्त गरेपछि उपवास र प्रार्थना गरेर तिनीहरुले विश्वास गरेका प्रभुको जिम्मामा सुम्पिदिए। (प्रेरित 14:21-23)

धर्मगुरुहरुले बगाल अनि आफैलाई सचेत राख्नपर्छ अनि अनि धोखा दिने ब्वाँसाहरुबाट सुरक्षित राख्नपर्छ।

तिनले (पावल) एफिससमा मानिस, पठाएर मण्डलीका धर्म-गुरुहरुलाई बोलाइपठाए। औ जब उनीहरु तिनीकहाँ आए, तब तिनले उनीहरुलाई भने...तपाईहरु आफै र पवित्र आत्माले परमेश्वरका मण्डलीमा चराउनलाई तपाईहरुलाई धर्माधिकारी तुल्याउनभएको र बगालसमेत, उहाँले आफ्नै रगतले किन्नुभएकोले होशियारी हुनुहोस्। किनभने मलाई थाहा छ, कि म भएपछि बगाललाई स्वाहा पार्ने डरलाग्दा ब्वाँसाहरु पस्नेछन्। औ तपाईहरु आफैमध्ये पनि कुनै कुनै, मानिसहरु बराल्ने कुरा बोलेर चेलाहरुलाई आफ्ना पछिपछि लैजानलाई खड़ा हुनुहुन्छेन्। (प्रेरित 20:17-18, 28-30)।

यी प्रश्नहरुका उत्तर दिनुहोस्।

- पावलले निरीक्षकहरुलाई कस्तो चेतावनी दिए?
- निरीक्षकहरुले गर्ने पर्ने अरु द्येर कार्यहरु के हुन्?

**5. मण्डलीहरुलाई लेखेको पत्रीहरुमा**

मण्डलीहरु अनि झूण्डहरुको निरीक्षकहरु, हुनलाई परमेश्वरका आत्माले कसै कसैलाई वरदानहरु दिनुहुन्छ। रामी 12 अध्याय, 1 कोरिन्थी 12 अध्याय, एफिसी 4 अध्याय, फिलिप्पी 1 अध्याय

हामीलाई दिइएको अनुग्रहअनुसारका वरदानहरु विभिन्न भएका हुनाले...अर्ति दिनेले अर्ति दिनेकाममा, दिनेले उदारिचतले देओस, शासन गर्नेले बुद्धिसित गरोस्, कृपा देखाउनले खुशीसित देखाओस। (रोमी 12:6-8)। औ परमेश्वरले कतिलाई मण्डलीमा नियुक्त गर्नुभएको छ-पहिला प्रेरितहरु, दोस्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु, त्यसपछि...नेतृत्वका रूपहरु। (1 कोरिन्थी 12:28)। उहाँलेनै कुनैलाई मण्डलीको गोठालो र शिक्षक हुनालाई, सेवाको काममा र ख्रीष्टको शरीरको स्थापन्नमा पवित्र जनहरुको सिद्धता हुनाको निम्ति नियुक्त गर्नुभयो। (एफिसी 4:11)

**स्थानिय ईसाइ संगतीमा दुइ प्रकारका कर्मचारीहरु छन्**

सिलिप्पीमा भएका ख्रीष्ट येशूमा सबै पवित्र जनहरुलाई बिशपहरु र डिकनहरु समेत : परमेश्वर हाम्रा पिता र प्रभु येशू ख्रीष्टबाट तिमीहरुलाई अनुग्रह र शान्ति मिलोस् (फिलिप्पी 1:1-2)।

तिनीहरुले इसाई समुदायको सेवा गरे अनि सट्टामा अरुहरुले तिनीहरुको सत्कार गरे।

सिनक्रियाको मण्डलीको धर्म-सेविका, हाम्री बहिनी, फिबीलाई म तिमीहरुसंग शिफारिस गर्छु। पवित्र जनहरुका योग्यताअनुसार प्रभुमा तिमीहरुले तिनलाई ग्रहण गर, र केही कुरामा तिनलाई तिमीहरुको दरकार परयो भने तिमीहरुले तिनलाई सहायता देओ, किनकि तिनी आफै घेरै जनाका र मेरो आफनैसमेत उपकारी भएकी छन्। (रोमी 16:1-2) ए माइ हो, म तिमीहरूलाई बिन्ति गर्दछु, तिमीहरुले स्तिफनसका घरानाका विषय जान्दछौ, ती अखैयाका पहिला फल हुन्, र तिनीहरुले पवित्र जनहरुका सेवाको निम्ति आफैलाई अर्पण गरेका छन्, कि तिमीहरुले पनि यस्ताहरुको, र काम सघाउने र परिश्रम गर्ने हरेकको अधिनमा आफूलाई राख (1 कोरिन्थी 16:15-16)। हाम्रा प्रिय सङ्गी-दास इप्राफास... जो हाम्रा पक्षमा ख्रीष्टका एक विश्वासी सेवक हुन् (कलस्सी 1:7)।

**यी प्रश्नहरुको उत्तर दिनुहोस् :**

- निरीक्षकहरु कसरी तिनीहरुका काममा निपुण बन्दछ?
- अनुयायीहरुले कसरी असल कारिन्दाहरु ुने विश्वसीहरुलाई चिन्न सक्छन्?

**6. पास्टरहरुलाई लेखिएका पत्रीहरुमा**

निरीक्षकहरुले परमेश्वरका वचनहरु सिकाउनलाई, सेवाकहरुको निम्ति सबै विश्वासीहरुलाई सुसज्जित पार्नलाई अनि नयाँ कारिन्दाहरुलाई प्रशिक्षण दिनलाई आफैलाई सर्म्पण गर्दछन्।

तिमी, मेरो बालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा खूब बलियो होऊ। औ द्यैरै जना गवाहीहरुका बीचमा तिमीले मसँगबाट सुनेका कुराहरु जुन हुन् तिनै अरुहरुलाई पनि सिकाउनसक्ने विश्वासी मानिसहरुलाई सुम्पिदेऊ (2 तिमोथी 2:1-2)।

**हरेक शहरहरुमा धर्मगुरुहरु नियुक्त गरिन्छन्।**

मैले तिमीलाई क्रेटमा छोड़े, कि तिमीले त्यहाँ चाँहिदो कुराहरुको सुधार गर्नु, र मैले तिमीलाई अह्राएबमोजिम हरेक शहरमा धर्म-गुरुहरु नियुक्त गर्नु...परमेश्वरको कारिन्दा झैं...(तितस 1:5-7)।

निरीक्षकहरु अनि तिनीहरुका सहयोगीहरुले डीकनहरुले निश्चित कुराहरु पुरा गर्नैपर्छ। 1 तिमोथी 3 र तितस 1 अध्याय।

यो वचन विश्वासयोग्य छ, 'यदि कुनै मानिसले बिशपको काम गर्न खोज्छन् भने, तिनले असलै कामको इच्छा गर्छन्। यसकारण बिशपहुने निर्दोष...त्यसमा पनि, अझै तिनले मण्डली बाहिरकाहरुबाट असूल नाउँ पाएका हुनुपर्छ, नत्रता तिनी निन्दा र शैतानको पासोमा पर्नेछ।

त्यसैगरी डिकनहरु पनि गम्भीर हुनुपर्दछ। थिनीहरु निष्कलङ्क छन् भने, डिकनका काम गरुन् (1 तिमोथी 3:1-10)।

हरेक शहरमा धर्म गुरुहरु नियुक्त गर्नु... जो निर्दोष छ...परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले, बिशप चाहिं निर्दोष हुनुपदेछ...विश्वासयोग्य वचनमा दृढ़ रहेर पक्का सिद्धान्तले अर्ती दिने र फटाहाहरुलाई दोषी ठहराउने दुवै होस् (तितस 1:5-9)।

ईसाइ संगीहरुले मेहनतसाथ काम गर्ने निरीक्षकलाई, जब सक्छन् भने, तिनको ज्याला दिनुपर्छ।

असल शासन गर्ने धर्म-गुरुहरु दोहोरो आदरका योग्य गनिन्छन्। विशेष गरी जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्दछन्। किनभने धर्मशास्त्र भन्छ, 'दाँई गर्ने गोरुको मुखमा महला 'नलगाउनू।' औ 'खेताला ज्यालाको योग्य हुन्छ।' (1 तिमोथी 5:17-18)। पाप गर्ने निरीक्षकहरुलाई सबैको समाने हप्काउनु पर्छ।

दुइ तीन साक्षीको मुखबाटको गवाहीबाहेक धर्मगुरुको विरुद्धमा लाएको दोष ग्रहण नगर। पाप गर्नेहरुलाई अरु सबैको सामने हप्काऊ र अरु बाँकी पनि डराउँछन् (1 तिमोथी 5:19-20)।

**यी प्रश्नहरुको उत्तर दिनुहोस् :**

- नयाँ निरीक्षक हरुलाई तिनीहरुको कामको लागि कसरी तालिम दिंदछन्?
- पूरा-समय निरीक्षक बन्नलाई के कुराको आवश्यकता पर्छ?

**7. ईसाइहरुलाई लेखिका पत्रीहरुमा**

सबै चेलाहरु निरीक्षक हुनुपर्दैन्, किनकि निरीक्षकले येशूको अनुयायीहरु प्रति उदाहरणको सेवा गर्नैपर्छ।

हे मेरा भाइ हो, हामीले ज्यादै दोष पाउनेछौं भनी जानेर धेरै जना शिक्षक नबन। किनभने धेरै कुरामा हामी चुक्तछौं (याकूब 3:1-2)।

**निरीक्षकले बिरामीको निम्ति प्रार्थना गर्दछ।**

के तिमीहरु मध्ये कोही बिरामी छ? त्यसले मण्डलीको धर्म-गुरुहरुलाई बोलाओस्, र तिनीहरुले प्रभुको नाउँमा त्यसलाई तेल घसेर त्यसको विषयमा प्रार्थना गरुन्। औ विश्वासको प्रार्थनाले बिरामीहरुलाई बचाउनेछ, र प्रभुले त्यसलाई उठाउनुहुनेछ, र यदि त्यसले पापै गरेको भए पनि त्यसलाई क्षमा हुनेछ। यसकारण तिमीहरु एउटाले अर्कोसँग आफ्नो पाप स्वीकार गर, र तिमीहरुनिको होओ भनी एउटाले अर्कोको निम्ति प्रार्थना गर। धार्मिक मानिसको निवेदनले घेर ठूलो काम हुनसक्तछ (याकूब 5:14-16)।

निरीक्षकले खुसीसाथ सेवागर्ने हुनपर्छ, लोभले होइन, बगालको उदाहरण बनेर।

तिमी धर्मगुरुहरुलाई, म पनि एक धर्म-गुरु र ख्रीष्टको शासनाको गवाही, र प्रकट हुन लागेको महिमाको सहयोगी पनि हुनेले, उपदेश दिन्छु, तिमीहरुका जिम्मामा रहेको परमेश्वरको बगालको गोठालो होओ। करले होइन, तर परमेश्वरको इच्छाबमोजिम, खुशीसाथ। पैसाको लोभले होइन, तर तयारी मनले, तिमीहरुका जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको उदाहरण होओ (1 पत्रुस 5:1-3)।

**यी प्रश्नहरुको उत्तर दिनुहोस् :**

- निरीक्षकहरुको कर्तव्यहरु के के हुन्?
- निरीक्षकको कामगर्नेलाई त्यसको उचित अभिप्राय के हो?

## व्यवहारिक अर्ती

कुनेपनि विषयमा एक निरीक्षक प्रौढ़ व्यक्ति हुनपर्छ अनि तिनको आफ्नै घर-परिवारलाई पहिले देखिनै हेर-विचार गरेको हुनपर्छ। एउटा मण्डलीलाई निरीक्षण गर्नु आफ्नै परिवारलाई डोरयाएको झैं हुन्। अविवाहित जवान मानिसलाई प्राय: सन्यान हुँदैन अनि अरुको देख-रेख गर्न पनि जान्दैनन्।

नयाँ विश्वासीहरुको नयाँ मण्डली वा झूण्डमा असल निरीक्षक कुनै एक नयाँ विश्वासी नै हुनु पर्दछ, किनभने उसले तिनीहरुलाई बुझ्दछ अनि तिनीहरुले तिनलाई आदर गर्दछ। यदपि, एउटा नयाँ विश्वासीलाई 'निरीक्षक' को उपाधी दिनु हुँदैन त्यसको सट्टा एउटा नयाँ विश्वासीलाई ''सामयिक धर्मगुरु'' वा ''सिकारू निरीक्षक'' भने हुन्छ जबसम्म उसले उसले आफैलाई प्रमाणीत गर्दैन अनि विश्वासीहरुले उसमाथि भरोसणिगर्न लाग्दैनन्।

हरेक अस्थायी निरीक्षकको निम्ति एक प्रशिक्षक हुनपर्छ जसले तिनलाई सिकाउन सक्दछ। एउटा प्रशिक्षक आफै पनि एक अनुभवी निरीक्षक हुन पर्दछ। प्रशिक्षकले शिकारु निरीक्षकलाई लगातार भेट गर्नु पर्छ, अनि यी कुराहरु गर्नपर्छ।

- उसको मण्डली अनि झूण्डमा अहिले के को खाँचो छ त्यसको प्रतिवेदन तिनीवाट सुन्ने।
- उसको मण्डली र झूण्डलाई कसरी मदद गर्ने भनी योजना तयार पार्नमा सहयोग दिने।
- उसलाई बाइबलबाट सिकाउने
- उसको मण्डली र झूण्डको खाँचोहरुलाई पुर्ती गर्नमा सहयोग दिनलाई एउटा पाठ तिनलाई गर्नलाई दिने।

- तिनले पुरागरेको पाठमाथि ध्यान दिने, वा त्यसबारे तिनीसित बातचित गर्ने।
- शिकारू निरीक्षकले सिक्न पर्ने नयाँ कौशलहरु मिलेर अभ्यास गर्ने।
- शिकारू निरीक्षकहरुको निम्ति अनि तिनका मण्डलीमा भएका जनहरुको निम्ति प्रार्थना गर्ने।
- समस्याहरुमा द्येर समय नफाल्ने। नयाँ मण्डलीमा बृद्धि गराउने नयाँ गतिविधिहरु वा सेवकाइहरुसित सदा व्यवहार गर्ने।

एउटा निरीक्षकले प्रशिक्षण आरम्भ गरेपछि एउटा मण्डलीवा झूण्डको निरीक्षण गर्न लाग्दछ, तिनले अर्को शिकारू निरीक्षकहरुको तालिम प्रारम्भ गर्नसक्छन। प्रशिक्षकले नयाँ शिकारूलाई जुन तालिम दिन्छन् त्यसको निम्ति सामग्रीहरु र सल्लाहको प्रबन्ध गर्नुपर्नेछ। यसरी, एउटा निरीक्षकले अर्को शिकाए निरीक्षकलाई प्रशिक्षण दिएर नयाँ मण्डली वा झूण्डहरु शुरू गर्नसक्ने छ। यो उपयोगी कार्यक्रमलाई ''तालिम र गुणा'' भन्ने सामग्रीहरुले मदद गर्न सक्नेछ। तपाईको भाषामा यस कार्यक्रमबारे सोध्नलाई।pwr@lrainandmultiply.com लाई लेख्नुहोस्।

एउटा निरीक्षकले एक वर्षको तालिम पाइसके पछि, उसको मण्डली वा आमा मण्डलीले तिनीमाथि हात राखेर तिनलाई एक निरीक्षक, पास्टर वा धर्मगुरु भनी बोलाउन सक्छन्। यसरी नियुक्ती गर्नेलाई कहिले कहिं ''दीक्षा'' (Ordination) पनि भन्दछ। यदि तपाईले यसलाई दीक्षा (Ordination) भन्नुहुन्छ भने पक्का गर्नुहोस् कि यसमा केवल नयाँ नियमको दरकार छ। मानिसको खाँचोहरु थप गरेमा नयाँ मण्डलीको उन्नती अनि ख्रीष्टलाई पालन गर्नमा थियोमिचो घर्नेछ।

सबै मानिसहरु बाइबल स्कूल जानभन्दा अघि तिनीहरुले एउटा नयाँ मण्डली शुरू गर्नपर्छ, त्यसको निरीक्षण गरेर अर्को मण्डली शुरू गर्नमा सहयोग गर्नुपर्छ।

यदि एउटा निरीक्षकलाई ज्याला दिनलाई मण्डली सक्षम भएका छन् भने, तब सदस्यहरुले दशवाँ अंश अनि भेटीहरु उठाएर निरीक्षकको वेतन दिऊन्। जुन निरीक्षकले वेतन लिदछ तिनले पूरा-समय कामगर्नै पर्छ अनि अरु अन्य धन्धा वा कार्यमा लाग्नु हुँदैन।

## निरीक्षकहरुलाई खतरा

कहिले कहिं एउटा निरीक्षकले ईसाइ संगतीमा केहि मूल गरी पठाउँछ। निरीक्षकले परिक्षालाई जित्नलाई परमेश्वरको मदद माँग्नैपर्छ। निरीक्षकको केहि साद्यारण पापहरु यिनै हुन्:

1. निरीक्षकले चेलाहरुलाई आफ्नै पछि लैजान सक्छन्।

बगाललाई स्वाहा पार्ने डरलाग्दा ब्वासाहरु पस्नेछन्। और तपाईहरु, आफै मध्ये पनि कुनै कुनै, मानिसहरु बराल्ने कुरा बोलेर चेलाहरुलाई आफ्ना पछि पछि लैजानलाई खड़ा हुनेछन् (प्रेरित 20:29-30)।

2. निरीक्षकहरु पापमा पक्रापर्ने छन्

दुइ-तिन साक्षीको मुखबाटको गवाहीबाहेक धर्म-गुरुको विरुद्धमा लाएको दोष ग्रहण नगर। पाप गर्नेलाई अरु सबैको सामने हप्काऊ, र अरु बाँकी पनि डराउँछन्। तिमीले यी कुराहरु विना पक्षपात कसैको ओड़ नलीगीकन गर्नलाई म परमेश्वरका ख्रीष्ट येशूका र चुनिएका स्वर्गदूतहरुका दृष्टिका सामने तिमीलाई कड़ा आज्ञा दिन्छु। कुनै मानिस माथि झट्टै हात राखेर, अरु मानिसहरुका पापमा सहभागी नहोऊ। आफूलाई पापबाट अलग राख (1 तिमोथी 5:19-22)।

3. निरीक्षक पैसाको लोभी बन्न सक्छ।

तिमीहरुका जिम्मामा रहेको परमेश्वरको बगालको

गोठालो होओ। करले होइन, तर परमेश्वरको इच्छाबयोजिम, खुशीसाथ। पैसाको लोभले होइन, तर तयारी मनले (1 पत्रुस 5:2)।

**4. निरीक्षकले अधिक अधिकार जमाउन सक्ला।**

तिमीहरुका जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको उदाहरण होओ (1 पत्रुस 5:3)।

**5. निरीक्षकहरु ज्यादै प्रभावशाली बन्ने कोशिष गर्नसक्ला।**

मैले भण्डलीलाई केही लेखेथें, तर तिमीहरुमा ठूलो हुनखोज्ने डियोत्रिफसले हामीलाई ग्रहण गर्दैनन्। यसकारण म आएँ भने, त्यसले कुवचनले हाम्रा विरुद्ध बोलेर गरेको औ त्यत्तिले पनि सन्तोष नभएर भाइहरुलाई पनि ग्रहण नगरी, ग्रहण गर्ने इच्छा गर्नेहरुलाई पनि रोकेर मण्डलीबाट निकालिदिएका कुराहरुको सम्झना म गराउनेछु (1 यूहन्ना 1:9-10)।

**यी प्रश्नहरुको उत्तर दिनुहोस् :**

- एउटा निरीक्षक भएर तपाईले के के गर्ने प्रयास गर्नु हुँदैन?
- यदि एउटा निरीक्षकले असल व्यवहार गर्दैनन् भनेदेखि तपाईले के गर्नुपर्छ?

## कथा जारी राख्ने

श्री विश्वासीले श्रीमान प्रशिक्षकलाई भन्दछ, ''अच्छा-त्यो निरीक्षकले प्रभुका जनहरुको हरेचाह गर्दछ। त्यसोभए, मैले पनि निरीक्षकको काम कसरी प्रारम्भ गर्ने?''

श्रीमान प्रशिक्षकले श्री विश्वासीलाई जवाब दिन्छन्, ''अच्छा म सित केहि व्यवहारिक काम गर्नुछ। त्या सलाई एक एक गरी कसरी गर्ने हामी मिलेर योजना बनाऔं।''

## व्यवहारिक काम

- एक निरीक्षकको व्यक्तिगत गुणहरुको तालिका बनाउने अनि परमेश्वरले तपाईलाई मदद गरुन् भनी प्रार्थना गर्ने।
- परमेश्वरले चाहनु भएको, मण्डलीले गर्नुपर्ने, तपाईले निरीक्षण गर्नेपर्ने समूर्ण कार्यहरु र गतिविधिहरुको योजनाहरु बनाउने। त्यसमा यी समावेश हुनै पर्छ:

—समस्याहरु हल गर्ने,

—सदस्यहरुमाझ अनि अरु मण्डलीहरुसित संगती कायम राख्ने,

—स-साना झूण्डहरु बनाउने जसमा कि प्रत्येकले भाग लिन पाउनेछन् अनि एउटाले अर्कोको सेवा गर्न सक्नेछन्।

—छोरी मण्डलीहरु र झूण्डहरु शुरू गर्ने।

—नयाँ मण्डलीहरु र झूण्डहरुमा नयाँ नेताहरुलाई प्रशिक्षण दिने।

- निरीक्षकहरुको बारेमा तपाईको मण्डली र झूण्डलाई यो सानो किताबमा भएको बाइबलका अंगशहरुलाई प्रयोग गरी सिकाउने।
- निरीक्षकहरु हुनको निम्ति प्रशिक्षण दिनलाई तपाईले जसलाई इच्छा गर्नुभएको छ ती मानिसहरुलाई तपाईको मण्डलीमित्रबाट चुन्ने।

## समाप्ति

यदि हरेक जसले बुद्धिमानी र प्रेमको साथमा उहाँका मण्डलीहरु र झूण्डहरुको निरीक्षण गर्दछ तिनीहरुलाई प्रभु येशूले इनाम दिनुहुन्छ। उहाँले जसलाई निरीक्षक बन्नलाई बुलाहट दिनुहुन्छ त्यसलाई परमेश्वरको पवित्र आत्माले विशेष योग्यता प्रदान गर्नुहुन्छ।

एउटा निरीक्षक भएको हुनाले तपाईले मण्डलीलाई परमेश्वरलाई अनि एकले अर्कोलाई प्रेम गर्नमा, परमेश्वरको वचनहरु प्रशिक्षण दिनलाई अनि नयाँ झूण्डहरु स्थापन्न गर्नलाई मदद गर्नसक्नु हुन्छ।